# बुद्ध र उहाँको शिक्षा
## बुझ्नैपर्ने केही कुराहरु



महेन्द्रकुमार शाक्य

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# बुद्ध र उहाँको शिक्षा
# बुझ्नैपर्ने केही कुराहरु

Dhamma.Digital

**महेन्द्रकुमार शाक्य**

(लुम्बिनी बौद्ध विश्वविद्यालयमा विद्यावारिधि गर्दै)

चैनपुर, संखुवासभा

हाल : नागार्जुन-२, सानोभर्‍याङ, काठमाडौं ।

फोन : (०१) ४८९०४८३, ९८४१४७१९६६

**Email: shakyamahendra@hotmail.com**

Downloaded from http://www.dhamma.digital

प्रथम संस्करण : २०६८ फाल्गुण पूर्णिमा

प्रकाशक : रत्नलाल थकाली

प्रकाशित प्रति : १०००

द्वितीय संस्करण (परिमार्जन सहित) : २०७८ बैशाख पूर्णिमा

प्रकाशित प्रति : १०००

सर्वाधिकार : लेखकमा सुरक्षित

आवरण : रेबिका शाक्य ।

मुद्रक : डंगोल प्रिन्टर्स, कलंकी, काठमाडौं

*यो पुस्तक धर्मदानको उद्देश्यले प्रकाशित गरिएको हो । बिक्रीका लागि होइन ।*

Downloaded from http://www.dhamma.digital

# मन्तव्य

बिगत तीन दशकदेखि त्रिपिटकका विभिन्न सूत्रहरूको अध्ययन गरी बुद्ध र बुद्धको शिक्षाबारेमा बुझ्ने राम्रो अवसर प्राप्त भए तापनि यसरी पुस्तक लेख्ने सोंच भने बनाएको थिइन । बुद्ध जन्मेको देश र बुद्धकै शाक्य कुलमा जन्मिएर पनि मैले कक्षा १० पढ्दासम्म बुद्धसम्बन्धी एक-दुई पेजको केही लेखभन्दा बढी अध्ययन गर्ने मौका पाएको थिइनँ । बुद्ध धर्मावलम्बी भनिए तापनि हिन्दू संस्कारमा हुर्किएको कारणले गर्दा बुद्धलाई बिष्णुको नवौं अवतार अथवा राजा शुद्धोधनको छोराभन्दा माथि बुझ्न सकेको थिइनँ । लगभग यस्तै अवस्था अरू धेरै नेपाली पाठक बुद्धिजीबीहरूको पनि पाएको छु । लुम्बिनी विश्वविद्यालयका डीन तथा बौद्ध विद्वान् डा शंकर थापाले पनि नेपालमा धेरै कमलाई मात्रै बुद्धको इतिहास र उहाँले के शिक्षा दिनुभयो भन्ने थाहा भएको कुरो उल्लेख गर्नुभएको छ । आफूलाई गर्वले "बौद्ध" भनेर चिनाउनेहरूले पनि वास्तवमा बुद्ध धर्मका सिद्धान्त बुझ्दै-नबुझेको कुरा पनि यहाँ चर्चायोग्य छ ।

यसै कमीलाई मध्येनजर गरेर मैले यस संक्षिप्त पुस्तकमा पाठकहरूलाई बुद्ध र उहाँको शिक्षा बुझ्न सजिलो हुनेगरी उहाँको संक्षिप्त जीवनीसहित उहाँको शिक्षासम्वन्धी विविध विषयहरू समेट्ने कोशिश गरेको छु । मेरो यस पुस्तकमा सूत्रपिटकमा रहेका बुद्धका उपदेशहरू र जातक कथाहरूको अध्ययनबाट मैले आफूले बुझेको बुद्ध र उहांको धर्म र मलाई असाध्य मन परेका सूत्रहरू, जस्तै दीर्घनिकायको श्रामण्यफल सूत्र, अङ्‌त्तर निकायबाट कालमो सूत्र, धम्मपदका केही रोचक गाथाहरू र बुद्धको समयमा घटेका रोचक घटना र कथाहरूलाई समेट्ने प्रयास गरेको छु । यसबाट बुद्ध र उहाँको शिक्षालाई बुझ्न पाठकहरूलाई सहयोग पुगेछ भने मेरो र मलाई यसरी पुस्तक लेख्न उत्साहित गर्ने मेरी जीवनसंगिनी अञ्जली दुबैका प्रयास सफल भएको ठान्नेछौं । यसमा केही कुराहरू मात्र मेरा आफ्नै मौलिक विचार हुन् भने धेरै चाहिं सूत्रपिटकका विभिन्न ग्रन्थहरू, उत्तर प्रदेश सरकारद्वारा प्रकाशित "उत्तर



Downloaded from http://www.dhamma.digital

प्रदेशमे बौद्ध धर्मका विकास" विशुद्धि मार्ग र बुद्ध दर्शन सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रकाशनहरूको सहारा लिई प्रस्तुत गरेको छु ।

बुद्ध धर्म सबै जाति र वर्गको लागि समान छ । शील, समाधि र प्रज्ञाको अभ्यास गरी ब्रह्मचर्यबास पूर्ण गरेपछि बिना कुनै भेदभाव सबै जाति र वर्गका जो कोहीलाई पनि मुक्तिलोकभित्र प्रवेश गर्न कसैले पनि रोक्न सक्तैन । बुद्धको समयदेखि अहिलेसम्म पनि सबै जाति र वर्गका मानिस बुद्धको शिक्षाबाट लाभान्वित भएका छन् । उहाँले बुद्धत्व प्राप्त गर्नु भएपछि सबभन्दा पहिले पाँचजना ब्राह्मणहरूलाई शिक्षा दिनु भएको थियो । जो पछि पञ्चवर्गीय भिक्षुको नामले प्रसिद्ध भए । बुद्धको शिक्षाबाट सर्वप्रथम निर्वाण प्राप्त गर्ने सौभाग्य पाउने कौडण्य पनि बेद् पारङ्गत्, ब्राह्मण थिए । उनले सिद्धार्थको न्वारानको समयमा एउटामात्रै औंला उठाएर राजकुमार सिद्धार्थ 'बुद्ध' नै हुने ठोकुवा गरेका थिए । बुद्धका प्रथम र द्वितीय अग्रश्रावकहरू क्रमशः सारिपुत्र र मोग्गलान पनि ब्राह्मण समुदायबाटै थिए । बुद्ध आफै पनि क्षेत्रीय कुलबाट हुनुहुन्थ्यो र थुप्रै क्षेत्रीय राजकुमारहरू, व्यापारीहरू, शुद्र जातिकाहरूले पनि बुद्धको शिक्षा ग्रहण गरी मुक्ति प्राप्त गरेका थिए । उपाली स्वयम् नाई थिए, तर पछि उनलाई बुद्धले विनयधरहरूमा सर्वश्रेष्ठ घोषित गर्नुभयो । यसबाट पनि बुद्धको शिक्षा सबै जाति र वर्गको लागि समान रहेको बुझ्न सकिन्छ । तर अहिले आएर नेपालमा यो धर्मलाई एउटा सीमित जातिको धर्मको रूपमा हेरिएको छ । यसरी कुनै जाति वा सम्प्रदायको धर्मको रूपमा हेरिएको कारण अहिले बौद्धिक समूह बुद्धको शिक्षा पढ्ने वा सुन्ने मौका पाए तापनि यो हाम्रो जातिको धर्म होइन भन्ने सोचाइको कारण यसबाट लाभान्वित हुन सकिरहेका छैनन् ।

बुद्धको शिक्षामा ध्यानको असाध्यै ठूलो महत्व छ । ध्यान मानिसकै लागि विकास गरिएको एउटा छुट्टै विधा र अलौकिक संसार हो । तर ९९ प्रतिशतभन्दा बढी मानिसहरू ध्यान के हो भन्ने थाहा नै नपाई जीवन गुजार्छन् । उनीहरूलाई यसबारे कुनै पश्चाताप पनि हुँदैन । जसरी हाम्रा बुवा हजुरबुवाहरूको जीवन अंकगणितको सीमित ज्ञानबाट चल्यो ।



Downloaded from http://www.dhamma.digital

बीजगणित, ज्यामिति आदिको उहाँहरूलाई कुनै खाँचो परेन । न त त्यस्ता अनेकथरी गणितको ज्ञानबिनै रहनु परेकोमा कुनै पश्चाताप नै भयो उहाँहरूलाई । गणितको क्षेत्रमा बीजगणितको छुट्टै संसार छ । यो बुझेका उहाँहरूको नाती नातिनीहरूलाई मात्रै थाहा हुन्छ कि उनीहरूको बुवा हजुरबुवाको गणितको ज्ञान अधुरो थियो भनेर । त्यसरी नै ध्यानबिना बाँचेकाहरूको जीवन कति अधुरो हुन्छ र उनीहरूको जीवनमा कति ठूलो कुरा छुटेको छ भन्ने ध्यान गरेका र ध्यानको महत्व बुझेकाहरूलाई मात्र थाहा हुन्छ ।

हिन्दू धर्मले बुद्धलाई नारायणको नवौं अवतार मानेको छ । बौद्ध ग्रन्थहरूमा यसरी अवतार भनेर कहीं कतै उल्लेख भएको पाइँदैन, न त बुद्धले कहिल्यै आफूलाई कुनै देवता अथवा ब्रह्मा बिष्णु कसैको अवतार भनेर भन्नु नै भयो । तर यसलाई सकारात्मक रूपमा लिने हो भने नवौं अवतार मानेको कारण अब हिन्दू धर्मका अनुयायीहरूले पनि बुद्धको शिक्षा अध्ययन गरी लाभान्वित हुनुपर्छ ।

हाम्रो देशको सम्पूर्ण हिमाली क्षेत्रमा भगवान बुद्धप्रति अपार श्रद्धा छ । तर धर्म-ग्रन्थहरू सबै तिब्बती भाषामा रहेको कारण बुद्धको शिक्षा सर्वसाधारणको पहुँचभित्र छैन । यस पुस्तकले भाषाको कारण भएको असहज अवस्थामा सुधार ल्याएर सर्वसाधारणलाई बुद्धको शिक्षा बुझ्न सहयोग पुगेछ भने हाम्रो प्रयास सफल भएको ठान्नेछौं ।

बुद्ध उत्पन्न हुनुभएको समयमा नेपाल र भारत विभिन्न स-साना राज्यहरूमा बिभाजित रहेको कुरा उहाँको अस्थीधातु आठ राज्यका राजाहरूबीच भागबण्डा भएकोबाट थाहा हुन्छ । यसरी त्यसबेला कपिलवस्तु राज्यअन्तर्गत पर्ने बुद्धको जन्मस्थल लुम्बिनी अहिले नेपालको रूपन्देही जिल्लामा पर्दछ । त्यस्तै उहाँले बुद्धत्व प्राप्त गर्नु भएको स्थान बुद्धगया, सर्वप्रथम धर्म उपदेश (धर्मचक्र प्रवर्तन्) गर्नुभएको स्थान सारनाथ, र महापरिनिर्वाण प्राप्त गर्नु भएको स्थान कुशीनगर अहिले भारतभित्र पर्दछ । नेपालमा जन्मेका बोधिसत्व सिद्धार्थले भारतको बुद्धगयामा बोधी ज्ञान प्राप्त गरिसकेपछि ४५ वर्षसम्म नेपालको दक्षिणी तराई, भारतको बिहार र उत्तर प्रदेश



Downloaded from http://www.dhamma.digital

राज्यभित्रको क्षेत्रलाई नै आफ्नो धर्म प्रसारको मुख्य थलो बनाउनुभएको पाइन्छ । यसरी त्यस समयमा नेपालको दक्षिणी तराई, भारतको बिहार र उत्तर प्रदेश राज्यभित्रको क्षेत्रले बुद्धभूमिको गौरब प्राप्त गर्ने अवसर पाएको थियो । आज श्रीलंका, बर्मा, थाइल्याण्ड, जापान आदि दक्षिण-पूर्वी एसियाका देशहरूमा बुद्धको शिक्षाबाट शान्ति र सम्वृद्धि दुबै फस्टाइरहेको छ । तर हाम्रो देश र छिमेकी देश भारतले बुद्धको शिक्षाबाट जति लाभ लिन सक्थे त्यो लिन सकिरेहेका छैन ।

मौर्य सम्राट अशोकले आफ्नो राज्याभिषेकको बीसौं वर्षमा अर्हत भैसक्नुभएका आफ्ना गुरू भिक्षु उपगुप्तको साथमा नेपाल आएर बुद्धको जन्मस्थल लुम्बिनीमा स्तम्भ राख्नुका साथै त्यहाँका जनताहरूलाई करमुक्त गर्नुभएको थियो । त्यस्तै गरेर उहाँले काठमाडौं उपत्यकामा बुद्धको अस्थीधातु राखेर चार साना र एउटा ठूलो गरी पाँचवटा चैत्य बनाउनुभएको थियो, जो अहिलेसम्म पनि यथावत् छन् । भारतवर्षका अति व्यस्त सम्राट यातायातका कुनै पनि विकसित साधनहरू नभएको समयमा महिनौं वा बर्षौं लगाएर हजारौं सुरक्षाकर्मीहरूसंग नेपाल आई स्तम्भ र चैत्य निर्माण गराउनुभएबाट बुद्ध धर्मको त्यसबेला कस्तो महत्व थियो भनेर आंकलन गर्न सकिन्छ । अहिले बुद्ध परिनिर्वाण भएको २६०० वर्ष भन्दा धेरै भैसकेको छ । बुद्धको महापरिनिर्वाण भएको मात्र दुइ शताब्दी पछि सम्राट बनेका विशाल भारतवर्षका महान सम्राटबाट ठूलो धनराशि खर्च गरी बहुजनको हित सुखको लागि ८४ हजार स्तुप (चैत्य) हरू निर्माण गरी देखाउनुभएको समर्पणबाट बुद्ध र बुद्धको शिक्षा प्रति उहाँको श्रद्धा कति महान थियो भनेर बुझ्न सकिन्छ । सम्राट अशोकबाट बुद्ध धर्मप्रति किन त्यत्रो समर्पण भयो ? बुद्धको शिक्षामा उहाँले त्यस्तो के पाउनुभयो ? आउनुहोस्, हामी पनि आफ्नो जीवनको केही समय बुद्ध र उहाँको शिक्षा पढ्न र बुझ्नमा खर्च गरौं ।



Downloaded from http://www.dhamma.digital

# दोश्रो संस्करणबारे केही कुरा

२०७५ साल चैत्र २३ र २४ मा धर्मोदयसभाको आयोजनामा लम्जुङ्गको सदरमुकाम बेशीशहरमा सम्पन्न भएको १२ औं राष्ट्रिय बौद्ध सम्मेलनमा सहभागि हुने अवसर मिल्यो । सम्मेलनमा स्थानियहरूको सहभागिता विशेष गरेर बुद्धको मुर्ती सहित बजार परिक्रमा गर्नेक्रममा स्थानियहरूको विशाल उपस्थिति देखेर बुद्ध र उहाँको शिक्षा सरल भाषामा सर्वसाधारणको पहुँचमा ल्याउन आवश्यक भएको महसुस भयो । मेरा प्रकाशित पुस्तक "बुद्ध र उहाँको शिक्षाः बुझ्नै पर्ने केही कुराहरू" लाई परिमार्जन गरी पुस्तकको प्रारूप तैयार भयो । पुस्तकलाई सर्वसाधारणको पहुँचभित्र ल्याउन भाषालाइ सरल बनाउनुको साथै पुस्तकमा रहेका अशुद्धीहरूलाई हटाउन सहयोग गरिदिनु भएकोमा आदरणीय दाइ, भरत कुमार शाक्यलाई साधुवाद ।

पुस्तक प्रकाशनको लागि दाताको खोजीमा रहेको बेला मेरा सहकर्मी मित्र तिलक बहादुर ढकालबाट दाता नखोजौं, हामी विश्व वन्यजन्तु कोषसंग सम्बन्धित साथीहरु मिलेर प्रकाशन गरौं भन्ने प्रस्ताव आयो तर कोभिड १९को कारण त्यसरी रकम संकलन गर्न सम्भव भएन । प्रकाशनको काम लगभग एक वर्ष त्यसै रह्यो र अहिले स्वदेश तथा विदेशमा रहेका मित्रहरू, दाईहरू र आफन्तहरूको सहयोगमा यो कार्य अगाडि बढेको छ । यसकार्यमा आर्थिक सहयोग गर्नुहुने मेरा मित्रहरू Jinyu Tang (Australia), कृष्ण प्र. राई (England), तिलक बहादुर ढकाल (नुवाकोट), डा. छेवाङ नाम्गेल लामा (सोलुखम्बु), दाईहरू प्राध्यापक कविराज नेउपाने (USA), पृतम गुरूङ्ग (Switzerland), डा. कृष्ण शाक्य (Canada), र भाईहरू महेश शाक्य (The Comfort Housing), मोहन कुमार शाक्य (प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मंत्रालय, प्रदेश नं. १), नेत्र विशेषज्ञ डा. अश्विन थकाली (जोमसोम), मामा हेरारत्न शाक्य (लगनखेल), दिदी भेनाज्यु प्रकाश चन्द्र शाक्य (भोजपुर), विश्व वन्यजन्तु कोष, नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरूङ्ग र मेरी


Downloaded from http://www.dhamma.digital

जीवन संगिनी अञ्जली थकाली सबैमा साधुवाद । पुस्तकको ढाँचा रूपांकन गरिदिनु हुने श्री मोहन राज हाडा र पुस्तक मुद्रण गरिदिनु हुने डंगोल प्रिन्टर्सलाई धन्यवाद दिन चाहन्छु ।

बुद्धको शिक्षा सर्वसाधारणको पहुँचमा पुऱ्याउने उदेश्य रहेको यस पुस्तकको आवरणमा धर्मचक्र प्रवर्तनकै चित्र राखौं भन्ने तिलकजीको प्राज्ञ सुझावको लागि पनि साधुवाद । पुस्तकको आवरण चित्र बनाउन सहर्ष स्वीकार गरी चित्र तैयार गरीदिनु भएकोमा लुम्बिनी बौद्ध विश्वविद्यालयमा पौभा चित्रमा विद्यावारिधि गरिरहनु भएकी सहपाठी बहिनी रेबिका शाक्यप्रति आभार व्यक्त गर्न चाहन्छु । सधै झै बुद्धको शिक्षा सर्वसाधारणको पहुँचमा ल्याउने कार्यमा प्रेरणाको श्रोत बनेकी मेरी जीवन संगिनी अञ्जली थकालीमा पनि साधुवाद ।

भवतु सब्ब मंगलम् !

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# विषय सूची


| | |
|---|---|
| मन्तव्य | क |
| दोश्रो संकरणबारे केही कुरा | ङ |
| बुद्धको संक्षिप्त जीवनी | १ |
| बुद्ध को हुनुहुन्छ ? | १ |
| गौतम बुद्धको बोधिचर्या | ३ |
| बोधिसत्वको गर्भ प्रवेश | ६ |
| बोधिसत्वको जन्म | ७ |
| असित ऋषि | ९ |
| बोधिसत्वको नामाकरण र ब्राह्मणहरूको भविष्यवाणी | ११ |
| रोपाई महोत्सव | १२ |
| राजकुमार सिद्धार्थको विवाह | १३ |
| चार दृष्य र महाभिनिष्क्रमण | १३ |
| राजा बिम्बिसारसंग भेट | १५ |
| पञ्चवर्गीय भिक्षु | १५ |
| बोधिसत्वको कठिन तपस्या | १६ |
| सुजाताको खीर दान | १७ |
| मारसेनामाथि विजय र बुद्धत्व प्राप्ति | १८ |
| बुद्धको पहिलो सात सप्ताह | १९ |
| धर्मचक्र प्रवर्तन | २० |
| यश कुमारको प्रबज्या | २२ |
| काश्यप जटिलको प्रवज्या | २५ |
| राजा बिम्बिसारलाई उपदेश | २६ |
| सारिपुत्र र मौदगल्यानको संघमा प्रवेश | २७ |
| बुद्धको कपिलवस्तु आगमन | २९ |




Downloaded from http://www.dhamma.digital

कपिलपुरमा भिक्षाटन ३१
अनाथपिण्डिक ३४
आलवक यक्ष त्रिरत्नकोशरणमा ३७
बुद्धको अन्तिम यात्रा ३८
बुद्ध धर्मका मौलिकताहरू ४६
१. ब्रह्माण्डमा अविनाशी शक्तिको अस्तित्वलाई स्वीकार नगर्नु ४६
२. मुक्तिको लागि आफैं प्रयत्न गर्नुपर्छ । ४८
३. अविनाशी आत्माको अस्तित्व स्वीकार नगर्नु ५१
४. ब्रह्माण्डको परिभाषाभित्र अनगिन्ती सौर्यमंडलको स्थानः ५४
५. अन्धविश्वासको कुनै स्थान नहुनु (कालामो सूत्र) ५५
६. मध्यम मार्ग ५६
धर्मके हो ? के होइन ? ५७
धर्म के हो ? ५८
धर्म र अन्धविश्वास ६०
धर्ममा जवाफदेहिता ६१
बलि एक कुप्रथा ६२
धर्म र कर्मकाण्ड ६४
कर्म र मानव विविधता ६७
मृत्युसत्य (बुद्धकालिन कथा) ७४
मृत्युपर्यन्त मानिसहरूको गति ८१
उज्यालोबाट उज्यालोतिरै जाने ८१
उज्यालोबाट अँध्यारोतिर जाने ८१
अँध्यारोबाट उज्यालोतिर जाने ८२
अँध्यारोबाट अँध्यारोतिरै जाने ८३
मृतक र यमलोकको प्रसंग ८४
चतुआर्य सत्य र यसको महत्व ८७



Downloaded from http://www.dhamma.digital

आर्यअष्टाङ्गिक मार्ग ८९
धम्मिक सूत्र (गृहस्थी धर्म) ९०
दान ९०
शील ९२
मांसहार ९४
ध्यान ९८
चंक्रमण (Walking meditation) ९९
सत्संगत १००
राजा अजातशत्रु र श्रामण्यफलसूत्र १०२
संगतगुनाको फल १०२
श्रामण्यफल सूत्र १०५
शील १०८
समाधि ११२
प्रज्ञा ११५

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बुद्धको संक्षिप्त जीवनी

**बुद्ध को हुनुहुन्छ ?**

बुद्धका आफ्नै शब्दमा

*अभिञ्ञेय्यं अभिञ्ञातं भावे तब्बं च भावितं*
*पहातब्बं पहीनं मे, तस्मा वुद्धो'स्मि व्राह्मण ॥*

(सुत्तनिपात ३,७ पृष्ठ १५२)

(सम्पूर्ण ब्रह्माण्डबारे) जान्नपर्ने सबै जानिसकें, अभ्यास गर्नुपर्ने भावना गर्नुपर्ने (सबै कुसल कुराहरू) सबै गरिसकें, त्याग्नुपर्ने (खराब विचार, आचरण) सबै त्यागि सकें । त्यसैले हे ब्राह्मण ! म बुद्ध हुँ ।

विद्याधर आचार्य राणा रिम्पोचेका अनुसार अध्यात्मको चरम् शिखरमा पुगेको व्यक्तिलाई बुद्ध भनिन्छ । बुद्ध कुनै ईश्वर परमेश्वरको अवतार होइनन् । उहाँले कहिलै पनि आफूलाई कुनै ईश्वर परमेश्वर वा देवता कसैको अवतार भन्नु भएको छैन, मात्र पथप्रदर्शक, देवता र मनुष्यहरूको गुरू भन्नुभएको छ ।

"मानिस पूर्ण हुन सक्तैन (Man can never be perfect)" भनेर हामीले सानो छँदा देखि सुन्दै आएका छौ । तर बौद्धहरू विश्वास गर्छन् कि (Buddha was perfect) बुद्ध पूर्ण हुनुहुन्थ्यो, सर्वज्ञ हुनुहुन्थ्यो, विद्या आचरण सम्पन्न र ब्रह्माण्डविज्ञ (लोकविद्), सुगत, पुरूषहरूलाई दमन गर्ने अनुपम सारथी र देवमनुष्यहरूको गुरू हुनुहुन्थ्यो । बुद्धधर्ममा तीन किसिमका बुद्धहरूको उल्लेख


Downloaded from http://www.dhamma.digital

भएको पाइन्छ । सम्यक सम्बुद्ध, प्रत्येक बुद्ध र श्रावक बुद्ध । तर साधरणतया बुद्ध शब्दले हामी सम्यक सम्बुद्ध भन्ने बुझ्द्छौं ।

बौद्ध धर्मावलम्वीहरू बिश्वास गर्छन् कि गौतम बुद्धभन्दा पहिले पनि धेरै बुद्धहरू उत्पन्न भएका थिए र पछि पनि उत्पन्न भैरहने छन् । यस कल्पलाई भद्रकल्प भनिन्छ । एउटै कल्पमा पाँचजना बुद्ध उत्पन्न हुने भएकोले भद्रकल्पलाई सबभन्दा राम्रो कल्प मानिन्छ । अहिले शाक्यमुनि बुद्धको शासन चलिरहेको छ । उहाँभन्दा पहिले यसै कल्पमा ऋकुछन्द, कनकमुनि, काश्यप बुद्धहरू उत्पन्न भैसक्नु भएको छ र अब भविष्यमा मैत्रीय बुद्ध उत्पन्न हुने भनिएको छ ।

बुद्धको उत्पत्ति दुर्लभ मानिन्छ । अधिकांश कल्पहरू बुद्ध बिनाको शून्यकल्प[१] हुने र कहिलेकाहीं एक असंख्य[२] कल्पसम्म पनि बुद्ध उत्पन्न नहुने भएकैले बुद्धको उत्पत्तिलाई दुर्लभ भनिएको हो । सबै प्राणीहरूमा बुद्ध बन्नसक्ने क्षमता हुन्छ भनिए तापनि बुद्ध बन्ने कार्यलाई सबभन्दा दुष्कर मानिन्छ । यो कठिनभन्दा कठिन हुन्छ । यसको लागि दश पारमिता, दश उपपारमिता र दश परमत्थ पारमिता गरी ३० पारमिताहरू पूर्ण गर्नु पर्ने हुन्छ । पारमिताहरू पूर्ण गर्न एउटा दुइटा जन्म जन्मिएर पुग्दैन यसको लागि सयौं जन्म जन्मिएर त्याग, पराक्रम र बलिदान गर्नुपर्ने हुन्छ । यसरी बोधि प्राप्तिको लागि पारमिता पूर्णगर्दै अगाडि बढेको सत्व(प्राणी)लाई बोधिसत्व भनिन्छ । गौतम बुद्धले दीपंकर बुद्धको चरणकमलमा बुद्धत्वको कामना गरेदेखि लगातार ५०० भन्दा बढी जन्म बोधिसत्वको रूपमा जन्मिएर आफ्नो शरीरको मासु दान दिने,

१ बुद्ध उत्पन्न नहुने कल्प
२ एकको पछाडि एकसय चालिस वटा सुन्ना राख्दा एक असंख्य हुन्छ ।



Downloaded from http://www.dhamma.digital

छोरा छोरी, श्रीमती दान दिने, आफ्नो हात खुट्टा काट्नेप्रति पनि क्रोध नगरी क्षमा दिने जस्ता दुष्कर काम गर्नुभएको कुरा जातक कथाहरूमा पढ्न पाइन्छ । त्यसैले बुद्ध र बुद्धको शिक्षालाई बुझ्न जातक कथाहरूको अध्ययन गर्न जरूरी छ ।

## गौतम बुद्धको बोधिचर्या

जातक कथाअनुसार गौतम बुद्धको बोधिचर्या दीपंकर बुद्धको समयबाट शुरू भएको थियो । त्यस समयमा उहाँको जन्म सुमेधको रूपमा अमरावती नगरको एउटा अत्यन्तै धनी ब्राह्मण कुलमा भएको थियो । सानै हुँदा उहाँको आमाबुवाको देहान्त भएको थियो । उनले वेद आदि शास्त्रहरूको अध्ययन गरे । आमा बुवाले छाडेर गएको सम्पत्ति आफूले चाहिं लिएरै जानुपर्छ भन्ने विचार गरेर उनले सबै सम्पत्ति दान गरे । अनि प्रवजित भएर हिमालयमा तपस्या गरी रहन लागे । उनले छोटो समयमै ऋद्धिसिद्धि (दिव्यशक्ति) सहित समाधि प्राप्त गरे ।

Dhamma.Digital

त्यस समयमा लोकमा दीपंकर बुद्ध उत्पन्न हुनुभएको थियो । समाधिमा रहेको कारण सुमेध ऋषिलाई त्यस कुराको पत्तो भएन । एकदिन नून खान भनेर आकाशमार्गबाट रम्मक नगरमा आए । त्यस दिन दीपंकर बुद्ध आउने भएकोले त्यहाँ निक्कै चहलपहल थियो । सबै नगरबासीहरू बाटो सफा गर्ने काममा व्यस्त देखिन्थे । बुद्ध आउने थाहा पाएका सुमेध ऋषिले आफू पनि बाटो सफा गर्न इच्छुक भएको नगरवासीहरूलाई बताए । ऋषिको दिव्यशक्तिबारे थाहा पाएका नगरबासीहरूले ऋषिलाई सफा गर्न गाह्रो, पानी बग्ने ठाउँ दिए । सुमेधले आफूमा भएको दिव्यशक्ति प्रयोग गर्न सक्थे तर उनले बुद्ध जस्तो महापुरूषको स्वागतमा दिव्यशक्तिको प्रयोग गर्नु



Downloaded from http://www.dhamma.digital



उचित ठानेनन् । त्यसैले उनले आफ्नै बाहुबलले बाटो सफा गर्न थाले । बाटो सफा भैसकेकै थिएन । दीपंकर बुद्ध दुई हजार अर्हत भैसकेका भिक्षुहरूको साथमा त्यहाँ आईपुग्नुभयो । अनि बुद्धसहित सबै भिक्षुहरू आफ्नो शरीरमा टेकेर जानसकून् र कसैले पनि हिलोमा टेक्न नपरोस् भनेर सुमेध ऋषि नालीमाथि लम्पसार परेर सुते ।

त्यसबेला लम्पसार परेर सुतेका सुमेध ऋषिले बिचार गरे कि यदि मैले बुद्धको शिक्षा ग्रहण गर्ने हो भने आजै मुक्त हुन सक्छु तर आफू एक्लै मुक्त भएर के गर्ने सबैलाई दुखबाट मुक्त गर्नुपर्छ । यही सोचेर दीपंकर बुद्धको चरणस्पर्श गरेर "यस पुण्यको प्रतापले म पनि तपाईंजस्तै बुद्ध हुन पाऊँ" भनि मनमनै कामना गरे । ऋषिको अगाडि उभिनुभएका दीपंकर बुद्धले ऋषिको मनोकाङ्क्षा थाहा पाएर "यो ऋषि बुद्धत्वको कामना गरिरहेको छ । ४ असङ्ख्य एकलाख कल्पपछि यो ऋषि शाक्यमुनी बुद्ध भएर उत्पन्न हुनेछ" भनेर



Downloaded from http://www.dhamma.digital

भविष्यवाणी गर्नुभयो । साथै उहाँको जन्मस्थान, आमाबुवा, बुद्धत्व प्राप्ति, उहाँको प्रथम र द्वितीय अग्रश्रावक र उहाँको उपस्थापक सबैको बारेमा पनि बताउनु भयो । त्यसपछि एकमुठी फूल लिइ बुद्धवीज सुमेधको पूजा गरी उनको शरीरमा नटेकी आकाशमार्गबाटै नाली पार गर्नुभयो । त्यसरी नै दुई हजार भिक्षुहरूले पनि बोधिसत्वको पूजा गरेर उहाँको शरीरमा नटेकी नाली पार गर्नुभयो । त्यसबेला बुद्धवाणी पुष्टि गर्न बिभिन्न चमत्कारी घटनाहरू हुनुको साथै भूकम्प पनि गएको थियो ।

जब दीपंकर बुद्ध दुई हजार भिक्षुसहित बोधिसत्वको पूजा गरेर त्यहाँबाट जानुभयो त्यहाँ फूलको थुप्रो लागेको थियो । त्यसपछि बुद्धको भविष्यवाणीबाट प्रसन्न भएका सुमेध ऋषिले त्यसै फूलको थुप्रोमाथि बसेर बुद्धत्व प्राप्तिको लागि पूरा गर्नुपर्ने पारमिताहरूको बारेमा मनन् गर्नुभयो । यसरी पारमिताबारेमा मन्थन गरिरहँदा फेरि भूकम्प गएको थियो । रम्मकनगरबासीहरू विहारमा गई बुद्धसंग भूकम्प जानुको कारण बुझ्दा दीपंकर बुद्धले बोधिसत्व सुमेध पारमिताहरूबारे ध्यान गरिरहेको र त्यसैको कारण भुकम्प गएको बताउनुभयो । त्यसबेला त्यहाँ उपस्थित जनसमुदायले अहिले दीपंकर बुद्धको पालामा निर्वाण प्राप्त गर्न सकिएनछ भने पनि कालान्तरमा जब बोधिसत्व सुमेध बुद्ध हुनेछन् त्यसबेलामा मुक्त हुन पाईयोस् भनेर कामना गरे ।

यसरी सुमेध ऋषिसंग त्यसै दिन मुक्त हुन पुग्ने पुण्य भए तापनि उहाँले आफू मात्रै मुक्त हुने बाटो नरोजी सम्पूर्ण प्राणीमात्रको मुक्तिको लागि कठिनभन्दा कठिन बाटो रोज्नु भयो । दीपंकर बुद्धको चरणकमलमा बुद्धत्वको कामना गरेदेखि सुमेध ऋषिले विभिन्न मनुष्य र पशुपंक्षीहरूको योनिमा ५४० जन्म जन्मिएर विभिन्न दुष्कर



Downloaded from http://www.dhamma.digital

त्याग र बलिदान गरेर पारमिताहरू पूर्ण गर्नुभएको थियो । अन्तिम जन्ममा उहाँ सिद्धार्थ कुमारको रूपमा नेपालको रूपन्देही जिल्लाको लुम्बिनीको शालबनमा जन्मनुभएको थियो । बैशाख पूर्णिमाको दिन जन्मनुभएका उहाँ सम्पूर्ण ३२ महापुरूष लक्षणहरूले युक्त हुनुहुन्थ्यो ।

## बोधिसत्वको गर्भ प्रवेश

*डा. नलिनाक्ष दत्त र श्री कृष्णदत्त वाजपेयीद्वारा लिखित उत्तर प्रदेश सरकारद्वारा इ.स. १९५६मा प्रकाशित 'उत्तर प्रदेशमे बौद्ध धर्मको विकास' नामक पुस्तकमा बोधिसत्वको गर्भ प्रवेश, जन्म आदि सम्बन्धमा यसरी लेखिएको छ ।*

आषाढमहिनाको पूर्णिमा नक्षत्रमा बोधिसत्व एक सेतोहात्तीको रूपमा आफ्नी आमाको गर्भमा प्रवेश गरे । त्यसबेला दशसहश्र लोकधातु (Ten thousand solar systems) कम्पित भयो र देवता, मार, ब्रह्मासहित सारा लोकमा श्रमण ब्राह्मण देव मनुष्यसहित सारा प्रजागणमा देवताहरूको तेजलाई पनि निस्तेज गर्ने अप्रमाण, दिव्य आलोक उत्पन्न भयो र समस्त विश्व देदीप्यमान भएर चम्क्यो । घना अन्धकारले भरिएको नारकीयलोक जहाँ सूर्य-चन्द्रले पनि आफ्नो प्रकाश पुऱ्याउन सक्तैन, त्यहाँ पनि त्यस क्षण महान प्रकाश उत्पन्न भयो उज्यालो भयो । त्यस आलोकको किरण नरकमा रहेका प्राणीहरूसम्म पनि पुग्यो र एकले अर्कालाई देख्नसके । बोधिसत्वको गर्भ प्रवेशदेखि निरन्तर दश महिनासम्म चार देवता उनकी आमाको रक्षा गर्दै रहे ।

बोधिसत्वले आमाको गर्भमा १० महिना गर्भमलबाट सधै अछुतो रहेर बिताए । उनकी आमा महामायादेवी पनि सदा सुखी रहिन, कुनै



Downloaded from http://www.dhamma.digital



कष्टको अनुभव गर्नु परेन । पृथ्वीका समस्त प्राणी सबै प्रकारको रोग आदिबाट मुक्ति पाएर आनन्दित भए । बोधिसत्वकी माताको स्पर्शमात्रले मानिसहरूको रोग दुःख टाढा हुन्थ्यो । महामायाँदेवीले आफ्नो मनलाई पूर्ण संयम राखी एक शुद्ध ब्रह्मचारिणीको जीवन बिताइन । त्यसबेलादेखि उनलाई जीवनभर कहिले पनि पुरूषको चाहना भएन ।

## बोधिसत्वको जन्म

बोधिसत्व जन्मने समय नजिक आएपछि रानी महामायादेवीले आफ्नो माइती देवदह जाने चाहना गरिन् । राजाले भव्य तैयारी गराई रानीको यात्रा धूमधामसंग गराए । बाटोमा पर्ने लुम्बिनी शालवनमा पुगेपछि रानी बहुतै प्रसन्न भईन र उनलाई अपूर्व सुखको अनुभूति भयो । शाल उद्यानको मनोरम दृष्यहरूको आनन्द लिंदै उनी उद्यानमा यताउता



Downloaded from http://www.dhamma.digital



टहलिन लागे । एउटा शालवृक्षको हाँगा झुकेर रानीको हातमा आयो । जब रानी दाहिने हातले त्यस रूखको हांगा समातेर उभिइन् त्यसै समय बोधिसत्व उनको दाहिने कोखबाट पृथ्वीमा ओर्लनु भयो । बोधिसत्वको शरीर स्वच्छ थियो । गर्भको फोहरले उहाँलाई छुन पनि सकेको थिएन । ती महापुरूषको शरीरलाई मनुष्यको स्पर्श नहोस् भनेर देवगण तुरून्तै त्यहाँ पुगे र बढो आदर र श्रद्धासाथ शिशुलाई रेशमी कपडामा बेरे । पृथ्वीबाट एउटा कमलको फूल निस्कियो । नागराज नंदोपनंदले एउटा न्यानो र अर्को शीतल जलधार उत्पन्न गराए जसमा बोधिसत्व र उहाँको आमालाई स्नान गराइयो । बोधिसत्व सात पाइला हिड्नुभयो र प्रत्येक पाईलामा छ : दिशाबाट एक एक कमलको फूल उत्पन्न भयो । सबैभन्दा



Downloaded from http://www.dhamma.digital

पहिले बोधिसत्वले पूर्व दिशातिर हेरे । त्यसै गरी बोधिसत्वले दशै दिशातिर हेरे अनि कतै पनि आफूसमान कोही नदेखेपछि पुनःउत्तर दिशातिर सात कदम अगाडि बढेर "अग्गो हमस्मी लोकस्स" अर्थात ब्रह्माण्डमा अग्रपुरूष म नै हुँ भनी सिंहनाद गरे । त्यसबखत देवगण तथा मनुष्यहरूले पुष्पबृष्टि गरे । महाब्रह्माले त्यस बालकलाई सेतो छाता ओढाए, ईन्द्रले चमर हम्के, अरू देवताहरू राजक्रकुधभाण्ड (खड्ग, छत्र, मुकुट, पादुक, चमर) लिई पछिपछि गए । त्यसपछि राजाले बोधिसत्वलाई धूमधामसंग कपिलवस्तुमा ल्याउने तयारी गरे । सबै राजकर्मचारी तथा महाजनहरू सिन्दूरजात्रा गरी बोधिसत्वलाई लिएर कपिलवस्तु फर्के ।

## असित ऋषि

त्यस समयमा हिमालयमा तपस्वीहरूमा श्रेष्ठ असित (कालदेवल) नाम गरेका ऋषि बस्दथे । उनी अष्ट समापत्ति ध्यानसहित पाँचै अभिज्ञा (दिव्यशक्तिहरू) लाभी थिए । उनी अतीतका चालीस र भविष्यको चालीस कल्पसम्म ध्यानदृष्टिले हेर्न सक्थे । उनी बराबर राजा शुद्धोधनको दरवारमा आइरहन्थे । उनले एक दिन दिवाभोजनपछि समय बिताउन देवलोक जाँदा त्यहाँ देवताहरू उत्सब मनाउन व्यस्त भएको देखेर त्यसको कारण सोधे । देवताहरूले कपिलवस्तुमा बोधिसत्वको जन्म भईसकेको र अब चाँडै संसारमा धर्मचक्र प्रवर्तन हुने र अनन्त बुद्धलीला हेर्न पाईने हर्षमा उत्सब मनाएको बताए । त्यस्तो उत्तर सुनेर तपस्वी असित देवलोकबाट तुरून्तै शुद्धोधन राजाको दरवार कपिलवस्तुमा गए र राजकुमारको दर्शन गर्ने इच्छा व्यक्त गरे । तपस्वीको शक्तिबारे परिचित राजाले बालकलाई ल्याउन लगाए । ऋषिलाई ढोगाउन अगाडि लैजाँदा



Downloaded from http://www.dhamma.digital

बालकको खुट्टा आफै ऋषिको शिरतर्फ बढ्यो । ऋषिले पनि बालकको लक्षण बुझेर कुनै किसिमको अभिमान नराखी आसनबाट उठेर बालकको चरणमा टाउको राखी वन्दना गरे । यो देखेर आश्चर्यचकित भएका राजाले "मेरो छोरा साधारण बालक होईन" भनि आफूले पनि छोराको चरणमा वन्दना गरे ।

४० कल्प भविष्य र ४० कल्प भूत देख्न सक्ने क्षमता भएका असित ऋषिले बालकको लक्षण विचार गरी यो बालक अतुलनीय छ र निःसन्देह बुद्ध हुन्छ भन्ने थाहा पाए र प्रसन्न भई मुसुक्क मुस्कुराए । तर बालकले बुद्धत्व प्राप्तगर्नु अगाडि नै आफ्नो मृत्यु भैसक्ने देखेर ऋषिलाई असाध्यै पीडा भयो र उनले आँखाबाट आँशु झारे । यो देखेर बालक छोरालाई नराम्रो पो हुने होकि भनेर राजा डराए । तर ऋषिले बालक निस्सन्देह बुद्ध हुने तर त्यस अगाडि नै आफ्नो मृत्यु भैसक्ने हुँदा आफुले बुद्धले पत्तालगाउने सत्यधर्म सुन्न नपाउने भएको कारण आफ्नो आँखाबाट आँशु झरेको बताई राजालाई आश्वस्त पारे । फेरि आफ्नो कुलमा त्यस्तो भाग्यशाली कोही छ कि भनी हेर्दा आफ्नो भान्जा नालकलाई देखे र त्यतिनैखेरि आफ्नो दिदीको घरमा गएर भान्जा नालकलाई बोधिसत्वको जन्म भैसकेको र उनी बुद्ध हुने भएकोले उहाँको नाममा त्यसैदिन प्रवजित हुन भने । साथै उनले भान्जालाई जब बुद्ध उत्पन्न भएको कुरा सुन्दछौ उहाँसंग गएर सोध्नु भनी एउटा प्रश्न पनि सिकाए । नालकले पनि उत्तिनैखेरि ८० कोटि सम्पत्ति त्यागेर भविष्यमा उत्पन्न हुने बुद्धको नाममा प्रवज्या ग्रहण गरे र हिमालयमा तपस्या गरि रहे । पछि जब उनले बुद्ध उत्पन्न भएको थाहा पाए अनि बुद्धलाई भेटेर अषित ऋषिले सिकाए अनुसार प्रश्न सोधे । जो नालक सूत्रको नामले प्रसिद्ध छ । बुद्धसंगको भेटपछि



Downloaded from http://www.dhamma.digital

उनी पुःन हिमालयमै फर्केर श्रमण धर्मको अभ्यास गरी अर्हत भए र केही समय पछि उभिएको उभियै परिनिवृत भए ।

## बोधिसत्वको नामाकरण र ब्राह्मणहरुको भविष्यवाणी

नामाकरणको दिन राजभवन चार प्रकारको सुगन्धले लिपपोत गराइ लावा अवीर आदि र फुलहरूले सिंगारिएको थियो । त्रिवेद पारंगत एकसय आठ ब्राह्मणहरूलाई खीर आदि मिष्ठान्नले भोजन गराइसकेपछि राजाले बालकको नामाकरण साथै भविष्यबारे जिज्ञासा राखे । ती १०८ मध्ये राम, धज, लक्षण, मन्त्री, भोज, सुयाम, सुदत्त र कौण्डन्य नाम गरेका ज्योतिषादी षड्शास्त्रमा पारङ्गत भएका अति श्रेष्ठ आठ ब्राह्मण पण्डितहरूले बालक कुमारको शरीरादि लक्षण परीक्षा गरेर हेरे । अनि कौण्डन्यबाहेक सातजनाले दुईवटा औंला उठाएर भने–"राजन ! यो बालक राजपाठ संभाली गृहस्थाश्रममा रहे भने अद्वितीय चक्रवर्ती राजा हुनेछ । यदि राजपाठ त्यागेर सन्यासी भएर गए भने त्रिलोकाचार्य सर्वज्ञ बुद्ध हुनेछ" । ती आठजना पण्डितमध्ये सबभन्दा कान्छो कौडण्यले एउटै मात्र औंला उठाएर भने- "महाराज ! यो बालकले गृहस्थी जीवन बिताउने कुनै सम्भावना छैन । ऊ निःसन्देह नै बुद्ध हुनेछ" । उनले सर्वअर्थ सिद्ध गर्न सक्ने बताउँदै बालकको नाम सर्वार्थ सिद्ध अथवा सिद्धार्थ राखे ।

यसरी कौण्डन्य पण्डितले स्थिररूपमा बालक सिद्धार्थ गृहत्याग गरी बुद्ध नै हुन्छ भन्दा राजालाई हर्ष र बिस्मात दुबै भयो । भरिसक्य राजा शुद्धोधन छोरा चक्रवर्ती राजा भएकै देख्न चाहन्थे । राजाले पण्डितहरूसंग के देखेर गृह त्याग गरेर जानेछ ? भनेर सोधे । पण्डितहरूले "वृद्ध, रोगी, मृत शरीर र सन्यासी भिक्षु देखेर गृहत्याग गर्नेछन्" भने । त्यसपछि राजाले राजकुमारले त्यस्तो दृष्य



Downloaded from http://www.dhamma.digital

कहिले पनि देख्न नपाउन् भनेर सतर्कता अपनाउने आदेश दिए साथै राजकुमारको लागि विलासिताको सम्पूर्ण व्यवस्था मिलाए । तीन ऋतुहरूमा आरामपूर्वक रहन राजकुमारको लागि अलग अलग तीनवटा रम्य, सुरम्य र शुभ नामक मनोहर महल बनाउन लगाए । बोधिसत्वको सेवाको लागि नाच्न गाउन जान्ने हजारौ नानी सुसारेहरू राखिदिए । तिनीहरूको मुख्य काम राजकुमारलाई यस संसारमा भुलाइराख्नु थियो ।

## रोपाई महोत्सव

आसारको महिना थियो । कपिलवस्तु नगरवासीहरूको रोपाइँ महोत्सबको दिन आइपुग्यो । सहर सिंगारियो । नगरवासी, महाजनहरू सबै सेतो बस्त्र लगाई भेला भए । एक घटी आठसय हलगोरू तयार गरिए । राजाले जोत्ने गोरूको सिङ् सुनको पाताले बेरिएको थियो । त्यस मंगलोत्सवमा बालक सिद्धार्थलाई पनि लगियो र खेतको छेउमा रहेको जामुनको रूखमुनि छायाँमा परिचारिकाहरूसंग राखियो । जब राजाले हलो समाते र जोत्न शुरू गरे राजाले सुवर्णमय हलो जोतेको हेरिरहेका विशाल जनसमूहले हर्षोल्लास गरे । हर्षोउल्लास सुनेर राजकुमारको रेखदेख गर्न बसेका परिचारिकाहरूले पनि मन थाम्न सकेनन् र सबै बालक सिद्धार्थलाई एक्लै छाडेर राजाले हलो जोतेको हेर्न गए । अनि सुतिरहेका बालक उठेर जामुनकै रूखमुनि पलेटी कसेर ध्यानको प्रथम अवस्थामा मग्नभई बसे । त्यसबेला पाँचजना दिव्यशक्ति सम्पन्न ऋषिहरू आकाशमार्गबाट जाँदै थिए । जब उनीहरू उक्त जामुनको वृक्षमाथि भएर जानलागे अकस्मात उनीहरूको गति अवरूद्द भयो । उनीहरूलाई बडो आश्चर्य लाग्यो जब रूखमुनि बालक बोधिसत्वलाई ध्यानमा मग्न देखे उनीहरू



Downloaded from http://www.dhamma.digital

जमिनमा झरे र बोधिसत्वलाई यथोचित बन्दना गरी गए । जब मंगलोत्सव समाप्त भयो, उत्सब हेरेर मग्न भैरहेका परिचारिकाहरूले राजकुमारलाई झसक्क सम्झे अनि राजासहित दौडंदै जामुनको रूखमा पुग्दा बालकलाई ध्यानमा मग्न पाएर आश्चर्यचकित भए । सबै वृक्षहरूको छायाँ समयसंगै लामो लामो भएर घुमिसकेको थियो तर बोधिसत्व बसेको जामुनको रूखको छायाँचाहिं पहिलेकै अवस्थामा बोधिसत्वमाथि स्थिर थियो । यस्तो आश्चर्यमय लीला देखेर राजाले बोधिसत्वलाई वन्दना गरे । यो उनको दोस्रो पुत्रवन्दना थियो ।

## राजकुमार सिद्धार्थको विवाह

बोधिसत्व सिद्धार्थको बिवाह गोपा अथवा यशोधरादेवीसंग भयो र २९ वर्षको उमेरसम्म गोपाको साथ आनन्दसंग पारिवारिक जीवन व्यतित गरे । राजालाई न्वारानको समयमा ब्राह्मणहरूद्वारा गरिएको भविष्यवाणि सम्झेर छोरा कतै घर छाडेर जाने हुन् कि भन्ने चिन्ता थियो । त्यसैले उनले राजकुमारलाई सांसारिक रमझममा भुलाइ राख्ने सम्पूर्ण व्यवस्था मिलाए साथै राजदरबारको सुरक्षाको लागि मूलढोकामा सयभन्दा बढी रक्षकहरूले मात्र खोल्न र बन्द गर्न सक्ने खापा हाल्न लगाए ।

## चार दृष्य र महाभिनिष्क्रमण

तर राजदरबारका ती सुखसयलले बोधिसत्वलाई भुलाइराख्न सकेन । बनविहारको लागि निस्कने क्रममा जब उहाँले वृद्ध, रोगी र मृत शरीर देख्नुभयो उहाँ विरक्त हुनुभयो । अर्को दिन फेरि जब उहाँले एक गेरू बस्त्रधारी भिक्षुलाई देख्नुभयो उहाँ उत्साहित हुनुभयो र गृहत्याग गर्ने निश्चय गर्नुभयो । आषाढ पूर्णिमाको


Downloaded from http://www.dhamma.digital

रात गृहत्याग गर्ने निश्चय गरी सारथी छन्दलाई उठाएर आफ्नो प्यारो कन्थक घोडालाई तैयार गर्ने आदेश दिनुभयो । त्यसपछि सारथीलाई कन्थकको पुच्छर समात्न लगाई कन्थकमाथि सवारभई राजदरबारको मूलढोकाबाट निस्कनुभयो । त्यसबेला मारले आएर सातदिनभित्र चक्रवर्तीरत्न उत्पन्न हुन्छ भनी राजकुमार सिद्धार्थलाई फर्काउने असफल प्रयत्न गरे । यसरी हातमा आइसकेको चक्रवर्ती राज्यलाई थुकेको थुक झैं त्यागेर दसहजार लोकधातु कम्पित गराई राजकुमारले महाभिनिष्क्रमण (गृहत्याग) गरे । उहाँ रातभर यात्रा गरी नै रहनुभयो । शाक्य, कोलिय र मल्ल तीन राज्यको सिमापार गरेर बिहान मनोरम अनोमा (राप्ती) नदीको किनारमा पुगी घोंडाबाट ओर्लनुभयो । आफ्नो सबै रत्न आभूषण फुकाली सारथी छन्दलाई दिई घोडा लिएर कपिलवस्तु फर्कन आदेश दिनुभयो । त्यसपछि राजकुमारले खड्ग लिएर आफ्नो केश काटेर "यदि मैले बुद्धत्व प्राप्त गर्ने रहेछु भने यो काटेको केश आकाशमा अडिरहोस्" भनेर केशलाई माथितिर फ्याक्नु भयो । त्यो सबै केश आकाशमा एक योजनमाथि गएर अडिरह्यो र देवताहरूले आएर देवलोकमा लिएर गए । यसरी खड्गले काट्दा कुमारको शिरमा रहेको केश सबै दाहिनेतर्फ घुँगरिदै गई शिरमा टांसिरह्यो । त्यसबेलादेखि फेरि कहिल्यै पनि उहाँको केश काट्नु परेन ।

यो रेशमी वस्त्र भिक्षुलाई सुहाउँदैन भनेर उहाँले एकजना व्याधासंग आफ्नो रेशमी वस्त्रसंग गेरूवस्त्र साटेर भिक्षुको भेष धारण गर्नुभयो । त्यसपछि भिक्षुभेषधारी सिद्धार्थ सत्यको खोजीमा पैदल हिंडेर बैशालीमा क्रमशः आलारकालाम र उद्दक रामपुत्रको आश्रम पुग्नुभयो । आलारकालाम ध्यानको सप्तम र उद्दक रामपुत्र अष्ठम



Downloaded from http://www.dhamma.digital

भूमिमा पुगेका थिए । बोधिसत्व सिद्धार्थले पनि शीघ्र अभ्यास गरी उनीहरूले प्राप्त गरेको ध्यानको अवस्था प्राप्त गर्नुभयो । तर त्यतिबाट मात्रै मुक्ति प्राप्त नहुने ठानी ती गुरूहरूले सहायक गुरू हुन गरेको आग्रहलाई स्वीकार नगरी उहाँ त्यहाँबाट पनि जानुभयो ।

## राजा बिम्बिसारसंग भेट

उहाँ बैशालीबाट राजगृह जानुभएर भिक्षाको लागि शहरमा प्रवेश गर्नुभयो । उहाँको चम्किलो ओजस्वी शान्त र गम्भीर रूप देखेर नगरबासीहरूलाई भयमिश्रित आश्चर्य भयो र यसको सूचना राजालाई दिए । राजा बिम्बिसार बोधिसत्वसंग भेट गर्न गए र उहाँबाट प्रभावित भई उहाँलाई आधा राज्य स्वीकार गरी राज्यसुख भोगगर्न अनुरोध गरे । बोधिसत्वले बिनम्रतापूर्वक राजाको आग्रहलाई अस्वीकार गर्नु भयो । राजा बोधिसत्वबाट बुद्धत्व प्राप्त गरेपछि आफ्नो राज्यमा आएर आफूलाई उपदेश दिने बचन लिई फर्के । त्यसपछि बोधिसत्व गयाशीर्ष पर्वतमा र त्यहाँबाट उरूबेलमा गएर रहन लाग्नुभयो ।

## पञ्चवर्गीय भिक्षु

सिद्धार्थको न्वारानको समयमा भविष्यवाणी गर्ने आठजना ब्राह्मण पण्डितहरूमध्ये कान्छो कौडिण्य बाहेक सबैको स्वर्गारोहण भैसकेको थियो । जब कौडिण्यले राजकुमार सिद्धार्थ प्रवजित भएको थाहा पाए र आफूहरूले गरेको भविष्यवाणी सम्झिए । अनि मरिसकेका आफ्ना पण्डित साथीहरूका छोराहरूलाई बोलाएर २९ वर्ष पहिले आफू र उनीहरूका बुवाहरूले गरेको भविष्यबाणीबारे बताए । अनि



Downloaded from http://www.dhamma.digital

उनीहरू सबैलाई सिदार्थ अब बुद्ध हुने विषयमा कुनै संदेह नरहेकोले उहाँको नाममा प्रवजित भएरजान प्रस्ताव गरे । तर चारजनाले मात्र कौडिण्यको प्रस्ताव स्वीकार गरे र कौडिण्य समेत पाँचजना प्रवजित भई क्रमैसित बोधिसत्व सिद्धार्थ रहेको स्थानको खोजी गर्दै उहाँ रहनुभएको स्थान उरूबेल पुगी उहाँको सेवा गर्दै रहे ।

## बोधिसत्वको कठिन तपस्या

त्यसबेलाको मान्यताअनुसार बोधिसत्वले ६ वर्षसम्म शरीरलाई दुःख दिएर घोर तपस्या गर्नुभयो । तपस्या यति कठोर थियो कि हिउँदको जाडोमा पनि उहाँको काखीबाट पसिना निस्कन्थ्यो । प्राणायाम गर्दा उहाँले श्वासप्रश्वास क्रिया यसरी बन्द गर्नुहुन्थ्यो कि मानिसहरू उहाँलाई मरिसकेको ठान्दथे । दिनमा केवल अन्नको एउटा दानामात्र खाएर महिनौ बिताउनुभयो । यसले गर्दा उहाँको शरीर केवल अस्थिपञ्जरमात्र रहनगयो । उहाँको शरीरमा रहेको महापुरूषलक्षणहरू सबै हराएर गयो । अन्तमा बोधिसत्वलाई यस्तो लाग्यो कि "मैले गरेकोभन्दा दुष्कर तपस्या शायद यसभन्दा अघि पनि कसैले गरेन होला र भविष्यमा पनि कसैले नगर्ला ? सायद शरीरलाई तपाउने कार्य सम्बोधि प्राप्तिको सही मार्ग होइन । त्यसैले उहाँले आफ्नो साधनाको तरिका बदल्ने निश्चय गर्नुभयो । फेरि उहाँलाई आफूले बाल्यकालमा बुवा शुद्धोधनको खेतमा हलो जोत्ने महोत्सव हुँदा जामुनको रूखमुनि प्रथम ध्यान प्राप्त गरेको स्मरण भयो । अनि उहाँलाई त्यही नै बोधि प्राप्तिको सही मार्ग हुनसक्छ भन्ने लाग्यो । त्यसरी ध्यान प्राप्त गर्न शरीर तन्दुरूस्त हुन आवश्यक थियो । त्यसैले उहाँले क्रमश आहार ग्रहणगर्न लाग्नुभयो । उहाँले आहार ग्रहण गर्नलागेको देखेर पञ्चवर्गीय



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूले उहाँलाई तपभ्रष्ट भएको निश्कर्ष निकालेर छाडेर गए ।

## सुजाताको खीर दान

त्यस समय उरूबेलको सेनानी गाउँमा एकजना जमिन्दार थिए । उनकी छोरी सुजाताले आफ्नो सुहाउँदो कुलमा बिबाह गरी गएर पहिलो सन्तान छोरा जन्माउन सकें भने हरेक वर्ष बैशाख पूर्णिमाको दिन गाईको शुद्ध दुधमा पकाएको पानीरहित खीर चढाउनेछु भनि एक न्यग्रोधको वृक्षसंग भाकल गरेकी थिइन् । उनले भाकल गरे अनुसार आफ्नो खान्दान अनुकूलको कुलमा विबाह गरेर छोरा जन्माइन् । त्यसैले हेरेक बर्षझै त्यसबर्ष पनि बैशाख पूर्णिमाको बिहानै गाईको शुद्ध दुधमा खीर पकाई दासी पूर्णालाई न्यग्रोध वृक्ष आसपास सफा गर्न पठाइन् । त्यसबेला बोधिसत्व त्यसै न्यग्रोधको रूखमुनि ध्यानमा रहनुभएको थियो । उहाँको शरीरबाट प्रकाश निस्किरहेको थियो । त्यो देखेर पूर्णा मालिक्नीलाई खबर गर्न घरतिर दौडिइन् र सुजातालाई खीर ग्रहण गर्न वन देवता आफै रूखमुनि विराजमान रहेको बताइन् । त्यो सुनेर हर्षित सुजाताले वस्त्र अलंकार धारण गरी सुनको नयाँ पात्रमा श्रद्धापूर्वक आफैले खीर राखेर खीरले भरिएको सुनको पात्र शिरमा राखेर न्यग्रोधको रूख भएको स्थानमा गइन् । बोधिसत्वलाई देखेर अत्यन्तै प्रसन्न भई उनले सुनको पात्रसहित खीर दान गरिन् र "मेरो जस्तै तपाईको पनि मनोकामना पूर्ण होस्" भनेर कामना गरिन् ।

बोधिसत्वले खीर स्वीकार्नु भयो अनि नदीमा स्नान गरी खीर भोजन गर्नु भयो । त्यो खीर ४९ गाँस थियो । भोजन गरिसकेपछि उहाँले सुनको पात्र (भाँडो) "यदि मलाई आज सम्बोधि प्राप्त हुनेछ भने यो पात्र नदीको धार विपरीत माथितिर बगेर जावस्" भन्ने संकल्प



Downloaded from http://www.dhamma.digital

गरी नदीमा फाल्नुभयो । उहाँले संकल्प गरेझै सुनको पात्र पानीको बहावको विपरीत माथितिर बग्दै अन्तमा एउटा भुमरीमा परी डुबेर नागलोकमा पहिलेका अरू तीन बुद्धहरूको पात्र भएको ठाउँमा रहन पुग्यो ।

भोजन गरिसकेपछि बोधिसत्व बिस्तारै बोधिवृक्ष भएतिर जानुभयो । उहाँको शरीरबाट सबै प्राणीहरूलाई आनन्द दिने किरण निस्केर चारै दिशामा फैलिरहेको थियो । त्यहाँ श्वत्रिक नाम गरेको घाँसीले दिएको आठ मुठी घाँस बोधिवृक्षको मुनि बिछ्याएर दृढ प्रतिज्ञा गरी आसन लगाउनुभयो "मेरो शरीर सुकेर जावस, मासु हड्डी गलेर जावस् परन्तु बोधिज्ञान प्राप्त नगरी यो आसनबाट उठ्ने छैन" ।

## मारसेनामाथि विजय र बुद्धत्व प्राप्ति

यस किसिमले दृढ अधिष्ठान गरी वज्रासनमा बसेको थाहा पाएर नमुचीमार "बोधिसत्व आफ्नो बन्धनबाट निस्कन लागे" भनि शहस्र मारसेनासंग आएर बोधिसत्वमाथि भयानक तवरले शस्त्रअस्त्र प्रहार गर्न लाग्यो । तर ती सबै अस्त्रशस्त्र फूल बनेर बोधिवृक्षमाथि झुन्डिएर रहे । आफ्नो सबै प्रहारहरू असफल भएको देखेर मारले बोधिसत्वलाई "यो बोधि आसन तेरो हैन, यसमा बस्न तैले के पुण्य गरेको छस् ? त्यसको सांक्षी को छ ?" भनेर भने । बोधिसत्वले पनि आफूले असंख्य कल्पदेखि पूरा गरेको पारमिताहरूको स्मरण गरी सांक्षीको लागि पृथ्वीको स्पर्श गरे । बोधिसत्वले धर्तीको स्पर्श गर्नु मात्र के थियो सबै मारसेनाहरू तितरबितर हुनुपुगे । यसरी उहाँले सूर्यास्त हुनुभन्दा पहिले मारसेनालाई परास्त गर्नुभयो । मारसेनालाई परास्त गरिसकेपछि ध्यानमा लिन बोधिसत्वले रातको प्रथम प्रहरमा दिव्यचक्षु प्राप्त गर्नुभयो । अब उहाँ सम्पूर्ण प्राणीहरूको उत्पत्ति र



Downloaded from http://www.dhamma.digital

मरणबारे थाहा पाउन सक्नुहुन्थ्यो । रातको दोश्रो प्रहरमा उहाँलाई पुर्वानुस्मृतिज्ञान अर्थात् पूर्वजन्महरूबारे जान्ने ज्ञान प्राप्त भयो । त्यसरी नै रातको आन्तिम प्रहरमा आश्रवक्षयज्ञान प्राप्त गर्नुभयो र अब आफ्नो पुनर्जन्म हुँदैन भन्ने थाहा पाउनुभयो । साथै दुःख, दुःखको कारण, दुःख निरोध र दुःख निरोधको मार्ग यी चार सत्यको ज्ञान भयो । देवताहरूले उहाँको बुद्धत्व प्राप्तिबाट हर्षित भएर उहाँमाथि पुष्पबृष्टि गरे ।

## बुद्धको पहिलो सात सप्ताह

यस अद्भूत सफलतापछि बुद्ध सात सप्ताहसम्म विमुक्ति सुखको अनुभव गर्दै रहनुभयो । सात हप्ताको त्यस अवधिभर उहाँले कुनै आहार ग्रहण गर्नु भएन, न त मलमूत्र त्याग नै गर्नुभयो । पाँचौं सप्ताह उहाँ अजपाल नामको वरको रूखमुनि ध्यानमग्न रहनुभयो । सिद्धार्थले बुद्धत्व प्राप्त गर्नुभएको र आफूले केही गर्न नसकेको कारण साह्रै दुखित भई बसिरहेका आफ्ना बुवालाई देखेर मार कन्याहरू तृष्णा, आरती र रघाले मारलाई भने "भो बाबा ! यसरी दुखित नहुनुहोस्, हामी स्त्री जातिको मायाको बशमा नआउने यस लोकमा कोही छैन" यति भनेर ती मारकन्याहरूले बुद्धको अघिल्तिर गई अनेक प्रकारले स्त्री हाउभाउ देखाउन शुरू गरे । यसरी मारपुत्रीहरू आएको देखेर बुद्धले "यस्स जितं नावजियति" अर्थात् जसको विजयलाई अब कसैले पराजित गर्न सक्तैन भनेर भन्नुभयो । यो सुनेर मारकन्याहरू लज्जित भएर भागे ।

छैठौ हप्ता बुद्ध बोधिवृक्षको पूर्वकुनामा रहेको मुचलिन्द वृक्षमुनि ध्यानमा बस्नुभयो । त्यहाँ बसेर विमुक्ति सुखको सुखानुभूति गरिरहनुभएको बेला भयंकर आँधीबेरीसहित घनघोर वर्षा भयो ।



Downloaded from http://www.dhamma.digital

त्यो देखेर मुचलिन्द नागराज आएर बुद्धलाई आफ्नो शरीरले सात फन्को बेरेर शिरमाथि बिशाल फणा फैलाई श्वेतछत्रले झैं बुद्धको शरीरमा एक थोपा पनि पानी पर्न नदिई रक्षा गरे । यस प्रकार विमुक्ति सुखको अनुभूति गर्दै उहाँले सात सप्ताह बिताउनु भयो ।

## धर्मचक्र प्रवर्तन

त्यसपछि सहम्पत्ति नामको ब्रह्माले धर्मप्रचारको लागि गरेको प्राथनालाई स्वीकार गरी पहिले कसलाई उपदेश गरूँ भनी विचार गर्नुभयो । आलरकालाम र उद्दक रामपुत्रलाई उहाँले सम्झनु भयो तर उनीहरू दुबैजनाको मृत्यु भईसकेको थाहा पाएर पञ्चवर्गीय भिक्षुहरूलाई उपदेश गर्ने निश्चय गरी उनीहरू रहेको ऋषिपतन मृगदायवन जानभनी त्यहाँबाट हिंड्नु भयो । गङ्गाको तीरमा पुगेर एकजना माझीसंग नदी पार गराउन भन्नुभयो तर माझीले भाडा नलिई पार गराउन नमानेपछि उहाँ माझीले देख्दादेख्दै आकाशमार्गबाट गङ्गापार जानुभयो । त्यसबाट माझीलाई बहुतै पश्चाताप भयो । राजा बिम्बिसार पनि यो कुरा थाहा पाएर बहुत दुःखी भए र सबै माझीहरूलाई अब आइन्दा साधु सन्तहरूलाई शुल्क नलिई नदी पार गराउने आदेश दिए ।

पञ्चवर्गीय भिक्षुहरूले टाढैबाट बुद्धलाई आफूहरू भएतिर आइरहेको देखेर एकापसमा यसरी कुरा गरे । "तपभ्रष्ट गौतम आउँदैछन्, हामी उनलाई कुनै आतिथ्य नगर्ने आसन पनि नदिने" । तर जब बुद्ध उनीहरूको नजिक पुग्नुभयो बुद्धको शान्त र गम्भीर रूपको प्रभावले उनीहरू आफ्नो अडानमा रहन सकेनन् । कसैले बुद्धको पात्र समाए, कसैले उहाँलाई पाउ धुन पानी दिए, कसैले उहाँलाई आसन



Downloaded from http://www.dhamma.digital

दिए । तर पहिलेझै बुद्धलाई उनीहरूले 'आबुस' भनेर सम्बोधन गरे । बुद्धले आफूले सम्बोधि प्राप्त गरिसकेको हुँदा आफूलाई गुरू मानेर सम्बोधन गर्न भन्नुभयो ।

उनीहरूले बुद्धलाई तपभ्रष्ट भएको भनी उहाँको कुरा सुन्न रूचि देखाएनन् । भगवानले उनीहरूलाई आफूले पहिले कहिल्यै यसरी बुद्धत्व प्राप्त भैसकेको भनेर नभनेको कुरा स्मरण गराउनुभयो । सानैदेखि कहिल्यै भूट नबोल्ने उहाँको बानी थाहापाएका कौडिण्यले उहाँको कुरामा विश्वास गरी उहाँको उपदेश सुन्न तत्परता देखाए । पाँचैजनालाई एकै पटक सत्यधर्म अवबोध गराउन कठिन हुने देखेर उहाँले उनीहरूमध्ये दुईलाई भिक्षा ल्याउन पठाइ बाँकी तीनजनालाई सत्यधर्मको रहस्य सम्झाउनु भयो र अर्को दिन फेरि तीनजनालाई भिक्षाको लागि पठाएर अघिल्लो दिन भिक्षा ल्याउने दुईजनालाई उपदेश दिनुभयो । उहाँले पञ्चवर्गीय भिक्षुहरूलाई सांसारिक भोगविलासमा निर्लीप्त हुने र तपको नाममा शरीरलाई अनावश्यक कष्ट दिने जस्ता दुई अति (extreme) बाट बचेर मध्यममार्गको अनुशरण गर्ने उपदेश दिनुभयो । साथै दुःख, दुःखको कारण, दुःखको सम्पूर्ण निरोध र त्यसको लागि आर्यअष्टाङगिक मार्ग आदि चतुआर्य सत्य प्रकाशित गर्नुभयो । दुःखको वास्तविक कारण तृष्णा भएको र वेदनाको कारण तृष्णा उत्पन्न हुने बताउनु भयो । पूर्वकर्मको कारण उत्पन्न संस्कारको कारणबाट जन्म हुने, जन्मसंगै ६ इन्द्रियहरूको उत्पत्ति हुने र इन्द्रियहरूको आ-आफ्नो विषयसंगको स्पर्शबाट वेदना उत्पन्न हुने बताउनु भयो । बुद्धले यस कुरामा जोडदिनु भयो कि बारम्बार जन्म लिने चाहना (भव तृष्णा) नै पञ्चतत्वको संयोजनको कारण हो जसबाट जीवको



Downloaded from http://www.dhamma.digital

शरीर निर्माण हुन्छ । यो तत्व (नाम रूप) अनित्य र दुःखको मूल भएकोले यसको कामना गर्न योग्य छैन । त्यसैले मानिस आफैले तृष्णाबाट बच्ने उपाय गर्नुपर्दछ र त्यसको लागि ईश्वरको भरोसा गर्नु उचित हुँदैन । यस उपदेशबाट पाँचै जना ब्राह्मणहरूको दृष्टि निर्मल भयो । पाँचौं दिन जब बुद्धले अनत्तलक्षण सूत्रको व्याख्यान गर्नुभयो । जसको सार थियो कि प्राणीहरूको निर्माण तत्व पञ्चस्कन्धको अलावा आत्मा नामको कुनै भिन्न वस्तु छैन । जुन पञ्चस्कन्धको कारण जन्म हुन्छ त्यो रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान हो । आत्माको अस्तित्व न यो पञ्चस्कन्ध अलग अलग हुनुमा छ, न त संयुक्तमा नै हुन्छ । पञ्चस्कन्ध बाहिर पनि आत्माको अस्तित्व हुँदैन । यस उपदेशको अन्त्यमा पाँचैजना ब्राह्मणहरू क्रमश अर्हत भए ।

## यश कुमारको प्रबज्या

बुद्ध ऋषिपतनको मृगदायवनमा हुनुभएको बेलामा वाराणसी शहरमा एकजना यश अथवा यसोदा नाम गरेको असाध्यै धनी साहुको छोरा थियो । अलग-अलग ऋतुहरूमा सुखपूर्वक रहनको लागि उसका तीन महलहरू थिए । ऊ सधै सुन्दर युवतीहरूबाट घेरिएर भोग विलासमा मग्न रहन्थ्यो । एकदिन आधीरात निन्द्राबाट बिउँझंदा उसले ती सुन्दर युवतीहरू विकृत रूपमा सुतिरहेको पाए र उनी "अहो भय ! अहो दुःख !" भन्दै राती नै घरबाट निस्के । बुद्ध त्यसबेला वरूण नदीको तटमा हुनुहुन्थ्यो र उहाँले यशकुमारको करूण रोदन सुनेर उसको पूर्वजन्मको अपार पुण्यको स्मरणगरी "यश ! यहाँ आऊ, यहाँ भय छैन, यहाँ दुःख छैन" भनेर आफू भएको ठाउँमा बोलाउनु भयो । बुद्धले पहिले यशकुमारलाई दानधर्म,



Downloaded from http://www.dhamma.digital

शीलपालन तथा दिव्य जीवन प्राप्तिको उपाय र सांसारिक भोग विलासको दुष्परिणामहरूको उपदेश दिनुभयो । त्यसबाट जब यशको मन शान्त भएर उच्चस्तरको आध्यात्मिक उपदेश ग्रहण गर्न योग्य भयो तब भगवानले श्रेष्ठोत्तम आर्यधर्म चतुरार्य सत्यको उपदेश गर्नुभयो । उपदेश सुनिसकेपछि यशलाई दिव्यशक्ति सहित मुक्ति प्राप्त भयो ।

यशका आमाबुवा उनलाई महलमा नपाएर उनको खोजीमा निक्ले र क्रमश वरूण नदीको तट जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ पुगे । यशकुमारको सुवर्ण जुत्ता देखेर उनीहरू भगवान भएको ठाउँमा गएर आफ्नो छोराको बारेमा भगवानसंग सोधे । भगवानले आफ्नो दिव्यशक्तिले यशकुमारलाई आमाबुवाले नदेख्ने गरी लुकाएर उनीहरूलाई दानकथा, शीलकथा आदिको उपदेश दिए । उपदेश सुनेर उनीहरूलाई पनि निर्मल धर्मचक्षु लाभ भयो । त्यसपछि भगवानले रहस्यमय पर्दालाई हटाउनुभयो जसले गर्दा यशको आमाबुवाले यशलाई देखे । आफ्नो प्यारो छोरालाई पाएर उनीहरू बहुत खुशी भए तर जब उनीहरूलाई थाहा भयो कि यशकुमार प्रवज्या ग्रहण गर्न चाहन्छन् उनीहरू दुखी भए । भगवानले उनीहरूलाई यशकुमारलाई दिव्यशक्ति प्राप्त हुनुको साथै उनको आश्रव नष्ट भएको कुरा बताए उनीहरूले छोरालाई प्रवजित हुने अनुमति दिए र भोजनको लागि निमन्त्रणा दिई घर फर्के ।

यश बुद्धसंग भिक्षु भएको थाहा पाएर उनका विमल, सुबाहु, पूर्ण र गवांपती नाम गरेका चार साथीहरू अन्य पचास व्यक्तिहरूसंग बुद्धकोमा आएर भिक्षु बने । यस प्रकार बुद्धका शिष्यहरूको संख्या


Downloaded from http://www.dhamma.digital

अब ६० पुगेको थियो । सबै शिष्य सबै प्रकारको मानवीय र दैवी बन्धनहरूबाट मुक्त थिए । बुद्धले पूर्णमुक्त भएकोमा उनीहरूको प्रशंसा गर्नुभयो र उनीहरू सबैलाई धर्मप्रचारमा जान यसप्रकार निर्देशन दिनु भयो ।

*"चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकंपाय अत्थाय हिताय सुखाय देवमनुस्सानं, म एकेन द्वे अगमित्थ, देसेथ भिक्खवे, धम्मं आदी कल्याणं मज्झे कल्याणं परिओसान कल्याणं* (भिक्षुहरू हो ! जाओ भ्रमण गर, तिमीहरू मध्ये कोही दुईजना पनि एउटै बाटोबाट नजाऊ, बहुजनको हित, बहुजनको सुखको लागि, लोकमाथि अनुकंपा राखी देव र मनुष्यहरूको हित एवं सुखको लागि शुरू, मध्य र अन्त्य सबै अवस्थामा कल्याणकारी धर्मको उपदेश गर)" ।

यसरी सबै भिक्षुहरूलाई विभिन्न दिशामा धर्मप्रसार गर्न पठाएर आफूचाहिं गयाशीर्षतिर लाग्नु भयो । बाटोमा उहाँको ३० जना प्रतिष्ठित कुलका युवकहरूसंग भेट भयो, जो आ-आफ्नो पत्नीहरूसंग वनविहार गर्न आएका थिए । तीमध्ये एकजनाको आफ्नो श्रीमती नभएकोले भाडामा एउटी युवती ल्याएको थियो । ती युवती मौका पाएर हातमा आएको सबै बहुमूल्य गहनाहरू लिएर भागिन् । उनकै खोजीगर्दै आएका ती युवकहरूले बुद्धसंग तिनै युवतीको बारेमा सोधे । बुद्धले उनीहरूलाई त्यस युवतिको खोजी गर्नुभन्दा आफ्नै खोजी गर्नु राम्रो हुने उपदेश दिनु भयो । त्यसबाट ती सबै युवाहरूको विचार बदलियो र उनीहरू सबैले बुद्धबाट प्रवज्या लिए । त्यसपछि ती ३० जना भिक्षुहरूलाई पनि धर्मप्रचार गर्न पठाएर आफू गयाशीर्ष पुग्नुभयो ।



Downloaded from http://www.dhamma.digital

## काश्यप जटिलको प्रवज्या

गयाशीर्षमा उहाँले श्रेष्ठऋषिहरू, ब्राह्मणहरू र राजर्षिहरूलाई आफ्नो अनुयायी बनाउने कोशिस गर्नु भयो । सबभन्दा पहिले उहाँ गंगाको तीरमा रहेको काश्यपजटिलको यज्ञशालामा जानुभयो र आश्रममा रहनको लागि अनुमति माग्नु भयो । जटिलहरूले बस्ने स्थानको अभाव देखाएर बस्नको लागि यज्ञकुण्ड नजिकको स्थान देखाउँदै त्यही एउटा मात्रै ठाउँ उपलब्ध रहेको तर त्यहाँ एउटा विषधारी सर्पको डर भएको कुरा बताए । भगवानले त्यसै स्थानमा बस्न स्वीकार गर्नुभयो र पूरैरात ध्यान गरी बिताउनु भयो । आफ्नो ऋद्धिबलले नागलाई दमन गर्नुभयो । काश्यपलाई बिषालु नाग रहेको त्यस स्थानमा रहन स्वीकार गरी मृत्यु रोजेकोमा भगवानप्रति दया लाग्यो तर बिहान त्यस नागलाई आफ्नो भिक्षापात्रमा राखेर जिउँदै आईरहनु भएका भगवानलाई देखेर उनको आश्चर्यको सीमा रहेन । यसरी विभिन्न अलौकिक शक्तिहरू देखाएर उहाँले काश्यप जटिललाई आफ्नो अनुयायी बनाउनुभयो । उहाँले उनीहरूलाई अग्निको बारेमा 'आदित्तपरियाय' सूत्रको उपदेश दिनुभयो र भन्नुभयो कि वास्तविक अग्नि मानिसहरू भित्र रहेको राग, द्वेष र मोहमा हुन्छ र इन्द्रिय र बाह्य वस्तुहरूको संयोगबाट उत्पन्न संस्कारबाट उत्पन्न हुन्छ । काश्यपजटिल आफ्ना सबै ५०० शिष्यहरूसहित बुद्धसंग प्रवजित भए ।

काश्यपजटिल शिष्यसहित प्रवजित भएपछि उनीहरूले आफ्नो सबै यज्ञका सामान मृर्गचर्महरू गंगामा बगाए । यसरी बग्दै आएको आफ्ना दाइको कपडा आदि सामाग्री देखेर केही तल गंगाकै तीरमा ३०० र २०० शिष्यहरूको साथमा रहेका काश्यपका भाइहरू क्रमशः नदी र गया काश्यपहरू डराए र तत्काल आफ्नो दाईको आश्रम



Downloaded from http://www.dhamma.digital

रहेको ठाउँमा आए । दाइ काश्यप बुद्धसंग भिक्षु भएको देखेर उनीहरू आश्चर्य चकित भए । उनीहरूले पनि 'आदित्तपरियाय' सूत्र श्रवण गरे र आफ्नो दाइलेझै बुद्धसंग शिष्य सहित प्रवज्या मागे ।

## राजा बिम्बिसारलाई उपदेश

जब बुद्ध आफ्नो नयाँ जटिल शिष्य र अन्य शिष्यहरू साथ लिएर राजा बिम्बिसारको यष्टिवन (लट्ठीबन)मा जानुभयो, राजाले उहाँहरूको बडा आदरसाथ स्वागत गर्नु भयो । राजा जटिलहरूको ठूलो भक्त थिए । जटिलहरूलाई बुद्धका शिष्यहरूसंग देखेर राजा सहित परिषदलाई काश्यप बुद्धको शिष्य हो कि बुद्ध काश्यपको शिष्य भन्ने संशय उत्पन्न भयो । बुद्धले राजासहित परिषदको संशय दूर गर्न काश्यपसंग अग्नि परिचर्या छाड्नुको कारण सोध्नुभयो । काश्यपले राजासहित परिषदको संशय दूर गर्न परिषदसामु यसरी घोषणा गरे "कामनाहरूको अन्त्य गर्न तथा पूनर्जन्मको चक्रलाई तोड्न मैले गर्दै आएको अग्निपूजा र शरीरलाई कष्ट दिने तपस्याको कुनै फल नहुने देखेर मुक्ति प्राप्त गर्न बुद्धको शिष्य भएको हुँ" भनेर आफ्नो ऋद्धिबलद्वारा आकाशमा एक ताडको उचाइ, दुई ताडको उचाइ र तीन ताडको उचाइ माथिसम्म गएर बुद्धको चरणमा ढोग गरी "म तपाईको शिष्य हुँ र तपाई मेरो गुरू हुनुहुन्छ" भनेर भने । यसबाट राजासहित सबै परिषदको संशय दूर भयो ।

बुद्धले त्यसपछि उनीहरूलाई आत्मा र अहंकारको अनस्तित्व तथा सांसारिक पदार्थहरूको अनित्यता सम्बन्धी उपदेश दिनुभयो । उहाँले आत्माको अस्तित्व अस्वीकार गर्दै भन्नुभयो कि यदि आत्मा सर्वशक्तिमान ईश्वरकै अंश हुन्थ्यो भने प्राणीहरूले दुःख भोग्नु पर्ने थिएन र यदि सबै प्राणीहरू परमेश्वरकै अंश हुन्थ्यो र ब्रह्माण्डमा



Downloaded from http://www.dhamma.digital

जे भैरहेछ सबै उनैको चाहना उनैको योजनाअनुसार भएको हो भने हत्या, हिंसा जस्ता जघन्य अपराधहरूको जवाफदेहिता पनि उनैको हुन्छ, हत्या, हिंसा गर्ने व्यक्तिको होइन । सिङ्गो ब्रह्माण्ड नै अनित्य भएकोले त्यहाँ कुनै नित्य आत्माको अस्तित्वको प्रश्न नै नउठ्ने बताउनुभयो । राजाले बुद्धसंग आफ्नो बेलुवनमा रहन प्रार्थना गर्नुभयो र बुद्धले राजाको अनुरोधलाई स्वीकार्नुभयो । बुद्ध केही समय बेलुवनमा आफ्नो शिष्यहरूको संख्या बढाउँदै रहनुभयो । बेलुवनमै रहँदा प्रधान श्रावकहरू सारिपुत्र र मौदगल्यान उहाँको भिक्षुसंघमा सामेल हुनुभयो ।

## सारिपुत्र र मौदगल्यानको संघमा प्रवेश

सारिपुत्र र मौदगल्यान दुबै असाध्यै मिल्ने साथी थिए । आध्यात्मिक साधनामा दुबै समान थिए । एक दिन यी दुई साथीहरू गुरूको खोजीमा अलग अलग निक्ले जसले उनीहरूलाई सत्यको दर्शन गराउन सक्दथ्यो । दुबैले एक अर्कासंग जसलाई पहिले सत्यको ज्ञान हुन्छ उसले तुरून्तै अर्कोलाई बताउने भनेर प्रतिज्ञा गरेका थिए ।

गुरूको खोजीमा रहेका सारिपुत्रले एकदिन राजगृहनगरमा भिक्षाटन गरिरहेका भिक्षु अश्वजितलाई देखे । उनको इन्द्रिय शान्त थियो । शान्त र गम्भीर मुद्रामा भिक्षाटन गरिरहेका भिक्षुलाई देखेर उनी पक्का पनि अर्हत भैइसकेको वा अर्हतमार्गमा पुगिसकेको हुनुपर्छ भन्ने सोचेर सारिपुत्र उनको पछि लागे । भिक्षाटन गरिसकेपछि भोजनको लागि बस्न लागेका भिक्षुलाई सारिपुत्रले आफ्नो कपडा बिछ्याइ दिए अनि उनले भोजन गरून्जेल प्रतीक्षा गरे । उनले भोजन गरिसकेपछि सारिपुत्रले "तपाई कसलाई गुरू मान्नुहुन्छ र तपाई कसको धर्म रूचाउनु हुन्छ ?" भनेर सोधे । भिक्षुले उत्तर दिनुभयो "मेरो गुरू



Downloaded from http://www.dhamma.digital

ईक्ष्वाकु कुलमा उत्पन्न हुनुभएका महात्मा बुद्ध हुनुहुन्छ, जो सर्वज्ञ तथा देव मनुष्यहरूमा श्रेष्ठ हुनुहुन्छ" । जब सारिपुत्रले उनको गुरूको उपदेशको बारेमा सोधे तब भिक्षुले आफू भर्खरै मात्र बुद्धको शासनमा आएको हुँदा बुद्धको गम्भिर धर्म विस्तारसंग भन्न नसक्ने केवल यति मात्रै भन्न सक्छु भनि बुद्धधर्मको सार समेटिएको निम्न गाथा सुनाए ।

*"य धम्मा हेतुप्पभवा, हेतु तेसं तथागतो आह । तेसं च यो निरोधो, एवं वादी महा समणो ॥"* (जो पदार्थ हेतुबाट उत्पन्न हुन्छ त्यसको हेतु तथागतले बताउनुभएको छ, त्यसको सम्पूर्ण निरोध (जसरी गर्न सकिन्छ) त्यही महाश्रमणको सिद्धान्त हो)" ।

सारिपुत्रको पहिल्यै पर्याप्त आध्यात्मिक विकास भइसकेको थियो । उनले हजारौ तरिकाबाट त्यस श्लोकको वास्तविक तात्पर्य बुझेर त्यसको प्रसंशा गर्नुभयो । उनलाई तत्काल निर्मल धर्मचक्षु प्राप्त भयो र ज्ञान भयो कि संसारका सबै पदार्थ कारणबाट उत्पन्न भएको हुन्छ र दुःखको कारण हो । नित्य सुख प्राप्तिको लागि त्यसको वीउलाई नै समूल नष्ट गर्नु पर्दछ । बुद्ध रहनु भएको स्थानको बारेमा जानकारी लिएपछि उनी आफूहरूले गरेको प्रतिज्ञाअनुसार आफ्ना मित्र मौदगल्यानलाई भेट्न उनको घर गए र भएको सबै घटना र आफूले पाएको ज्ञानबारे जानकारी गराए । त्यो सुनेर पूर्वसंस्कारको कारण परिपक्व भएका मौदगल्यानलाई पनि तत्काल ज्ञानदृष्टि प्राप्त भयो । त्यसपछि दुबै आफ्ना २५० जना सहपाठी साथीहरूको साथमा बुद्धलाई भेट्न उहाँ रहनुभएको बेनुवनतिर लागे । बुद्धले टाढैबाट उनीहरूलाई आइरहेको देखेर ब्रह्मश्वरमा भिक्षुहरूलाई भन्नुभयो "यी दुईजना जो २५० परिब्राजकहरूसंग



Downloaded from http://www.dhamma.digital

आइरहेका छन मेरो शासनमा अग्रश्रावक हुनेछन्" । तिनीहरूले पनि भगवानको सामु पुगेर सादर बन्दना गरी भगवानसंग प्रवज्या[३] मागे । भगवानले "एही भिख्खु !" भनी उनीहरू सबैलाई भिक्षुसंघमा सामेल गराउनु भयो ।

## बुद्धको कपिलवस्तु आगमन

जव बुद्ध राजगृहको वेलुवन विहारमा रहनु भएको कुरा राजा शुद्धोधनले थाहा पाए राजाले बुद्धलाई कपिलवस्तु बोलाउन हजार परिषद् सहित एकजना अमात्यलाई पठाए । राजाको आज्ञा लिएर अमात्य एक हजारको परिषद् सहित राजगृह गए । राजगृहमा पुगेर वेलुवन विहारको एकछेउमा भगवान बुद्धको उपदेश सुनिरहेका अमात्य परिषद् सहित अर्हत भए अनि प्रवजित (भिक्षु) भए । यसरी नौ पटकसम्म पठाउँदा पनि उनीहरूले शुद्धोधन राजाको संदेश सुनाएर बुद्धलाई कपिलवस्तु बोलाइल्याउन सकेनन् । उनीहरू सबै अर्हत भए अनि भिक्षु भएर उतै बस्न लागे । दशौं पटक राजाले हजार परिषद सहित आफ्ना राजपुरोहितका छोरा कालुदायीलाई (जो राजकुमार सिद्धार्थ जन्मेकै दिन जन्मेको थियो) पठाउनु भयो । दूरदर्शी कालुदायी राजासंग पहिले नै भिक्षु हुने अनुमति लिएर मात्र गए । यसरी राजगृह पुगेका कालुदायी पनि बुद्धको उपदेश सुनेर उनीसंग गएका परिषद् सहित क्रमशः अर्हत भए । उनीहरू पनि बुद्धसंग प्रवजित बने । अनि एकदिन भिक्षु कालुदायीले वसन्तऋतुको आगमनसंगै मनोरम बाटोको प्रशंसा गर्दै बुद्धलाई राजाको निमन्त्रणा जानकारी गराए । बुद्धले राजाको निमन्त्रणा स्वीकार गर्नुभयो र २० हजार भिक्षुहरू सहित फाल्गुण पूर्णिमाको दिन राजगृहबाट कपिलवस्तुको लागि निक्लनु

३ भिक्षुभाव



Downloaded from http://www.dhamma.digital

भयो । राजगृहबाट ६० दिन पैदल हिंडेर कपिलवस्तु आइपुग्नु भयो र न्यग्रोध शाक्यको न्यग्रोध आराममा रहनुभयो । राजाले जव यो थाहा पाउनु भयो राजपरिवार र महाजनहरूको साथमा बुद्धको स्वागत गर्नको लागि न्यग्रोधाराम जानुभयो ।

शाक्यकुलका सदस्यहरू ज्यादै अभिमानी थिए । भगवानलाई वन्दना केही नगरी "यो सिद्धार्थ हाम्रै छोरा, नाति त हुन नि" भन्ने भावना लिई खाली केटाकेटीहरूलाईमात्र अगाडि सारी वन्दना गर, प्रणाम गर भनी आफूहरू पछिल्तिर उभिरहे । यो देखी भगवान् बुद्धले तिनीहरूको जातिअभिमान हटाउन आफ्नो ऋद्धिबलले आकाशमा गई रत्नमय चंक्रमणशाला बनाइ त्यसमा चंक्रमण गर्दै आफ्नो पाउको धूलो शाक्यहरूको शिरमा छरिदिनुभयो । यस्तो ऋद्धिदेखेर सर्वप्रथम राजा शुद्धोधनले भगवानलाई साष्टाङ्ग प्रणाम गरे । त्यसपछि सवै शाक्यहरूले पनि भगवानलाई वन्दना गरे । राजा शुद्धोधनको यो तेस्रो पुत्र वन्दना थियो ।

यसप्रकार शाक्यहरूको समागम भइरहँदा त्यहाँ पानीको साह्रै ठूला ठूला थोपाको वृष्टि भयो । फेरि त्यो वृष्टि पनि आश्चर्यजनक थियो । इच्छा भएकालाई मात्र लाग्ने, इच्छा नभएकालाई एकै थोपा पनि नलाग्ने । यस्तो वर्षाबाट आश्चर्यचकित भएका जनसमुदायलाई "यस्तो वर्षा आफन्तहरूको समागमको बेला अतीतकालमा पनि भएको थियो" भनी विश्वन्तर जातकको कुरा आज्ञा गरी धर्मोपदेश गर्नुभयो । धर्मोपदेश सुनिसकेपछि सबैजना भगवानलाई वन्दना, प्रदक्षिणा गरि घर फर्के । कसैले पनि भगवानलाई भोलिकोलागि भोजनको निमन्त्रणा गरेनन् । राजा शुद्धोधन पनि "मेरो छोरा मेरो राजभवनमा नआई अन्त कहाँ जाला र?" भन्ने विचार गरी दरवार फर्के ।



Downloaded from http://www.dhamma.digital

## कपिलपुरमा भिक्षाटन

भोलिपल्ट बिहान भगवान कपिलपुर प्रवेशको लागि निस्कनु भयो । कपिलपुर नगरको द्वारमा उभिएर "अधिअधिका बुद्धहरूले आफ्नो जन्मभूमिमा प्रवेश गर्दा के गरेका थिए" भनी ध्यानदृष्टिले विचार गरी हेर्दा उनीहरू सबैले घरघरै भिक्षाटन गरी हिंडेका थिए भनी "मेरो पनि उही बुद्धकुल हो र मैले पनि त्यस्तै गर्नु पर्छ" भनी नगरभित्र प्रवेश गरी घरघरै भिक्षा माग्दै जानुभयो ।

यसरी सिद्धार्थकुमारले घरघरै भिक्षामाग्दै आए भन्ने सुनेर कपिलपुरका बाल, वृद्ध, सकल नरनारीहरू झ्याल झ्यालमा, बरण्डा कौशीमा निक्ले । यो खबर तुरून्तै राहुलमाताकोमा पनि पुग्यो र झ्यालबाट बाहिर हेरिन् । काषायवस्त्र धारण गरी आफ्नो शरीरको चारैतिर प्रकाश फैलाई तारागणमध्ये निर्मल शान्त चन्द्रमा जस्तो हजारौ शान्तदान्त भिक्षुहरूको बीचमा अति शान्त शाक्यमुनिन्द्र आइरहेको देखिन् । अनि हतारहतार ससुरा शुद्धोधनकोमा गइ "हजुरको पुत्ररत्न शाक्यमुनिन्द्र भगवान बुद्ध हजारौं भिक्षुहरूकोसाथ नगरमा भिक्षाटन गरिरहनुभएको छ" भनिन् ।

महाराज शुद्धोधन पनि हतारहतार दगुर्दै भगवानको अघिल्तिर गई "भन्ते हामीलाई किन लज्जित बनाउनु भएको ? किन घरघरै भिक्षा माग्दै हिड्नुभएको ? के यति भिक्षुहरूलाई भोजन गराउन सक्दिन र ?" भनी भगवानको पात्र समाए ।

भगवानले भन्नुभयो "महाराज यो मेरो वंश परम्परा हो ।"

"हाम्रो वंश महासम्मादि क्षत्रियवंश हैन र ? के हाम्रो पुर्खाहरूले पनि भिक्षा मागेर हिडेका थिए ?"



Downloaded from http://www.dhamma.digital

"महाराज ! तपाईको वंश राजवंश हो । मेरो वंश त दीपंकरादि बुद्धहरूका पालादेखि चलिआएको बुद्धवंश हो । तिनीहरू सबैले अप्रमादी भई भिक्षाटन गरी जीविका गरेका थिए ।" यसरी "अप्रमादी भई धर्माचरण गरिरहेका धर्मचारीहरूलाई यसलोक र परलोक दुबैमा सुख प्राप्त हुनेछ" बाटोको वीचमै धर्मोपदेश गरी महाराज शुद्धोधनलाई स्रोतापत्ति मार्गफलमा प्रतिष्ठित गराउनु भयो ।

त्यसपछि राजाले भगवानको पात्र समाती सकल भिक्षुसंघलाई राजदरबारमा लगी अत्यन्तै प्रणित भोजन गराए । भोजनोपरान्त धर्मोपदेशको अन्त्यमा महाराज सकृदागामी फलमा र गौतमी प्रजापति स्रोतापत्ति फलमा प्रतिष्ठित भइन् ।

दिवाभोजनोपरान्त एकजना राहुलमाता बाहेक राजभवनका सबै नरनारीहरू भगवानको अघिल्तिर गई वन्दना गरे । राहुलमाता चाँहि "यदि ममा राम्रो गुण भए आर्यपुत्र स्वयं यही कोठामा मलाई दर्शन दिन आउनुहुनेछ" भनी आफ्नै कोठामा बसिरहिन् । कही समयपछि "तिमीहरूले यशोधरालाई केही नभन्नु" भनी अग्रश्रावकहरूलाई आज्ञा गरी भगवान स्वयं अग्रश्रावकहरूको साथमा यशोधरा देवीको देवभवन समान कोठामा आउनुभयो र कोठाभित्र आई बिछ्याइराखेको आसनमा बस्नुभयो ।

भगवान आसनमा विराजमान भैसकेपछि यशोधरादेवी दगुर्दै आई पद्मकमलजस्तो श्रीचरणमा शिर राखी छ, छ वर्षदेखि सन्चित अश्रुधारा बहाई हिक्का छाड्दै रोइन् । यशोधरादेवी रूनथालेपछि त्यहाँ उभिरहेका परिचारिकाहरू पनि रोए । यसप्रकारले विरहमा रोइरहेका यशोधरादेवीलाई भगवानले केही भन्नुभएन । देवी



Downloaded from http://www.dhamma.digital

इच्छापूर्ण हुनेगरी रोइसकेपछि आफै धैर्य धारण गरी राजकुलीन परम्परानुसार अत्यन्त आदरपूर्वक एक कुनातिर गई उभिरहिन् ।

त्यसपछि यशोधरादेवीको चालचलनबाट सुप्रसन्न भएका शुद्धोधन महाराजले बुहारीको गुण वर्णन गर्दै "भगवान् ! मेरी बुहारी साह्रै शीलवती छिन् । तपाईंले काषायवस्त्र धारण गर्नुभयो भन्ने सुनेर यिनले पनि त्यसै दिनदेखि राजवस्त्र छाडी काषायवस्त्र धारण गरिन् । तपाईंले फूलमालादि धारण गर्नछाड्नुभो भन्ने सुनेर यिनले पनि रत्नमालादि गहना लगाउन छाडिन् । तपाई अग्लो पलङ्गमा शयन गर्न छोड्नुभयो भन्ने सुनेर यिनी पनि भुइँमै बिछ्यौना लगाएर सुत्न थालिन् । तपाई एक छाकमात्र खानुहुन्छ भन्ने सुनेर यिनले पनि एकै छाकमात्र खान थालिन् । माइतबाट पटक पटक बोलाउन पठाउँदा पनि गइनन् । शरीर एकातिर रहे पनि मन सधैं तपाईमा लगाई तपाईंकै पदगमन गरिरहेकी छिन्" भने ।

यशोधरादेवीको यस्तो गुण वर्णन सुनी भगवानले "महाराज तपाईंजस्तो राजाको संरक्षणमा बसेर यशोधरा देवीले पतिव्रताशील पालनगर्नु ठूलो कुरा होइन । यिनले अतीतकालमा किन्नर योनीमा रक्षा गर्ने कोही नभएको हिमालय पर्वतमा पनि आफ्नो शील नबिगारी पतिव्रताधर्म पालन गरेकी थिइन्"। यति आज्ञा गरी चन्दकिन्नर जातकको कथा धर्मोपदेश गर्नुभयो ।

कपिलवस्तु आएको तेस्रो दिन आफ्ना सौतेला भाइ नन्द र सातौं दिन छोरा राहुलकुमारलाई प्रवजित गराई भगवान बुद्ध राजगृहमै फर्कनुभयो ।



Downloaded from http://www.dhamma.digital

## अनाथपिण्डिक

कपिलवस्तुबाट फर्केपछि जव बुद्ध राजगृहको सीमा नजिकै सीतावन चैत्यमा रहनुभएको थियो । त्यस समयमा अनाथपिण्डिक नाम गरेको एकजना असाधारण धनी श्रेष्ठी व्यापारको सिलसिलामा श्रावस्तीबाट आएर राजगृहमा आफ्नो मित्र मगध श्रेष्ठीको घरमा बसेको थियो । उनले त्यहाँ आफ्नो मित्र मगध श्रेष्ठिबाट बुद्धको बारेमा थाहा पाए । बुद्ध राजगृह नजिकै सीतावन चैत्यमा रहनुभएको थाहा पाएपछि अनाथपिण्डिक महाजन बुद्धको दर्शन गर्नजान आतुर भए । तर त्यसदिन साँझ पर्न लागि सकेकोले उनी भोलि बिहानै बुद्धको दर्शन गर्न जान्छु भन्ने सोंचेर सुत्न गए । बुद्धको दर्शन गर्न महाजन यति आतुर थिए कि आधारातमा उनी तीन पटक उठे अनि अँध्यारोमै सीतावन चैत्यतिर लागे । त्यसबेला भगवान चैत्यको आगनमा चक्रमण गरिरहनु भएको थियो । बुद्धले टाढैबाट अनाथपिण्डिक महाजनलाई आफू भएको ठाउँमा आइरहेको देख्नुभयो र नजिकैको आसनमा बस्नु भयो । अनि अनाथपिण्डिक महाजनलाई भगवानले "आऊ सुदत्त आऊ" भनेर बोलाउनु भयो । भगवान मलाई मेरो न्वारानको नामले बोलाइरहनु भएकोछ भनी प्रफुल्लित अनाथपिण्डिक महाजनले भगवानलाई वन्दना गरी एक छेउमा बसे । भगवानले अनाथपिण्डिक गृहपतिलाई आनुपूर्वी कथा बताउनु भयो । जसरी मैला रहित शुद्ध सफा सुतीको कपडाले राम्रोसंग रंग समात्दछ, त्यसरी नै अनाथपिण्डिक गृहपतिलाई त्यसै आसनमा 'जति पनि समुदय धर्म छन् सबै अनित्य छन्' यस्तो विरज, निर्मल, धर्मचक्षु उत्पन्न भयो । अनाथपिण्डिक गृहपतिले भगवानलाई श्रावस्तीमा वर्षावासको लागि निमन्त्रणा दिनुभयो । भगवानले महाजनको निमन्त्रणा स्वीकार गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

राजगृहमा काम सकेर अनाथपिण्डिक गृहपति श्रावस्तीको लागि निक्लनुभयो । बाटोमा प्रत्येक योजनको दूरीमा मानिसहरूलाई भेलागराएर लोकमा बुद्ध उत्पन्न हुनुभएको सुखद समाचार सुनाए । आफूले बुद्धलाई श्रावस्तीमा आउन निमन्त्रणा गरेको बताउदै आफ्नो गाउँवस्तीमा विहार बनाउन उत्प्रेरित गरे । राजगृह देखि श्रावस्तीसम्म ४५ योजनको दूरीमा प्रत्येक योजनमा विहार बनाउन महाजनले एक, एक लाखको दरले ४५ लाख सहयोग गरे । अनाथपिण्डिक महाजनबाट प्रेरित भएर मानिसहरूले आआफ्नो स्थानमा विहार बनाए ।

श्रावस्ती पुगेर अनाथपिण्डिक महाजनले विहार बनाउन उपयुक्त स्थानको खोजी गरे । उनलाई जेतराजकुमारको जेतवन उपयुक्त लाग्यो । तर जेतराजकुमार जग्गा बेच्न चाहँदैन थिए । उनले 'सुनै बिच्छाए पनि जग्गा नदिने' बताए । अनाथपिण्डिक महाजन यसै कुरालाई लिएर न्यायालय गए । न्यायधीशहरूले 'सुनै बिच्छाए पनि जग्गा नदिने' भनेर राजकुमारले जग्गाको उच्चतम मूल्य तोक्नुभएको छ र यदि कसैले त्यो मूल्य दिन्छ भने उसलाई जग्गा दिनुपर्छ भनेर फैसला सुनाए । अनि गाडा भरिभरी सुनको सिक्का जमिनमा बिच्छयाउन लगाए । गाडा भरिभरी सुनको सिक्का ल्याउन आदेश दिइरहेका महाजनलाई देखेर जेत राजकुमारको मनमा पक्कै पनि यो कुनै ठूलै कार्य हुनगइरहेको हुनुपर्छ भन्ने सोंचेर सिक्का बिच्छयाउन बाँकी केही जमिन र जमिनमा रहेका विरूवाहरू आफ्नो तर्फबाट स्वीकार गर्न गरेको अनुरोधलाई महाजनले स्वीकार गरे । त्यसरी त्यो जमिन खरिद गर्न १८ करोड धन खर्च भएको थियो । अनि त्यस जमिनमा अनाथपिण्डिक महाजनले भगवान प्रमुख अस्सीजना महाश्रावकहरूको निम्ति



Downloaded from http://www.dhamma.digital

विहार बनाउन लगाए । चंक्रमण स्थान, दिवास्थान, रात्रीस्थान, स्नानगृह, धर्मशाला, सभागृह, तलाउ तथा बगैंचा आदि स्थानहरू सुन्दरआकारले बनाउन लगाए । विहार बनाउन १८ करोड खर्च भएको थियो । विहार निर्माणकार्य सम्पन्न भएपछि महाजनले भगवान्‌कहाँ खबर पठाए । भगवान पनि विहार निर्माण सम्पन्न भएको खबर पाउनासाथ हजारौं भिक्षुहरूको साथ राजगृहबाट पैतालीस योजन मार्ग तय गरी श्रावस्ती आइपुग्नुभयो ।

भगवान श्रावस्ती आइपुगे भन्ने सुनेका अनाथपिण्डिक महाजनले आफ्नो छोरालाई वस्त्र अलंकारादिले सिंगारी पाँचसय अरू कुमार हरूको साथमा फूलमाला ध्वजापताकादि समात्न लगाई भगवानको स्वागतको लागि पठाए । तिनीहरूको पछि पछि आफ्ना छोरीहरू महासुभद्रा र चूलसुभद्रालाई अरू पाँचसय कुमारीहरूको साथमा पठाए । त्यसपछि आफ्नी गृहणीलाई पाँचसय स्त्रीहरूको साथमा पठाए र आफूचाहिं सबभन्दा पछाडि पाँचसय गृहपतिहरूको साथमा शुद्धसेतो वस्त्र लगाई भगवानको स्वागतमा गए । बीच बाटोमा भगवानसंग भेट भयो । पूजामान्यादिले स्वागतसत्कार गरी भगवानलाई जेतवन विहारमा ल्याए र सुवर्णकलशबाट जलधारा बगाई जेतवन विहार चारैदिशाबाट आएका र आउने संघको नाममा दान दिए । भगवानले "दानमध्ये विहारदान श्रेष्ठत्तम दान हो" भनी धर्मोपदेश गर्नुभयो । भगवान बुद्धको श्रावस्थी आगमनसंगै अनाथपिण्डिक महाजनले महिनौ दिनसम्म १८ करोड खर्च गरी विहार उत्सव मनाए । यसप्रकारले अनाथपिण्डिक महाजनले जेतवन विहारमा जमिन खरिदमा १८, विहार निर्माणमा १८ र विहार उत्सवमा १८ गरी जम्मा ५४ करोड सम्पत्ति खर्च गरेका थिए ।


Downloaded from http://www.dhamma.digital

## आलवक यक्ष त्रिरत्नको शरणमा

बुद्धले सोह्रौं वर्षाबास श्रावस्ती निकट आलवी नामको स्थानमा बिताउनु भयो । त्यस वर्षाबासको समयमा आलवक यक्ष र आलवीको राजाका छोराले बुद्धको शरण ग्रहण गरे । आलवीका राजा एकपटक सिकार खेल्न बनमा जाँदा आलवक यक्षको कब्जामा परे । त्यस यक्षलाई भोजनको लागि प्रतिदिन एकजना मानिस पठाउने प्रतिज्ञा गरी राजा उसको कब्जाबाट मुक्त भए । पहिले राजाले आफ्नो राज्यका अपराधीहरूलाई त्यस यक्षकोमा पठाए । त्यसपछि आलवीको प्रत्येक घरबाट पालैपालो एक एकजना मानिस पठाउने आदेश दिए । अन्त्यमा राजाको आफ्नै पालो आयो र राजाले आफ्नै छोरालाई यक्ष कहाँ पठाए । त्यसैबेला बुद्ध आलवक यक्षको घरमा पुग्नुभयो र उसको सिंहासनमा विराजमान हुनुभयो । त्यसबेला त्यो यक्ष हिमवत्क्षेत्र गएको थियो । हिमवत्क्षेत्रबाट फर्केका आलवक यक्ष बुद्धलाई आफ्नो सिंहासनमा बसिरहेको देखेर रिसले आगो भए । उनले बुद्धसंग बिभिन्न प्रश्नहरू गरे बुद्धबाट ती सबैको संतोषजनक उत्तर पाएर बुद्धको भक्त बने र आफ्नो कर्मको लागि लज्जित बने । उसले राजाको छोरालाई आफ्नो भोजनको लागि स्वीकार गरेनन् । त्यसरी ज्यान बचेकोमा राजकुमार पनि बुद्धको शरणमा आए र अन्त्यमा अनागामी[४] भए । उसले गरेको एउटा प्रश्न र बुद्धले दिनुभएको जवाफ यसप्रकार छ ।

यक्ष - यस संसारमा पुरूषहरूको कुन चाहिं धन श्रेष्ठ हुन्छ ? कुन

४ त्यस्तो श्रावक जसको अब मनुष्यलोकमा जन्म हुँदैन, ब्रह्मलोकमा जन्मिएर मुक्त हुन्छ ।



Downloaded from http://www.dhamma.digital

कुराको अभ्यास सुखदायक हुन्छ ? रसहरूमा स्वादिष्टकर रस कुन हो ? कस्तो जीवनलाई श्रेष्ठ जीवन भनिन्छ ?

बुद्ध - यस संसारमा पुरूषहरूको श्रद्धा नै सबभन्दा श्रेष्ठ धन हो । राम्रोसंग अभ्यास गरिएको धर्म सुखदायक हुन्छ । सत्यको रस सबै रसहरूमा श्रेष्ठ हुन्छ । प्रज्ञापूर्वक जिउनेहरूको जीवनलाई श्रेष्ठ जीवन भनिन्छ ।

यसरी बुद्धत्व प्राप्त गरिसकेपछि बुद्धले ४५ वर्ष जीवनको अन्तिम क्षणसम्म कहिल्यै आराम पनि नगरी बहुजनको हितसुखको लागि बिभिन्न स्थानहरूमा गएर धर्मको शिक्षा दिंदै रहनु भयो । २४ घण्टामा उहाँ दुई घण्टा मात्रै सुत्नुहुन्थ्यो र सुत्दा पनि होशमा बहुजनको हित र सुखको बारेमा नै सोंचेर सुत्नुहुन्थ्यो । *(यस पुस्तकमा बुद्धको ४५ वर्षको अवधिमा घटेका विभिन्न घटनाहरूलाई समेट्न सकिएको छैन त्यसको लागि अमृतानन्द महास्थविरले लेख्नुभएको बुद्धको जीवनी हेर्नुहोला ।)*

## बुद्धको अन्तिम यात्रा

आफ्नो उपदेशको प्रचार तथा भिक्षुसंघ संगठनको काम समाप्त गरेपछि बुद्धले महापरिनिर्वाणमा प्रवेश गर्ने निश्चय गर्नुभयो । आफ्नो देहत्याग कुशीनगरमा गर्ने विचार गरी उहाँ राजगृहबाट प्रस्थान गर्नुभयो । पाटलीपुत्रको ग्रामपत्ती ब्राह्मण बर्षाकार बुद्ध राजगृहबाट जाँदैहुनुहुन्छ भन्ने थाहा पाएर उहाँसंग भेट गर्न आए र राजा अजातशत्रुको तर्फबाट भगवानसंग वज्जीहरूलाई युद्धमा कसरी हराउन सकिन्छ भनेर सोधे । जवाफमा बुद्धले वज्जीहरूमा रहेको विशिष्टगुण र चर्याहरूको चर्चा गर्दै त्यही गुण र चर्याहरूको कारण



Downloaded from http://www.dhamma.digital

वज्जीगण अजय रहेको बताउनुभयो ।

राजगृह छाडेपछि भगवान अंबलठिका र नालंदा (पावारिकंबवन) हुंदै पाटलीग्राम पुग्नुभयो । जुन त्यतिबेला केवल एउटा सानो गाउँ मात्र थियो, जसको रेखदेख राजा अजातशत्रुका दुई ब्राह्मण अधिकारी सुनिढ र वस्सकारले गर्दथे । राजाले उनीहरूलाई छिमेकी शत्रुराज्य विशेष गरी वज्जीहरूको आक्रमणबाट राज्यको रक्षा गर्न त्यस गाउँको सुदृढ मोर्चाबन्दी गर्ने आदेश दिएका थिए । पाटलीग्रामवासी भक्तहरू र अजातशत्रुका दुई ब्राह्मण अधिकारीहरूले बुद्ध र उहाँको भिक्षुसंघको बडो आदरसत्कार गरे । ती ब्राह्मण अधिकारीहरूले जुन घाट भएर बुद्ध पाटलीग्राम आउनुभयो र जुन घाट भएर उहाँ पाटलीग्रामबाट जानुभयो, त्यसको नाम क्रमश : 'गौतमद्वार' र ' गौतमतीर्थ' राखे ।

पाटलीग्राम छाडेपछि बुद्ध कोटिग्राम र नादिका हुंदै बैशाली (अंबपालिवन) जानुभयो । बाटोमा जहाँ उहाँ बास बस्नुहुन्थ्यो त्यहाँका वासिन्दाहरूलाई धर्मउपदेश गर्नुहुन्थ्यो । आफ्नो आम्रवन (आँपको बगैंचा)मा बुद्ध आउनुभएको थाहा पाएर गणिका अंबपाली उहाँको दर्शन गर्न गइन् र भिक्षुसंघ समेत बुद्धलाई अर्को दिन बिहानको लागि भोजनको निमन्त्रणा दिइन् । बुद्धले तिनको मोहक सौन्दर्य र स्त्री सुलभ हाउभाउबारे भिक्षुहरूलाई सचेत गराउँदै सावधानीपूर्वक आफ्नो इन्द्रियहरूलाई संयममा राख्न भन्नुभयो । जब अंबपाली भगवानलाई भोजनको निमन्त्रणा दिएर घर फर्कदै थिइन् बाटामा तिनको भेट लिच्छवी सरदारहरूसंग भयो । उनीहरू पनि बुद्ध र भिक्षुसंघलाई भोजनको लागि निमन्त्रणा दिन त्यहाँ गएका थिए । उनीहरू बुद्धलाई पहिले निमन्त्रणा दिन चाहन्थे तर बुद्धले



Downloaded from http://www.dhamma.digital

अंबपालीको निमन्त्रणा स्वीकार गरिसक्नुभएको थियो । त्यसैले उनीहरूले प्रशस्त धन सम्पत्तिको लोभ देखाएर अंबपालीलाई आफ्नो निमन्त्रणा फिर्ता लिन अनुरोध गरे तर अंबपालीले उनीहरूको आग्रहलाई स्वीकार गरिनन् । उनले बुद्ध र भिक्षुसंघको स्वागतको पूरै तैयारी गरिन् । बुद्धसहित भिक्षुहरूले उनको घरमा पूर्णसन्तुष्ट भएर भोजन गरे । भोजनदान गरिसकेपछि उनले आफ्नो आम्रवन भिक्षुसंघको लागि दान गरिन् । भगवानले उनको उदारता र धर्मभावको प्रशंसा गर्नुभयो र उनलाई धन र रूपको चञ्चल स्वभावलाई बुझेर धर्मलाई नै सर्वोत्तम गहना ठान्न उपदेश दिनुभयो । उहाँले लिच्छविहरूलाई पनि संवोधन गरी सदाचारको पालन गर्न, सदा सन्मार्गमा लाग्न र धन र शक्तिको लोभ तथा अभिमानमाथि विजय प्राप्त गर्ने उपदेश दिनुभयो । उहाँले उनीहरूलाई ती मिथ्याचारी गुरूहरूबाट सावधान रहन पनि भन्नुभयो जो पशुको झै जीवन बिताएर या दिनको तीनपटक नुहाएर या आगोमा आहुती दिएर अथवा हृदयलाई दुःख दिंदै कठोर तपस्या गरी आध्यात्मिक शुद्धता प्राप्त गर्ने दावी गर्दथे ।

केही समयसम्म अंबपालीको आम्रवनमा रहेपछि बुद्ध आफ्नो संघको साथमा वर्षावास बिताउनको लागि वेलुवगाम जानुभयो । त्यहाँ उहाँ बहुत बिमार हुनुभयो तर आफ्नो रोगलाई ध्यानको बलले दबाएर राख्नुभयो । किनकि आफ्ना असंख्य भक्तजनहरूलाई थाहा नदिई परिनिर्वाण प्राप्त गर्नु उचित नहुने ठान्नुभयो । भगवानबुद्धलाई स्वस्थ पाएर भिक्षु आनन्द बडो प्रसन्न भए र भगवानलाई भने "भगवन ! मलाई थाहा थियो कि आफ्नो शिष्यहरूलाई अन्तिम उपदेश नगरी भगवान परिनिर्वाण हुनुहुने छैन" । तर भगवानले



Downloaded from http://www.dhamma.digital

भन्नुभयो कि "अब म अस्सी वर्षको भइसकें र आफ्नो शरीरलाई एउटा पुरानो रथजस्तै जेनतेन चलाइरहेको छुँ" । आफ्नो शिष्यहरूले अब आफूलाई गुरू मान्ननहुने, उनीहरू आत्मनिर्भर हुनुपर्ने र आफूले दिएको उपदेशहरूमा विश्वास राखेर चार स्मृतिप्रस्थानको अभ्यास गर्नुपर्ने बताउनुभयो ।

भगवान फेरि बैशाली फर्कनुभयो र आनन्दलाई भन्नुभयो कि "मलाई यहाँको उदेन, गोतमक, सत्तंबक, बहुपुत्त, सरंदद र चापाल चैत्य बहुत सुन्दर लाग्छ ।" चापाल चैत्यमा रहंदा उहाँले आनन्दलाई भन्नु भयो कि जो भिक्षु चारऋद्धिपाद (इच्छा, विचार, सादृष्य र अन्वीक्षाको प्रवृत्तिहरूको एकाग्र गर्ने शक्ति) माथि अभ्यस्त वा दखल प्राप्त हुन्छ उसले यदि चाह्यो भने एक कल्प जीवित रहन सक्छ । भगवानको यस प्रकारको संकेतलाई आनन्दले बुझ्न सकेन । अत : त्यसबेला उनले भगवानसंग एककल्प जीवित रहन प्रार्थना गरेनन् । भगवानले समयको महत्वलाई बुझ भन्नुभएपछि आनन्द त्यहाँबाट भगवानलाई वन्दना गरी गए । त्यसै समयमा मार त्यहाँ प्रकट भए र भगवानसंग परिनिर्वाण प्राप्त गर्न प्रार्थना गरे । "भगवान ! अब तपाईंको लोकमा धर्म स्थापित गर्ने र अनेक सच्चा शिष्य बनाउने संकल्प पूरा भयो । अत : अब भगवान परिनिवृत हुनुहोस्" । भगवानले मारको प्रार्थनालाई स्वीकार गर्नुभयो र भन्नुभयो कि "आजको तीन महिनापछि तथागतको परिनिर्वाण हुन्छ" । यसरी मारलाई वचन दिइसकेपछि उहाँले आफ्नो आयुसंस्कार छोड्नु भयो । त्यसबखत पृथ्वी कम्पित भयो । भूकम्पको कारण बुझ्न आएका आनन्दलाई जब आफ्नो प्रिय शास्ता(गुरू)ले आफ्नो जीवनको अन्तिम दिन निश्चित गरिसक्नुभएको थाहाभयो उनी शोकाकूल भए । भगवानले



Downloaded from http://www.dhamma.digital

आनन्दलाई शोक नगर्न भनेर सम्झाउँनुहुँदै भन्नुभयो कि संसारमा प्रियजनहरूसंगको वियोग एउटा अवश्यंभावी घटना हो र जन्म लिएका सबैले निश्चय पनि मर्नैपर्छ । त्यसपछि भगवानले वैशाली आसपासमा रहेका सबै भिक्षुहरूलाई महावन कुटागारशालामा एकत्रित हुन आदेश दिनुभयो र एकत्रित भएका भिक्षुहरूलाई सैंतिस बोधिपक्षीय धर्म नै उहाँको सम्पूर्ण उपदेशहरूको सार हो भनेर भन्नु भयो। फेरि अन्तिम पटक वैशालीको अवलोकन गरेर त्यहाँबाट विदा लिनुभयो र क्रमशः भंडगाम, हात्तीगाम र जंबुगाम पार गरी भोगनगर पुग्नुभयो र भिक्षुसंघलाई सदाचार, ध्यान, ज्ञान प्राप्ति र विमुक्ति सम्वन्धी नियमहरूको पालनमा विशेष ध्यान दिन भन्नुभयो । फेरि उहाँले बुद्धवचन हो होइन सूत्र र विनयमा प्रामाणिकता परीक्षण गरेर मात्र त्यसलाई ग्रहण गर्न समेत आदेश दिनुभयो ।

भोगनगरबाट उहाँ पावा जानुभयो । त्यहाँ उहाँ एक चुन्द नाम गरेको लोहारको छोराको आँपको बनमा रहनुभयो, जसले उहाँलाई भोजनको निमन्त्रणा दियो । भोजनमा चुन्दले सुँगुरको मासु पकाएर बुद्ध समेत भिक्षुहरूलाई दियो । भगवानले सुँगुरको मासु केवल आफूले मात्र लिनुभयो तर भिक्षुहरूलाई पचाउन सक्दैन् भनेर लिन दिनुभएन । उहाँले त्यसलाई खानु त भयो तर धेरै बिरामी हुनुभयो । त्यसबाट उहाँलाई असह्य वेदना भयो । अनि भगवानले आनन्दलाई बोलाएर भन्नुभयो "आनन्द ! तथागतको परिनिर्वाणपछि कसैले पनि चुन्दलाई निरूत्साहित नगर्नु, हतोत्साहित नगराउनु । उनलाई भन्नू कि यो उनको अहोभाग्य हो कि उनको भोजन गरेर तथागत महापरिनिर्वाण हुनुभयो । मैले यो भगवानकै मुखबाट सुनेको, भगवानकै मुखबाट ग्रहण गरेको भनेर भन्नू कि, यी दुइ भोजनदान



Downloaded from http://www.dhamma.digital

महाफलदायी, समान फलदायी हुन्छन् । कुन दुई पहिलो जुन भोजन गरेर सम्यक सम्बोधि प्राप्त भयो र अर्को जुन भोजन गरेर तथागतलाई महापरिनिर्वाण प्राप्त हुन्छ । आनन्द चुन्द कर्मारपुत्रलाई यसरी निश्चिन्त गराउनु, उत्साहित गराउनु" ।

तब उहाँ कुशीनगर जानुभयो र एक वृक्षको छाँयामा चीवर बिच्छयाएर ढल्कनुभयो । त्यसपछि ककुट्टा नदीमा स्नान गर्नुभयो र कुशीनगरमा मल्लहरूको शालवनमा जानुभयो । भगवानको मृत्युहुने समय नजिकिएको खबरले सम्पूर्ण वैशाली यस्तो शोकाकुल देखिन्थ्यो कि जसरी एक बालिका आफ्नो बुवाको मृत्युमा अनाथ भएर शोकाकूल हुन्छ । उनीहरूको शोक यति गम्भीर र मार्मिक थियो कि उनीहरू बोल्न र रून पनि सकिरहेका थिएनन् । उनीहरू मौन रोदन गरिरहेका थिए । वीर लिच्छविगण आफ्नो सम्पुर्ण बल र साहस गुमाई बढो कठिनसंग धैर्यधारण गरी त्यस शोकलाई सहन गरिरहेका थिए । संसारबाट एक महान ज्योति अस्ताउन लागेको थियो र यसले प्रत्येक व्यक्तिको हृदयमा सम्पूर्ण पार्थिव शरीरको एक न एक दिन अन्त्य अवश्यंभावी भएको तत्थ्यलाई उजागर गरिरहेको थियो । विद्वान् भिक्षुगण, देवता र मनुष्यहरूको महान गुरूद्वारा उपदेश गरिएको अनित्य धर्मको ध्यान गरी शान्तिपूर्वक बसिरहेका थिए । उनीहरू आफ्नो सर्वज्ञ प्रभु अब सदाको लागि विश्राम गर्न लागिरहेछ भनेर विचार गरिरहेका थिए । देवताहरूले भगवानको शरीरमा पुष्प वर्षा गर्नको लागि सालका रूखहरूलाई फूलले ढकमक्क ढाकिदिए । सहस्र लोकधातुबाट देवताहरू बुद्धको अन्तिम दर्शन गर्न त्यहाँ आएका थिए । बुद्धको मृत्यु नजिकै आइसकेको थाहा पाएर देवताहरूलाई पनि बडो शोक भैइरहेको



Downloaded from http://www.dhamma.digital

थियो । भगवानले देवताहरूलाई आफ्नो दर्शन गर्न कठिनाई नहोस् भनेर आफ्नो सेवा गरिरहेका भिक्षु उपावनलाई आफ्नो अगाडिबाट हटाउनु भयो । त्यस बेला कुशिनगरको मल्लहरूको शालवन र त्यसको वरिपरि १२ योजन क्षेत्र सबै दस हजार लोकधातुबाट आएका देवताहरूले भरिएको थियो । त्यहाँ कहीं रौंसम्म पनि अटाउने खाली ठाउँ थिएन ।

त्यसपछि भगवान बुद्धले ती चार स्थानहरू जुन उहाँको जन्म, उहाँको बोधिप्राप्ति, धर्मचक्र प्रवर्तन, र उहाँको परिनिर्वाणबाट पवित्र रहे, ती स्थानहरू आफ्नो शिष्यहरूको लागि दर्शनीय रहेको बताउनुभयो । आफ्नो अन्तेष्ठि कसरी गर्ने भन्नेबारे पनि आनन्दलाई बताउनुभयो ।

आनन्दले यस अघि भगवानसंग आफ्नो परिनिर्वाणको लागि चंपा, राजगृह, श्रावस्ती, साकेत, कोसांबी र वाराणसी छ प्रसिद्ध नगरमध्ये कुनै एक ठाउँ छान्न गरेको प्रार्थनालाई उहाँले अस्वीकार गर्नु भयो । उहाँले कुशीनगरको पूर्व महात्म्य बताउनुहुँदै त्यसै नगरमा पहिले पनि ६ पटक आफ्नो निधन भईसकेको र अब यो अन्तिम विश्राम पनि त्यहीं लिने बताउनु भयो ।

तब कुशीनगरका मल्लहरू दौडँदै भगवान अन्तिम विश्राम गरिरहेको ठाउँमा आएर उहाँको पूजा गरे । सुभद्र, जो एक पाखण्डी परिव्राजक थिए, अकस्मात त्यसै समय दौडँदै त्यहाँ आए र बुद्धसंग शिक्षा लिएर भिक्षु बने । भगवानले आफ्नो अन्तिम अवस्थामा पनि उनलाई उपदेश दिनुभयो । सुभद्रलाई दीक्षा दिइसकेपछि भगवानले आनन्दलाई बोलाएर यस्तो आज्ञा गर्नुभयो । "मेरो मृत्युपछि मेरो उपदेश तथा विनयका नियमहरू नै तिमीहरूको गुरू अथवा



Downloaded from http://www.dhamma.digital

पथप्रदर्शक हुनेछ । यदि भिक्षुसंघले आवश्यक ठानेमा विनयका सानातिना नियमहरू छाडन सक्छन् ।"

"भिक्षुहरू हो ! मनमा सन्देह बाँकी छ भने तथागतसंग सोध्न अहिलेसम्म समय छ" । यसरी भगवानले भिक्षुहरूलाई प्रश्न गर्न आज्ञा हुँदा त्यसबखत त्यहाँ उपस्थित त्यतिका भिक्षुहरू सबै चूप लागिरहे अनि आनन्दले भगवानलाई बिन्ती गर्नुभयो "भगवान ! यस परिषदमा शंका भएका भिक्षुहरू कोही छैनन सबै सुप्रसन्न छन् ।" अनि भगवानले भिक्षुहरूलाई संबोधन गरी भन्नुभयो "वयधम्मा संखरा, अप्पमादेन सम्पादेथाति" अर्थात सबै संस्कारहरू अनित्य छन अप्रमादी भएर लक्ष प्राप्तिको कार्य सम्पन्न गर । यही नै भगवानको अन्तिम उपदेश थियो ।

त्यसपछि उहाँ प्रथम ध्यानमा बस्नुभयो र क्रमैसंग द्वितीय, तृतीय र चतुर्थ ध्यानमा बस्नुभयो । चतुर्थ ध्यानपछि आकाशानन्त्यायतन भन्ने अरूपीध्यानमा बस्नुभयो । त्यसपछि क्रमैसंग विज्ञानन्त्यायतन, आकिञ्चन्यायतन, नैवसंज्ञानायतन अनि त्यसपछि निरोधसमापत्ति अथवा संज्ञावेदितब्बो नामक अरूपीध्यानमा बस्नुभयो । तदन्तर फेरि क्रमैसंग प्रथम ध्यानसम्म ओर्लनु भयो र प्रथम ध्यानबाट क्रमशः चतुर्थ ध्यानमा पुग्नुभयो र सधैको लागि आफ्नो भौतिक शरीरलाई छाड्नु भयो । पृथ्वीले कम्पित भएर यस दुःखद घटनाको सूचना दियो ।

*(बुद्धको संक्षिप्त जीवनी समाप्त)*



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्मका मौलिकताहरू

## १. ब्रह्माण्डमा अविनाशी शक्तिको अस्तित्वलाई स्वीकार नगर्नु

संसारमा विभिन्न धर्महरू छन् । विभिन्न कालखण्डमा प्रतिपादित यी धर्महरूको लक्ष र लक्षमा पुग्ने बाटाहरू फरक फरकभैं देखिए तापनि त्यसमा तात्विक भिन्नता देखिँदैन । प्रायः सबै धर्महरूको अन्तिम लक्ष 'स्वर्ग प्राप्ति', 'परमात्मा' अथवा 'मुक्ति प्राप्ति' नै हो र प्रायः सबै धर्महरूले मुक्तिको स्रोतको रूपमा ब्रह्माण्डमा एउटा सर्वव्यापी, शाश्वत र अविनाशी शक्तिको अस्तित्वलाई स्वीकार गरेको पाइन्छ । त्यसै शक्तिलाई सम्पूर्ण ब्रह्माण्डको अधिपति साथै सृष्टि र मुक्तिको स्रोत भनेर मानेको पाइन्छ ।

जसरी भान्टा (Solanum melongena) लाई हामी अंग्रेजीमा (Brinjal) भन्दछौ, त्यसैलाई अमेरिकीहरू (Egg plant) भन्दछन् र अण्डासित परिकार बनाएर खान्छन्, त्यस्तै यूरोपतिर त्यसैलाई (Aubergine) भन्दछन् र आफ्नै तरिकाले परिकारहरू बनाउँछन् । विभिन्न ठाँउको हावापानी, जात आदिको कारणले भान्टाको आकार-प्रकार र रंगमा भिन्नता पाइन्छ, त्यस्तै पकाउने खाने तरिका फरक हुँदा स्वाद पनि फरक हुन्छ, तर वास्तविकतामा नाम जे भनिए तापनि ती सबै भान्टा नै हुन् । त्यस्तै ठाउँ अनुसार नाम र धर्म गुरूहरू फरक फरक भए तापनि ती सबै धर्महरू जसले ब्रह्माण्डमा सर्वव्यापी अविनाशी शक्तिको अस्तित्वलाई स्वीकार गरेको छ र त्यसै शक्तिलाई सम्पूर्ण ब्रह्माण्डको अधिपति साथै मुक्तिको स्रोत मानेर त्यसै शक्तिलाई केन्द्रमा राखेर, त्यसैको जग (Foundation) मा स्थापित भएको


Downloaded from http://www.dhamma.digital

कारण आधारभूत रूपमा ती सबै धर्महरू एउटै हुन् । कर्मकाण्ड (Rituals) का झिना-मसिना कुराहरूमा मात्रै फरक छ, आधारभूत कुरामा फरक छैन् । त्यस अविनाशी शक्तिलाई जेजस्ता फरक नामले संबोधन गरिए तापनि तिनीहरूको परिभाषामा आधारभूत (Fundamental) भिन्नता पाइदैन ।

यसको विपरीत बुद्धले ब्रह्माण्डमा त्यस्तो कुनै नित्य, अविनाशी शक्तिको अस्तित्वलाई स्वीकार गर्नुभएको छैन । यो पहिलो आधारभूत भिन्नता हो जसको कारण बुद्धको धर्म अरू धर्महरूभन्दा फरक छ । बुद्धले कुनै शक्ति अथवा व्यक्ति सधैं-सधैं आफूखुशी ब्रह्माण्डलाई नियन्त्रण गरी भोग गरिरहने कुरालाई स्वीकार गर्नुभएको छैन । भगवान बुद्धले बेला-बेलामा 'मार' शब्दको प्रयोग गरेर राम्रो काम गरी मुक्ति प्राप्तिको मार्गमा लागेकाहरूलाई बाधा अड्चन पुऱ्याउने शक्तिलाई इङ्गित गर्नुभएको पाइन्छ । स्वयं बुद्धले पनि मार सेनाको सामना गरी त्यसलाई परास्त गरिसकेपछि मात्र बुद्धत्व प्राप्त गर्नुभएको थियो । तर त्यस्तो शक्तिशाली मार पनि अमर नहुने र एउटा निश्चित आयु रहेसम्म मात्र त्यस पदमा रहने र त्यसपछि आफ्नो कर्मअनुसार त्यहाँबाट च्युत भएर अरू योनिमा जन्म हुने हुन्छ । यस अर्थमा शक्तिशाली 'मार' को पद नित्य भए तापनि त्यस पदमा बस्ने व्यक्तिचाहिं बदलिरहन्छ कुनै देशको राष्ट्रपतिझैं ।

**अन्धवेणु परम्परा**

भगवान् बुद्धले ब्रह्माण्डमा शास्वत अविनाशी शक्ति भएको कुरा वास्तविकता नभै एउटा काल्पनिक परम्परा मात्रै भएको र यसलाई 'अन्धवेणु परम्परा' भनेर भन्नुभएको छ । 'अन्धवेणु परम्परा'मा दृष्टिविहीनहरूको एउटा समूहलाई एउटा बदमासले 'त्यहाँ पर



Downloaded from http://www.dhamma.digital

खानेकुराले भरिएको एउटा सुन्दर घर छ तिमीहरू पनि त्यतै जाऔं' भनेर झूठो आश्वासन दिन्छ र ती दृष्टिविहीनहरू त्यसैलाई सत्य मानेर एक-अर्काको लौरो समातेर लामो लस्कर बनाएर हिंडिरहेका हुन्छन् । तर त्यस बदमासले भनेको जस्तो सुन्दर घर साँच्चै भए-नभएको कुरा सबभन्दा अगाडिको, दोस्रो, तेस्रो र पछडिको कसैलाई पनि थाहा हुँदैन । मात्र एउटा मीठो खाना खान पाइने र सुन्दर घरमा बस्न पाइने आशा बोकेर हिंडिरहेका हुन्छन् ती दृष्टिबिहीनहरू युग-युगको यात्रामा । भगवान बुद्धले ब्रह्माण्डमा शास्वत अविनाशी शक्ति भएको कुरामा विश्वास गर्नेहरूको ताँतीलाई 'अन्धवेणु परम्परा' जस्तै भनेर भन्नुभएको छ ।

यसरी विभिन्न धर्मले ब्रह्माण्डमा एउटा शाश्वत शक्तिको वकालत गरिरहेको अवस्थामा बुद्धले त्यस्तो हुँदै नभएको र कसैले प्रत्येक्ष नेभेटेको कुराको पछाडि लाग्नुभन्दा प्राणीमात्रले वास्तविक रूपमा प्रत्यक्ष भोगिरहेको दुःख र त्यसको कारणलाई खोज्ने बुझ्ने शिक्षा दिनुभएको छ । दुःखको कारणहरू समूल नष्ट गरी दुःखबाट पूर्ण मुक्त हुन एउटा मात्र सर्वश्रेष्ठ बाटो (एकाएनो अञ्ञं मग्गो), आर्य अष्टाङ्गिकमार्गको शिक्षा दिनुभएको छ ।

## २. मुक्तिको लागि आफैं प्रयत्न गर्नुपर्छ ।

विभिन्न धर्महरूले ब्रह्माण्डमा एउटा शाश्वतशक्तिको अस्तित्वलाई स्वीकार गरेको र त्यसै शक्तिलाई मुक्तिको स्रोत मानेको कारण ती धर्महरूले देखाएको मुक्तिको बाटो पनि त्यसै शक्तिलाई खुशी पार्नमा नै केन्द्रित रहेको पाइन्छ । ती धर्मका गुरूहरू मूर्तिपूजा, भजन-कीर्तन, ब्रत, तीर्थ, यज्ञ, होम, प्रार्थना, प्रभुमा विश्वास, पशुहरूको बलि, पवित्र नदी-तलाउमा स्नान आदिबाट शुद्धि हुन्छ



Downloaded from http://www.dhamma.digital

भनी भन्दछन् । त्यस परम् शक्ति वा प्रभुलाई विश्वास गर्नुमात्रैले पाप नाश हुने र मुक्ति प्राप्त हुने उनीहरूको धारणा छ ।

बुद्धको शिक्षामा विभिन्न नदी, तलाउ आदिमा स्नान गरेर मन पवित्र हुने, मुक्ति प्राप्त हुने, कुनै पवित्र स्थलको दर्शन गरेर पाप नाश हुने आदिजस्ता कुराको स्थान हुँदैन । यसको विपरीत बुद्धधर्ममा मानिसहरू आफ्नो मुक्तिको लागि आफैं जिम्मेवार हुन्छन् । बिना प्रयत्न सजिलै कोही पनि मुक्त हुन सक्तैन न त कसैले कसैलाई मुक्त गर्न नै सक्छ । मुक्त हुन आफ्नो मनलाई सम्पूर्ण ल्केशहरूबाट परिशुद्ध पार्न आवश्यक हुन्छ । त्यसको लागि स्वयं आफैंले शीलको रक्षा र ध्यानको अभ्यास गरी प्रज्ञाको विकास गर्नु आवश्यक हुन्छ । बुद्धले आफूलाई पथप्रदर्शकमात्र बताउनु भएको छ । कसैलाई मुक्ति दिलाउने मुक्तिदाता भन्नु भएको छैन । यो दोस्रो आधारभूत भिन्नता हो जसको कारण बुद्धधर्म अरू धर्महरूभन्दा फरक छ ।

बुद्धले आफ्नो जीवनको अन्तिम समयमा भिक्षु आनन्दलाई आफू जन्मेको स्थान लुम्बिनी, बुद्धत्व प्राप्त गरेको स्थान बोधगया, धर्मचक्र प्रवर्तन गरेको स्थान सारनाथ र महापरिनिर्वाण प्राप्त गरेको स्थान कुशीनगर आफ्ना उपासक-उपासिकाहरूको लागि दर्शनीय रहेको बताउनुभएको थियो । तर ती स्थानहरूको दर्शन-भ्रमणबाट मुक्ति नै प्राप्त हुन्छ भन्ने हुँदैन । मात्र उपासक-उपासिकाहरूलाई शील, समाधिको अभ्यास गर्न उत्साह, उत्प्रेरणा प्राप्त हुने विश्वास गरिन्छ ।

यसरी बुद्धधर्ममा अरू कसैले कसैको मुक्तिको जिम्मा लिन नसक्ने र आफ्नो मुक्तिको लागि आफैंले प्रयत्न गर्नुपर्ने हुन्छ । बुद्धले भिक्षु आनन्दलाई यस्तो भन्नु भएको थियो -



Downloaded from http://www.dhamma.digital

*आनन्द ! अत्त दीपा बिहरथ अत्त शरणा*
*तुमेही किच्चङ आतप्पम अख्तारो तथागत*

अथवा "आनन्द आफ्नो ज्योति आफैं बन, आफ्नो शरण आफैं बन, बुद्धले त बाटोमात्रै देखाउने हो, हिंडेर लक्षमा तिमी आफैंले पुग्नुपर्छ ।"

**धर्म अभ्यासको महत्व**

बुद्धको शिक्षामा बिना धर्मअभ्यास मात्र अध्ययन, पूजापाठ, भजनकीर्तनले केही पनि प्राप्त हुँदैन । बुद्ध कुशल पथप्रदर्शक हुनुहुन्थ्यो । उहाँले कहिलै कसैलाई वरदान पनि दिनुभएन । उहाँले मात्र बाटो देखाउनु भएको छ । बाटोमा नहिंडी कोही पनि गन्तव्यमा पुग्न सक्तैन । हाम्रो नेपालीमा एउटा भनाइ पनि छ, "हिड्यो भने कमिलाले पनि डाँडा काट्छ तर उडेन भने मयूर पनि जहाँको त्यही रहन्छ" । त्यस्तै बुद्धको शिक्षामा पनि अभ्यास गर्नेले स्वयं सत्यको अनुभूति गर्न थाल्छ भने कुरामात्र गर्ने तर अभ्यास नगर्नेलाई केही पनि प्राप्त हुँदैन ।

Dhamma.Digital

बुद्धले संसारमा दुःख छ र दुःखबाट पूर्णमुक्त हुनको लागि प्राणी हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार (sexual misconduct) नगर्नु, झूट नबोल्नु, कडा वचन नबोल्नु, चुक्ली, बकवास र रक्सी आदि नसालु पदार्थको सेवन जस्ता खराब कर्म नगर्नु र नियमित रूपमा ध्यानको अभ्यास गर्नु भनेर एउटा कुशल चिकित्सकले झै आज्ञा गर्नु भएको छ । हामीले दुःखबाट पूर्णमुक्त हुनुछ भने बुद्धले निषेध गर्नु भएको खराबकर्महरूबाट टाढा रहेर नियमित रूपमा ध्यानको अभ्यास गर्नैपर्छ । अभ्यास गर्नुको, प्रयत्न गर्नुको अर्को विकल्प छैन । उहाँले बताउनुभएअनुसार अभ्यास नगरी उहाँको पूजा, भजनकीर्तन आदि



Downloaded from http://www.dhamma.digital

मात्र गरेर कोही पनि दुःखबाट मुक्त हुन सक्तैन । यो तत्थ्यलाई महसुस गरेर जति छिटो शीलपालन र ध्यानको अभ्यास शुरू गऱ्यो त्यति नै बुद्धिमानी हुन्छ ।

## ३. अविनाशी आत्माको अस्तित्व स्वीकार नगर्नु

प्रायः सबै धर्महरूले आत्माको अस्तिवलाई स्वीकार गरेको पाइन्छ । शरीर मरे पनि आत्मा सधै अमर रहन्छ भन्ने विश्वास गरिन्छ । सर्पले काँचुली फेरेभैं आत्माले पनि शरीर फेरिरहने विश्वास गरिन्छ । तर बुद्धले आत्माको अविनाशी अस्तित्वलाई स्वीकार्नुभएको छैन । यो अर्को आधारभूत भिन्नता हो जसको कारण बुद्धधर्म अरूभन्दा फरक छ । बुद्धको अनात्मवादलाई बुझ्न अनित्य (प्रतिक्षण परिवर्तन भइरहने स्वभाव)लाई बुझ्न जरूरी छ । जसरी एउटा बत्ती बल्छ र निभ्छ, प्राणीहरू जन्मन्छन्, बूढाबूढी हुन्छन् अनि मृत्यु हुन्छ । सधारणतया हामीले बुझेको अनित्य यही नै हो । तर बुद्धले बताउनुभएको अनित्यलाई बुझ्न सूक्ष्म रूपले मनन गर्न जरूरी हुन्छ । आमाको अण्डा र बुवाको रजवीजबाट बनेको भ्रूण प्रतिक्षण परिवर्तन हुँदै एउटा पूर्ण शिशु बन्छ र शिशु प्रतिक्षण परिवर्तन हुँदै बालक, युवा, वृद्ध भई मृत्यु वरण गर्दछ । प्रायः हामी मृत्यु भएपछि मात्र अनित्य भएको महसुस गर्छौ तर प्रतिक्षण भैरहेको परिवर्तनलाई अनित्य भनेर महसुस गर्दैनौ । प्रतिक्षण (एक सेकेन्डमा लाखौ पटक) परिवर्तन हुनु नै अनित्य हो ।

बौद्ध ग्रन्थहरूमा अनित्यको सूक्ष्मतालाई बुझाउन एउटा बलिरहेको बत्ती र बगिरहेको नदीको उपमालाई लिइएको पाइन्छ । साधारणतया बत्ती जब निभ्छ तब मात्र हामीलाई बत्ती अनित्य भएको आभास हुन्छ । तर ज्ञानचक्षुले सूक्ष्मरूपमा हेर्दा बत्ती प्रतिक्षण बल्दै निभ्दै



Downloaded from http://www.dhamma.digital

गरेको हुन्छ । पहिले बलेको बत्तीको लप्कालाई त्यसको तुरुन्तै पछि उत्पन्न भएको बत्तीको लप्काले विस्थापित गर्छ । यसरी बत्ती प्रतिक्षण निभ्दै बल्दै निभ्दै बल्दै गरिरहेको हुन्छ र प्रतिक्षण नयाँ बत्तीको लप्काले पुरानो लप्कालाई विस्थापित गर्छ । यो निभ्ने बल्ने क्रम यति छिटो-छिटो हुन्छ की साधारण आँखाले त्यसलाई छुट्याउन सक्तैन । त्यसैले हामीलाई लाग्दछ कि शुरूमा बलेको बत्तीको लप्कानै पछिसम्म पनि बलिरहेछ । तर ज्ञानको आँखाले हेर्ने हो भने त्यहाँ करोडौ, अरबौ बत्तीको लप्का बल्दै निभ्दै गरिसकेको हुन्छ ।

अनित्यलाई बुझाउन सिनेमाको अर्को उपमा दिन चाहन्छु । यो बुझ्न केही सजिलो पनि होला । अहिले त अंकीय (Digital) प्रणालीको विकास भैसकेको छ । तर म पुरानो (Analogue) रिलबाट चल्ने सिनेमाको उपमाबाट भगवान बुद्धले बताउनुभएको अनित्यलाई बुझाउने कोशिस गर्नेछु । आफ्नो मनमस्तिष्कलाई एकछिन एकाग्र गरी सोचौं । सिनेमाको पर्दामा हामी रिलमा खिंचीएको दृष्यहरूको छायाँ देख्छौ । सिनेमाको एउटा रिलको चक्का क्यामेराले खिंचेको लाखौ टुक्रा दृष्यहरूको संयोजन हो । पर्दामा निरन्तररूपमा रिलको अघिल्लो टुक्राबाट उत्पन्न छायाँलाई रिलको लगत्तै अर्को टुक्राबाट उत्पन्न छायाँले विस्थापित गर्छ । रिलको पहिलो टुक्राबाट निस्किएको छायाँ नष्ट हुन्छ र रिलको दोस्रो टुक्राबाट उत्पन्न भएको छायाँले त्यसलाई विस्थापित गर्छ । रिलको दोश्रो टुक्राबाट निस्किएको छायाँ नष्ट हुन्छ र रिलको तेस्रो टुक्राबाट उत्पन्न भएको छायाँले त्यसलाई विस्थापित गर्छ । यो उत्पन्न हुने नष्ट हुने, पुरानो छायाँलाई नयाँले विस्थापित गर्ने क्रम चलिरहन्छ र रिलको अन्तिम भागबाट उत्पन्न भएको छायाँसंगै सिनेमा सकिन्छ । तर दर्शकहरूलाई यस कुराको पत्तो



Downloaded from http://www.dhamma.digital

हुँदैन । उनीहरूलाई त फिल्म शुरू भएको र समाप्त भएको मात्र थाहा हुन्छ । सिनेमामा साधारणतया यो उत्पन्न हुने नष्ट हुने, पुरानोलाई नयाँले विस्थापित गर्ने क्रम एक सेकेण्डमा ३० पटक हुन्छ । यसरी एक मिनेटमा १८०० पटक हुन्छ, एक घण्टामा १०८,००० पटक र पूरै तीन घण्टामा ३२४,००० पटक उत्पन्न हुन्छ नष्ट हुन्छ र पुरानोलाई नयाँले विस्थापित गर्छ ।

भगवान बुद्धका अनुसार सिनेमाको पर्दामा देखिने छायाँ जस्तै सिङ्गो ब्रह्माण्ड पनि उत्पन्न हुँदै नष्ट हुँदै र पुरानो ब्रह्माण्डलाई नयांले विस्थापित गर्दैरहेको हुन्छ । ब्रह्माण्डमा यो ऋम अझ तीव्रगतिमा हुन्छ । पियदस्सी थेराले आफ्नो पुस्तिका "The Philosophy of Change" मा ब्रह्माण्डको अनित्य स्वभावलाई इङ्गित गर्दै "The whole universe is constantly changing, not remaining the same for two consecutive moments" (सिङ्गो ब्रह्माण्ड निरन्तर परिवर्तन भै रहन्छ कि कुनै दुई जोडिएको क्षण पनि यो त्यही रहंदैन) भनेर भन्नुभएको छ । यो सूक्ष्म रूपमा उत्पन्न हुँदै नष्ट हुँदै गर्ने र निरन्तर परिवर्तन भैरहने, पुरानोलाई नयाँले विस्थापित गरिरहने स्वभावलाई नै भगवान बुद्धले अनित्य भनेर भन्नुभएको हो । जब सिङ्गो ब्रह्माण्ड नै अनित्य छ, निरन्तर परिवर्तन भै रहन्छ, प्रतिक्षण (एक सेकेण्डमा लाखौं करोडौ पटक) उत्पन्न हुँदै नष्ट हुँदै रहन्छ भने त्यहाँ नित्य अजर अमर आत्माको अस्तित्वको प्रश्न कहाँबाट आउँछ ?

बौद्ध मतअनुसार आत्मा केवल एउटा धारणामात्र हो, जो म र मेरो भन्ने अनुभूतिको आधार हो । तर त्यसको कुनै स्वतन्त्र आधार छैन । जसरी ऐनाको कारण प्रतिबिम्ब देखिन्छ त्यस्तै स्कन्धको संयोगबाट अहंपनाको उत्पत्ति हुन्छ । प्रत्युत नाम र रूप (Mind



Downloaded from http://www.dhamma.digital

and Matter) अथवा चेतन र जडको आ-आफ्नो विषयसंगको सम्पर्कबाट उत्पन्न पञ्चस्कन्धको कारण म र मेरो भन्ने धारणको बिकास हुन्छ । जस्तै आँखाको कुनै रूपसंगको स्पर्शबाट मनमा प्रिय अप्रिय वेदनाको अनुभूति हुन्छ, र सँगसँगै संज्ञा, संस्कार र विज्ञान पनि उत्पन्न भई मैले यस्तो देखें भन्ने जस्ता अहंपनाको विकास हुन्छ । बुद्धले यसरी पञ्चस्कन्ध नाम (स्पर्श, वेदना, संज्ञा, संस्कार, विज्ञान) र रूप (चक्षु, श्रोत, घ्राण, जिब्रो र शरीर)को आफ्नो विषय बस्तुसंगको स्पर्शबाट उत्पन्न अहंपनालाई ईश्वरको अंश आत्मा भनेर मान्नु उचित नहुने र एउटा भ्रममात्र हुने बताउनु भएको छ ।

**४. ब्रह्माण्डको परिभाषाभित्र अनगिन्ती सौर्यमंडलको स्थानः** प्रायः अरू धर्महरूमा ब्रह्माण्डको परिभाषा एउटा सौर्यप्रणाली (Solar System) भित्रमात्र सीमित रहेको पाइन्छ । सौर्यप्रणालीलाई बुद्धधर्ममा चक्रवाल भनिन्छ । हिन्दू धर्मका कथाहरूमा ब्रह्माण्डलाई तीन त्रिलोक १४ भुवन भन्ने गरेको पाइन्छ । तीन त्रिलोक भनेर स्वर्ग, मर्त्य र पाताल भन्ने बुझिन्छ र यो एउटा सौर्यप्रणालीभित्रै सीमित छ । इशाई धर्ममा पनि पृथ्वी, परमात्मा र नर्क गरी तीन लोककै परिकल्पना गरिएको पाईन्छ ।

तर बुद्ध धर्मले गरेको ब्रह्माण्डको परिभाषा एउटा सौर्य परिवारको सीमाभन्दा धेरै ठूलो छ । बुद्ध धर्ममा एउटा चक्रवाल (सौर्य पद्धती) भित्र मात्रै ३१ वटा भुवन रहेको वताईन्छ । मनुष्य लोकभन्दा तल चार, (पशु, नर्क, प्रेत, असुर) ६ वटा देवलोक, १६ वटा रूप ब्रह्मलोक, ४ वटा अरूप ब्रह्मलोक र मनुष्यलोक गरी जम्मा ३१ । अनि अनगिन्ती चक्रवालहरू मिलेर ब्रह्माण्ड बनेको हुन्छ । दश हजार चक्रवाललाई सम्यक सम्बुद्धको प्रभावक्षेत्र मानिन्छ ।


Downloaded from http://www.dhamma.digital

## ५. अन्धविश्वासको कुनै स्थान नहुनु (कालामो सूत्र)

प्रायः धर्महरू विश्वासमा अडेका हुन्छन् । जब गुरूहरू तर्कबाट जिज्ञासाहरूको जवाफ दिन सक्तैनन्, उनीहरू शिष्यहरूलाई विश्वास गर्न भन्दछन् । यतिमात्र होइन जर्वर्जस्ती डर त्रास देखाएर भ्रम छर्ने चलन पनि नभएको हैन । आफ्नो विचारको प्रचारप्रसार गराउन विभिन्न चामत्कारिक घटना घटेको र सो को प्रचारप्रसार गर्दा यति लाभ भएको र त्यसको वेवास्ता गर्दा ठूलो नोक्सानी भएको भन्ने जस्ता भूट्टा कुरा गरी मानिसहरूमा मनोवैज्ञानिक दबाब दिने चलन पनि चलेको छ । तर यस्तो कुरो बुद्धको धर्ममा लागू हुँदैन । भगवान बुद्धको शिक्षामा अन्धविश्वासको कुनै स्थान छैन । उहाँले जुनसुकै कुरालाई पनि नजाँची नबुझी स्वीकार नगर्न भन्नु हुन्थ्यो । कालामोहरूलाई दिनु भएको उपदेशमा यसरी भनिएको छ ।

*हे कालामो आओ !*

*तिमीहरु कसैको कुरालाई यसकारण स्वीकार नगर कि यो यसरी नै भनिँदै/सुनिँदै आएको हो ।*

*यसकारण, स्वीकार नगर कि यो पुस्तौंदेखि हाम्रो परम्पराअनुसार चलिआएको हो ।*
*यसकारण, स्वीकार नगर कि यो हाम्रो धर्मग्रन्थको अनुकूल छ ।*
*यसकारण, स्वीकार नगर कि यसै मन्यताप्रति हामी अडिग छौं ।*
*यसकारण, स्वीकार नगर कि यसको उपदेश दिने व्यक्ति आकर्षक छ ।*
*यसकारण, स्वीकार नगर कि यसको उपदेश दिने व्यक्ति हाम्रो गुरू हो र आदरणीय हुनुहुन्छ ।*
*जब कालामो, तिमीहरू आफैं जान्दछौ कि यो धर्म, उपदेश कुशल छ, निर्दोष छ, विज्ञहरूद्वारा प्रशंसित छ अनि आफैं थाहा पाउँछौ त्यस*



Downloaded from http://www.dhamma.digital

*धर्मअनुसार आचरण गर्दा हित हुन्छ, सुख हुन्छ भने कालामो त्यस धर्मलाई स्वीकार गर । यदि तिमीहरू आफै यो थाहा पाउँछौ कि यो धर्म अकुशल छ, यो दोषसहित छ विज्ञहरूद्वारा निन्दित छ, यसमा भने अनुसार आचरण गर्दा अहित हुन्छ, दुःख हुन्छ भने हे कालामो ! तिमीहरू त्यस धर्मलाई छाडिदेऊ, त्यसलाई स्वीकार नगर ।*

## ६. मध्यम मार्ग

भगवान् बुद्धको शिक्षाको अर्को मौलिकता मध्यम मार्ग हो । उहाँले सांसारिक भोग विलासमा लिप्त भएर बस्नु र तपश्चर्याको नाममा शरीरलाई अनावश्यक दुखदिनु दुबै गलत भएको बताउनुभएको छ र मुक्तिको चाहना गर्नेहरूले यी दुई अति (extreme) हरूबाट बचेर मध्यममार्गको अनुशरण गर्न उपदेश दिनुभयो । बुद्धको शिक्षामा घाँटीसम्म जमिन मुनि गाडिएर बस्ने, चिसो पानीमा डुबेर पवित्र हुने जस्ता कुराहरूको कुनै स्थान हुँदैन ।

धम्मपदमा यसरी भनिएको छ :

*किं ते जटाही दुम्मेध-किं ते अजिन साटिया ।*
*अब्भन्तरं ते गहणं-बाहिरं परिमज्जसि ।*

(हे दुर्बुद्धि ! जटा पालेर मात्रै के हुन्छ ? मृगचर्म लगाउँदैमा के हुन्छ ? तिम्रो भित्री हृदय फोहरले भरिएको छ भने बाहिर मात्रै धोएर के हुन्छ ?)

*न नग्गचरिया न जटा न पङ्का ना'नासका थण्डिलसायिका वा ।*
*रजो च जज्लं उक्कुटिकप्पधानं सोधेन्ति मच्चं अवितिण्ण कङ्ख ।*

(नाङ्गो बसेर, जटा पालेर, हिलोमा लडिबुडी गरेर, भोकै बसेर, भुइँमा सुतेर, खरानी दलेर बस्दैमा कोही पनि शुद्ध हुन सक्दैन)।



Downloaded from http://www.dhamma.digital

# धर्म के हो ? के होइन ?

*मनमे खोट और मुखमे हरि फिर मन्दिरमे जाने से क्या फायदा ?*
*मैल मनका नाधोया वदन धो लिया फिर गंगा नहाने से क्या फायदा ?*

-कुमार विष्णु भजन

आदिमकालदेखि मानिसहरूले धर्मलाई आ-आफ्नै सोच र परिवेशअनुसार परिभाषित गर्दै अपनाउँदै आएको पाइन्छ । स्वभावतः मानिसहरु आफ्नो सोच र धारणालाई नै सर्वोत्तम र विकल्परहित ठान्छन् । कोही पवित्र गंगामा स्नान गर्नुलाई सम्पूर्ण पाप नाश गरेको ठान्छन्, कोही धार्मिक स्थलमा गएर बत्ती बाल्नु, तीर्थस्थलको यात्रा गर्नुलाई नै धर्म गरेको ठान्छन् । कोही विभिन्न धार्मिक पीठमा गएर पवित्र हुने कुरामा विश्वास गर्छन् । निश्चित तिथिमितिको संगम परेको दिन काठमाडौं उपत्यकामा भएका विभिन्न स्तूपामा एक पाइला हिंडेबराबर एक तोला सुन दान गरेबराबर पुण्य हुन्छ भनेर दिनभर रातभर हिंडेको हामीले देखेका छौं । त्यस्तै, आफ्नाहरूको सुखसमृद्धिको कामना गरेर व्रत बस्नु पनि हाम्रो धार्मिक संस्कृतिको अभिन्न अंग भएको छ । धर्मको नाममा आफ्नै नांगो आङमा कोर्रा, चेन आदिले पिट्दै रगत निकाल्ने, हातखुट्टामा किल्ला ठोक्नेजस्ता काम गरेर शरीरलाई कष्ट दिएको टेलिभिजनहरूमा देख्न पाइन्छ । भाकल गरेअनुसार छोरा जन्मिएको भनेर एक भारतीय नागरिकले केही वर्ष पहिले बाराको गढीमाई मन्दिरमा १ सय ८ राँगाको बलि दिएको प्रसंग यहाँ उल्लेख गर्न चाहन्छु । धर्मकै नाममा त्यहाँ लाखौं पशुपन्छीको बलि चढाइन्छ । केही वर्ष अघि नवलपरासीमा देवतालाई खुसी पार्न भनेर बालकको



Downloaded from http://www.dhamma.digital

घाँटी रेटेर बलि दिइएको घटनाले धर्मको नाममा मानिसहरु कतिसम्म क्रूर र अन्धा हुन सक्छन् भनेर अन्दाज गर्न सकिन्छ ।

पूज्य विपश्यना आचार्य सत्यनारायण गोयन्काले 'धर्म जीवन जिनेकी कला'मा भन्नुभएको छ कि हामी जुन परिवार, परिवेशमा हुर्कन्छौं, जुन सामाजिक, धार्मिक मान्यता, जुन आध्यात्मिक परम्परा सुन्दै आएका हुन्छौं, त्यसको हामीमा यति गहिरो छाप परेको हुन्छ कि हामी त्यसलाई नै अन्तिम सत्य मान्छौं र त्यसलाई छोडेर त्यससँग नमिल्ने अर्को मान्यता स्वीकार गर्न तयार हुँदैनौं । त्यसले हाम्रो धार्मिक आस्था र मान्यतालाई एकतर्फी सवारीझैं बनाइदिन्छ । हामीलाई शुद्ध धर्म र वास्तविक सत्यबाट टाढा राख्छ । एउटा धर्म सम्प्रदायको नशा लागिसकेपछि त्यसबाट बाहिर निस्कन गाह्रो हुने भएकाले धर्मलाई अफिमको नशा भनेर पनि भनिन्छ । अफिमको नशा केही समयपछि हराउँछ तर धर्म सम्प्रदायको नशा जन्मजन्मसम्म रहिरहन सक्छ । त्यसैले, यो अफिमको नशाभन्दा पनि हानिकारक हुन्छ । यो एउटा दुश्चक्र नै हो । *त्यसैले, कुनै धार्मिक आध्यात्मिक मान्यतालाई स्वीकार गर्नुपूर्व मूल्यांकन, पुनः मूल्यांकन गर्नु आवश्यक हुन्छ ।* यसमा आफ्नो विवेकको प्रयोग गर्न जरूरी हुन्छ ।

## धर्म के हो ?

शास्त्रमा मानवतालाई नै धर्म भनेर भनेको पाइन्छ । धर्म विवेकसम्मत सोच (Common sense) अनि विवेकसम्मत आचरण हो । जसरी हामीलाई आफ्नो प्राण प्यारो लाग्छ, त्यसरी नै सबै प्राणीलाई आफ्नो प्राण प्यारो लाग्छ । हामी मानिसहरुझै उनीहरु पनि मर्न चाहँदैनन् । अरु प्राणी पनि आफूजस्तै हुन् भन्ने सम्झेर कसैको हिंसा नगर्नु/नगराउनु धर्म हो । पशुपन्छीको मस्तिष्क हाम्रो जस्तो विकसित हुंदैन । उनीहरुको जीवन हाम्रो भन्दा गुज्रेको र दुःखमय



Downloaded from http://www.dhamma.digital

मानिन्छ, तर उनीहरु पनि मर्न चाहँदैनन्, असुरक्षित रहन चाहँदैनन् भन्ने बुझेर सबै प्राणीप्रति विवेकसम्मत आचरण गर्नु, दया र करूणाभावको विकास गर्नु धर्म हो । कन्फुसियसले भनेझैं हामी अरूबाट जस्तो व्यवहारको अपेक्षा गर्छौं त्यस्तै व्यवहार सबैसँग गर्नु धर्म हो ।

भगवान् बुद्धले धर्मलाई सरल भाषामा यसरी परिभाषित गर्नुभएको छ :

*सब्ब पापस्स अकरणं- कुशलस्स उपसम्पदा ।*
*सचित्त परियोदपनं यतं बुद्धानु शासनं ।*

(कुनै पनि पापकर्म नगर्नु, पुण्यकर्मको सञ्चय गर्नु र आफ्नो चित्त सफा गर्नु नै धर्म हो, सबै बुद्धहरूको शिक्षा हो ।)

महर्षि वेदव्यासले १८ पुराणहरूको सारांशको रूपमा अरूको उपकार गर्नु पुण्य हो र अरूलाई दुःख दिनु पाप (परोपकाराय पुण्याय पापाय परपीडानम्) भनेर धर्मलाई परिभाषित गर्नुभएको छ ।

पूज्य विपश्यनाचार्य सत्यनारायण गोयन्काका अनुसार धर्म स्वयं आफू सुखपूर्वक जिउने र अरूलाई पनि सुखपूर्वक जिउन दिने 'जीवन जिउने कला' हो । धर्मले जीवन जिउन मात्र होइन, मृत्युलाई सहज रूपमा स्वीकार्न पनि सिकाउँछ । यसर्थ, धर्म जीवन जिउनेमात्र होइन 'सहजसँग मृत्युवरण गर्ने कला' पनि हो ।

भारतका पूर्व राष्ट्रपति डा. राधाकृष्णनका अनुसार धर्म एउटा शक्ति हो, जसले मानव सभ्यतालाई आकार र स्थायित्व प्रदान गर्छ । डा. अम्बेडकरका अनुसार धर्म मानिस र कुनै अदृश्य देवता अथवा परमेश्वरबीच होइन, मानिस-मानिसबीचको सम्बन्ध राम्रो बनाउन केन्द्रित हुनुपर्छ । धर्मको उद्देश्य मानिसले मानिससँग कसरी व्यवहार गर्नुपर्छ भनेर सिकाउनु हो, ताकि पृथ्वीका सबै मानिस सुखपूर्वक बाँच्न सकून् ।


Downloaded from http://www.dhamma.digital

## धर्म र अन्धविश्वास

साधारणतः धर्म अन्धविश्वासमै रमाएको पाइन्छ । मेरा एक सहकर्मी दाइले आफ्नो बुबाको बर्खीको एक वर्षसम्म आफूलाई मनपर्ने तरकारी खान छाड्नुभएको रहेछ । आमाको बर्खीमा दूध र बुबाकोमा दही बार्नेबारे सुनेको थिएँ, तर यसरी आफूलाई मनपर्ने तरकारी खाना आदि बार्ने कुरा थाहा थिएन । मैले उहाँलाई मनपर्ने तरकारी आदिको सट्टा मन पर्ने रक्सी, चुरोट छाड्नुभएको भए धर्मको नाममा स्वास्थ्यलाई पनि फाइदा हुन्थ्यो भनेर भने । मेरो कुरा सुनेर अरु कसैले पनि यस्तै कुरा सुझाएको थियो भनेर उहाँ मुस्कुराउनुभयो । ज्ञानीहरु मृत्युलाई स्वाभाविक र अकाट्य सत्य मान्छन् र आमाबुवाको सेवा जीवत छँदै गर्ने गर्छन् । तर, यसरी स्वर्गीय आमाबुवाको नाममा केही बार्ने नै हो भने रक्सी, चुरोट, जुवा, तास आदिचाहिं बार्नु भनेर गुरूपुरोहितहरूले सिकाएको भए कति उपकारी हुन्थ्यो होला ।

महान् वैज्ञानिक अल्बर्ट आइन्सटाइनले भन्नुभएझैं वैज्ञानिक आधार भएन भने धर्म लंगडो (Religion without science is lame) हुन्छ । धर्ममा पनि प्रकृतिको नियम लागू हुन्छ । यसर्थ, धर्मलाई विज्ञान पनि भन्न सकिन्छ । जसरी धानको बीउबाट धानै फल्छ । त्यसरी नै अरूको भलाइ हुने कर्मबाट आफ्नो पनि भलाइ नै हुन्छ । तीतेकरेलाको बीउले तीतै फल दिन्छ र गुलियो अंगुरको बीउबाट अंगुरै फल्दछ, चाहे त्यो बीउ रोप्ने व्यक्ति बौद्ध होस्, चाहे त्यो हिन्दू, इसाई या मुस्लिम त्यसले केही फरक पार्दैन । त्यसरी नै हिंसा, चोरी, व्यभिचारजस्ता कुकर्मले नराम्रै फल दिन्छन् भने अहिंसा, सदाचार आदि राम्रा कर्मले राम्रै फल दिन्छन् । नराम्रा वचनले दण्डित गराउँछ भने सत्य र मधुर वचनले पुरस्कृत । मन,



Downloaded from http://www.dhamma.digital

दया र करूणाले भरिएको छ भने हामीलाई यसै जीवनमा शान्ति र सुख प्राप्त हुन्छ । यसका लागि अर्को जन्म पर्खिरहनुपर्दैन । त्यस्तै, यदि मन घृणा, ईर्ष्या र रिसले भरिएको छ भने स्वाभाविक रूपमा हाम्रो जीवन अशान्त रहन्छ र यसै जीवनमा नै हामी विभिन्न रोगका सिकार हुन्छौं ।

## धर्ममा जवाफदेहिता

धर्ममा पनि जवाफदेहिता हुनु जरूरी छ । आफूले गरेका कुशल अकुशल कर्मको जिम्मेवारी आफैंले लिनुपर्छ । अस्पतालका बिछयौनामा लडिरहेका हाम्रा नजिकका प्यारा, आमाबुवा, श्रीमान्, श्रीमती, छोराछोरीको दर्दपीडा हामीले पनि थोरैथोरै बाँडेर लिन मिल्ने भए कति राम्रो हुन्थ्यो होला । अफ्शोस हामी आफ्नाहरूको दुःखमा दुःखी हुन सक्छौं, रून सक्छौं, तर पीडा बाँडेर लिन सक्तैनौं । आफ्नो पीडा आफैले सहनु पर्दछ । यसबाट बुझ्न जरूरी छ कि आफूले गरेका राम्रा नराम्रा कर्मको फल स्वयं आफैंले भोग्नुपर्दछ ।

कसैलाई पूजा गरेकै कारण, विश्वास गरेकै कारण हाम्रा सबै बेइमानी र कुकर्महरूबाट मुक्ति मिल्छ भनेर विश्वास गर्नु विवेकसम्मत छैन । जसरी आगो समात्ने सबैलाई आगोले जलाउँछ, त्यसरी नै पापले पनि आफूलाई अँगाल्ने वा धारण गर्ने कसैलाई पनि सजाय नदिई छाड्दैन । कर्मको कानुन स्वयं सञ्चालित हुन्छ र त्यसमा कसैको भनसुन, चाकडी केही चल्दैन । धम्मपदमा यसरी भनिएको छ–

*जगत्मा त्यस्तो ठाउँ कहीं छैन, न त अन्तरिक्षमा, न त समुद्रको बीचमा, न त कुनै पर्वत या गुफामा जहाँ रहेर आफूले गरेका पापकर्मको दण्डबाट बच्न सकियोस् ।*



Downloaded from http://www.dhamma.digital

## बलि एक कुप्रथा

एकातिर हामी सबै प्राणीलाई भगवान्को सृष्टि, सन्तान भनेर भन्छौं, तर अर्कोतिर आफ्नो र आफ्नाहरूको सुख र समृद्धिको कामना गरेर निर्दोष प्राणीहरूको बलि चढाउँछौं । एक्काइसौं शताब्दीमा पनि निर्दोष पशुपन्छीहरूको बध गर्नुलाई धर्म गरेको भन्छौं भने हाम्रा लागि पापको परिभाषा चाहिं के हो त ? यहाँनेर हाम्रो विवेकले के भन्छ ? पवित्र मन्दिरलाई बधशाला बनाउनुलाई कसरी पुण्यकार्य मान्न सकिन्छ ? माईको अर्थ आमा हुन्छ । गढीमाईले आफ्नै सन्तानको बलि कसरी स्वीकार्न सक्छिन् ? यो कसरी धर्म हुन सक्छ ? गम्भीर भएर सोच्न जरूरी छ । पशुपन्छीको बलि चढाएर आफ्नो र परिवारको सुखशान्ति, स्वर्ग प्राप्तिको कामना गर्नु हलाहल विषको बिरूवा रोपेर अमृतको चाहना गर्नु जस्तै हो । आँप खान चाहनेले आँपको कलमी बिरूवा रोपेर त्यसको हेरविचार गरे पुग्छ । भगवान्लाई पुकारिरहन जरूरी छैन । समय आएपछि आँप आफैं फल्छ, पाक्छ र त्यो गुलियो हुन्छ । त्यसरी नै सबैको भलाइ चाहनेहरु स्वतः आफू पनि सुखी हुन्छन् ।

बुद्धको समयमा पाँच सय साँढे, पाँच सय बहर, पाँच सय बाछी, पाँच सय बोका र पाँच सय भेडाको बलि दिई गरिने यज्ञको पूर्ण तयारी गरिसकेका उद्गत शरीर नाम गरेका एकजना ब्राह्मणको जिज्ञासामा भगवान् बुद्धले यसरी भन्नुभएको पाइन्छ[५] - 'हे ब्राह्मण ! यज्ञमा बलि दिने भनेर मौलामा पशु बाँधी राख्नेको मनमा यज्ञ गर्नु अगावै यसप्रकार पापचेतना उत्पन्न हुन्छ । यज्ञमा यति साँढे काट्नेछु, यति बाच्छा काट्नेछु, यति बोका यति भेडा काट्नेछु । यसप्रकारले यज्ञद्वारा पुण्य गर्छु भन्दाभन्दै अपुण्य गर्न पुग्छ, राम्रो गर्छु भन्दाभन्दै खराब कर्म गर्न

५ आचार्य भिक्षु अमृतानन्द, बुद्धकालीन ब्राह्मण, संग्रह १, पेज ८२ देखि ८६



Downloaded from http://www.dhamma.digital

पुग्दछ, सुगतिको मार्ग पहिल्याउँछु भन्दाभन्दै दुर्गतिको मार्ग पहिल्याउन पुग्दछ । जो अकुशल हुन्छ, दुःखदायी हुन्छ र दुःख विपाकी हुन्छ ।'

परम्परा संस्कृति आदिको नाममा विवेकलाई बन्धक बनाइराख्दा विषालु सर्पलाई लौरो सम्झेर समातेजस्तै जीवनभर संस्कृतिको नाममा विकृति र धर्मको नाममा पापलाई अँगालिरहिने डर हुन्छ । यसरी सर्प समात्नेहरूले सर्पले नडसेसम्म विषधारी सर्प समातिरहेको पत्तै पाउँदैन । विपश्यना आचार्य पुज्य सत्यनारायण गोयन्काका अनुसार अधर्मलाई धर्म भनेर जिउनु अफिमको नशाभन्दा पनि ठूलो बेहासीमा जीवन बिताउनु हो । अधर्मलाई धर्म मानेर जिउनेहरूले सारा जीवन अधर्मलाई नै अँगालेर बिताउने डर रहिरहन्छ । परम्परा बचाउन वकालत गर्नेहरूले पनि अब बुझ्नुपर्छ कि यस्ता कुप्रथाहरूलाई निरन्तरता दिनुपर्छ भन्नु कुतर्क मात्र हो । नदीले फोहरमैलालाई किनारा लगाउँदै आफ्नो पवित्रतालाई कायम राखेझै मानव समुदायले पनि यस्ता कुप्रथाहरूलाई हटाउँदै अघि बढ्न सक्नुपर्छ ।

कालामो सूत्रमा कालामोहरूलाई आफ्नो विवेकको प्रयोग गर्नेबारे भगवान् बुद्ध यसरी भन्नुहुन्छ–

*हे कालामो ! जब तिमीहरु आफैं जान्दछौ कि यो धर्म, उपदेश कुशल छ, निर्दोष छ, विज्ञहरूद्वारा प्रशंसित छ अनि आफैं थाहा पाउँछौं कि त्यसअनुसार आचरण गर्दा हित हुन्छ, सुख हुन्छ भने कालामो त्यस धर्मलाई स्वीकार गर । यदि तिमीहरु आफ्नो विवेकबाट आफैं थाहा पाउँछौं कि यो धर्म अकुशल छ, दोषसहित छ, विज्ञहरूद्वारा निन्दित छ र त्यसमा भनेअनुसार आचरण गर्दा अहित हुन्छ, दुःख हुन्छ भने त्यस धर्मलाई छाडिदेऊ, त्यसलाई स्वीकार नगर ।*

ज्ञानीहरूका अनुसार संसाररूपी भवचक्रमा अनादिकालदेखि जन्मँदै



Downloaded from http://www.dhamma.digital

आउँदा हाम्रो कुनै न कुनै जन्ममा नाता नपरेका प्राणीहरु भेटाउन गाह्रो हुन्छ । त्यसैले, उहाँहरूले सबै प्राणीहरूमा बन्धुत्व देख्न र सबैप्रति मैत्री, करूणाको भाव फैलाउन सिकाउनुभएको छ ।

## धर्म र कर्मकाण्ड

ज्ञानीहरु कुनै अदृश्य काल्पनिक शक्तिलाई रिझाउनुभन्दा पनि आफ्ना दैनिक जीवनसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कमा रहेकाहरूलाई विवेकसम्मत व्यवहार गर्ने शिक्षा दिन्छन् । सिगालोवाद सूत्रमा आफ्ना पिताको अन्तिम इच्छाअनुसार दिनहुँ ६ वटा दिशालाई नमस्कार गर्ने गरेका सिगालपुत्रलाई भगवान् बुद्धले ६ वटा दिशाहरूबारे यसरी बताउनुभएको छ- 'मातापिता पूर्व दिशा हुन्, गुरूआचार्य दक्षिण दिशा, पत्नी छोराछोरी पश्चिम दिशा, इष्टमित्र उत्तर दिशा, श्रमण ब्राह्मण माथिल्लो दिशा र नोकरचाकर तलतिरको दिशा हुन् भनेर यी सबैसँग विवेकसम्मत, न्यायोचित व्यवहार गर्नु नै वास्तवमा ६ दिशालाई नमस्कार गर्नु हो ।

घरमा वृद्ध आमाबुवा, सासुससुरा तिरस्कृत रहनु तर छोराबुहारीहरु घण्टौं मन्दिर, पूजाकोठामा पूजा गरेर बिताउनु ढोंगभन्दा बढी केही होइन । जीवित छँदा हेला गर्ने, कर्तव्यबाट भाग्ने अनि मरेपछि कपाल खौरने, सेतो लुगा लगाउने, खाना बार्ने, छाक छोड्ने संस्कृति पनि देखाउने कर्मकाण्ड मात्र हुन् । बिरामी हुँदा औषधि उपचार र उचित स्याहार नगर्ने अनि मरेपछि गरिने कर्मकाण्डमा घरखेत बेच्नुपर्ने विकृतिबाट पनि बाहिर निस्कनु जरूरी छ ।

सबैले आफ्ना सन्तानलाई दुःख गरेरै हुर्काएका हुन्छन् । त्यसैले, आफ्ना सन्तान आफूहरूप्रति आज्ञाकारी (Loyal) हुन्छन् भन्ठान्नु स्वाभाविक हुन्छ । तर, आफूहरूलाई पनि आफ्ना आमाबुवाले त्यसरी नै दुःख गरेर



Downloaded from http://www.dhamma.digital

'आफैंले जन्माएको सन्तानले घाँटी थिचेर मार्न आँटेपछि किन घर बस्ने भनेर मन भुलाउन देवघाट झरें । जसलाई जन्म दिएँ, उसैले तँलाई होइन, बरू कुकुर्नीलाई आमा भन्छु भन्दै कुटेर निकालिएपछि घर बिरानो बन्यो, त्यही भएर बिरक्तिएर यता आएँ । नाति जन्मिएपछि घर पुगें, १५ दिन बस्दा पनि बुहारीले वास्ता गरिन, घरभरि धान हुँदा समेत लिएर जान भनिन ।'

'परिवारको हेलापछि देवघाटको बास', विमल खतिवडा

*कान्तिपुर, शुक्रबार, १३ चैत २०७१, पेज नं. ५ बाट*

हुर्काएका थिए र उनीहरूलाई बदलामा के दियौं, कस्तो व्यवहार गऱ्यौं भनेर कतिले सोच्छन् ? ज्ञानीहरु छोराछारीको पालनपोषण गर्नुलाई 'लगानी गरेको' भन्छन् भने आमाबुवाको सेवा गर्नुलाई 'ऋण चुकाएको' भन्छन् । यसरी हेर्दा आमाबुवाले आफूहरूमाथि गरेको लगानीको बेवास्ता गर्नु तर छोराछोरीमाथि आफूहरूले गरेको लगानी सूतसमेत फिर्ता आउने अपेक्षा गर्नु नै आज घरघरमा देखिएको समस्याको जड हो ।

अंगुत्तर निकायमा भगवान् भन्नुहुन्छ– 'भिक्षुहरु हो ! जुन घरमा आमाबुवाको पूजा हुन्छ त्यो घर ब्रह्ममय हुन्छ, पूर्वाचार्यमय हुन्छ, देवतामय हुन्छ, आतिथ्यमय हुन्छ । भिक्षुहरु हो ! आमाबुवालाई ब्रह्मा भनेर भनिन्छ, आमाबुवालाई पूर्वाचार्य भनिन्छ, आमाबुवालाई देवता भनिन्छ, आमाबुवालाई अतिथि भनिन्छ । किनभने, आमाबुवा जन्मदाता हुन्, पालक हुन्, संसार देखाउने भगवान् हुन् । ज्ञानीहरु, जो आमाबुवाको सेवा गर्छन्, यस लोकमा प्रशंसित हुन्छन् र परलोकमा पनि आनन्दित हुन्छन् ।'[६]

६ अंगुत्तर निकाय, द्वितीय भाग, पेज ७१



Downloaded from http://www.dhamma.digital

मज्झिम निकायको 'कुक्कुरव्रतिक' सूत्रमा 'कुकुरव्रतिक' र 'गोव्रतिक' (कुकुरले झैं र गाइले झैं खाने/बस्ने व्रत लिएका) दुई ब्राह्मण भगवान् बुद्धकोमा गएर आफूहरूले पालन गरिराखेको कठिन व्रतको फलबारे जिज्ञासा राखेको कुरा उल्लेख छ । भगवान् बुद्धले दुईपटकसम्म त्यसबारेमा आफूलाई नसोध्न भनेर मनाही गर्दा पनि नमानेको हुँदा बुद्धले अहिलैदेखि कुकुरले झैं भुइँमै खाने, भुइँमै बस्ने अभ्यास गरेको हुँदा त्यसको प्रतिफल स्वरूप कुकुरव्रतिक ब्राह्मण कुकुरै भएर जन्मन सक्ने र गाईले झैं खाने, गाईझै बस्ने अभ्यास गरेको हुँदा गोव्रतिक ब्राह्मणचाहिं गाई भएर जन्मन सक्ने भनेर बताउनुभयो । यसरी, धेरै वर्षदेखि पालन गर्दै आएको कठिन व्रतको प्रतिफल आफूहरूले सांचेको भन्दा विपरीत हुन सक्ने थाहा पाएर दुवै ब्राह्मणले आँखाबाट आँसु झारेको प्रसंग उल्लेखनीय छ । शरीरलाई अनावश्यक कष्ट दिएर पनि धर्म नहुने कुरा यस सूत्रबाट बुझ्न सकिन्छ ।

सारांशमा, धर्म मानवता हो, क्रूरता होइन । सत्य नै धर्म हो, आडम्बर होइन । धर्म सरल हुनुपर्छ, कुटिल होइन । आउनुहोस्, आफ्नो विवेकको प्रयोग गर्न ढिला नगरौं । कुनै अदृश्य काल्पनिक शक्तिलाई रिझाउनुभन्दा आफ्ना दैनिक जीवनसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कमा रहेकाहरूसँग विवेकसम्मत व्यवहार गर्न सिकौं । बच्चाहरूले आगोको रातो डल्लोलाई खेलौना सम्झेर समातेझैं अधर्मलाई धर्म सम्झेर बोकिहिंड्ने गल्ती नगरौं । आचार्य सत्यनारायण गोयन्काले भन्नुभएझैं चिन्तन होइन, धर्मधारण गरौं । शील, समाधि र प्रज्ञाको अभ्यास गरौं । आफू पनि सुखपूर्वक बाँचौं, अरूलाई पनि सुखपूर्वक बाँच्न दिऔं ।



Downloaded from http://www.dhamma.digital

# कर्म र मानव विविधता
## (Karma and Diversity in Humankind)

*त्यस्तो कर्म नगर्नु बेस, जुन कर्म गर्दा पश्चात्ताप हुन्छ, जसको अन्त्य अश्रुपूर्ण र पीडादायी हुन्छ ।*

-धम्मपद

पृथ्वीमा मानिसहरूको एउटै मात्र (Homo sapiens) जाति भए तापनि मानिसमा भैंm विविधता अरू जीवमा पाइँदैन । बुद्धदेखि देवदत्तसम्मको विविधता अरू प्राणीमा देखिँदैन । बिल गेट्स, बाराक ओबामा पनि मानिस हुन् । आइन्सटाइन, महात्मा गान्धी पनि मानिसै थिए ।

भिन्नाभिन्नै देश र अलगअलग परिवेशमा हुर्केका मानिसहरूको रङ, जीउडाल, आनीबानी फरक हुनु स्वाभाविक हुन्छ । तर, एउटै भूगोल, एउटै परिवेश मात्र होइन, एउटै आमाबुवाबाट जन्मेका र एउटै आँगनमा हुर्केकाहरूमा पनि विविधता पाइन्छ । एउटै भ्रूणबाट बनेका जुम्ल्याहाहरूको पनि सोच र क्षमता एउटै हुँदैन । कोही ज्ञानी, विलक्षण प्रतिभाशाली, कोही पटमूर्ख, कोही धार्मिक त कोही आपराधिक, कोही उदार दानी, कोही लोभी कन्जूस, अथाह सम्पत्तिको मालिक भएर पनि मीठो खान राम्रो लाउन नसक्ने । कसैको आफन्त तथा मित्र प्रशस्त हुन्छन् त कोही आफन्तविहीन । त्यस्तै, कोही सुन्दर दर्शनीय, कोही नराम्रा कुरूप, कोही अल्पायु त कोही दीर्घायु, आर्थिक रूपमा पनि कोही सम्पन्न, कोही विपन्न किन हुन्छन् ?



Downloaded from http://www.dhamma.digital

## कर्मको फल

मानिसमा रहेका यी विविधताको स्रोत के हो त ? विनाकारण त्यसै यस्तो कसरी हुन सक्छ ? बुद्धको शिक्षामा हरेक मानिस आ–आफ्नो पूर्वकर्मप्रति उत्तरदायी र अधिकारी हुन्छन् । त्यसैले, यस्तो विविधतालाई हरेकको पूर्वकर्मसँग जोडेर हेर्ने गरिन्छ । वस्तुको पछिपछि छायाँ आएझैं हरेक प्राणिहरूले गरेका कुशल अकुशल कर्महरूको विपाक (फल) छायाँझैं उसको पछिपछि आउँछ भनेर धम्मपदमा भनिएको छ ।

डा. के. श्री धम्मानन्द महास्थविरले आफ्नो प्रवचन मनको शक्ति (Power of the Mind)मा सबै प्राणी आ-आफ्नै पूर्वकर्मअनुसार नै जन्म हुने र पूर्वकर्मअनुसार नै उनीहरूको रूप, प्रतिभा, सम्पत्ति, भोग, शोच आदि हुने बताउनुभएको छ । आ-आफ्नो पूर्वकर्मबाट निर्देशित हुने कारणले गर्दा पृथ्वीका सबै ७ अर्ब मानिसको विचार, रूप र सोच अलगअलग हुन्छ ।

Dhamma.Digital

उहाँका अनुसार कर्म एउटा अदृश्य शक्ति हो । यसले कसरी काम गरिरहेको हुन्छ हामीले देख्न सक्तैनौ । कर्मको कानुन स्वयं निर्देशित र नियन्त्रित हुन्छ । यसमा कुनै बाह्य शक्तिको नियन्त्रण वा संलग्नता हुँदैन । कर्मलाई बझ्न यसलाई बीउसँग तुलना गर्न सकिन्छ । जसरी बीउभित्र बिरूवाका जरा, पात, फूल, फल, हाँगा आदि लुकेर रहेका हुन्छन्, त्यसरी नै कर्मको फल पनि हाम्रो अर्धचेतन मनभित्र सुरक्षित रहेको हुन्छ । उपर्युक्त समयमा बीउबाट बिरूवा, फल, फूल उत्पन्न भएझैं कर्मले पनि आफूअनुरूप फल दिन्छ । 'जस्तो रोप्यो त्यस्तै फल (reap as you sow)' भनेझैं राम्रो कर्मले दिने फल सुखदायी



Downloaded from http://www.dhamma.digital

हुन्छ भने पापकर्मले पीडादायी । हामीले खेतबारीमा उत्पादन गरेको अन्न अथवा फल हामीलाई मीठो लागेन वा मन परेन भने अरूलाई दिन वा बेच्न सकिन्छ । तर, आफूले गरेको कर्मको फलचाहिं जति नै पीडादायी भए पनि अरूलाई दिन वा बेच्न मिल्दैन । त्यो आफूले भोग्नैपर्छ ।

सबै प्राणी परमेश्वर, परमपिताका सन्तान हुन् भनेर पनि भनिन्छ । यदि त्यस्तो हुन्थ्यो भने सबै त्यत्तिकै राम्रा, त्यत्तिकै सक्षम, त्यत्तिकै सम्पन्न हुनुपर्ने हो । कोही धनी त कोही गरिब, कोही सुन्दर, रूपवान् त कोही कुरूप नहुनुपर्ने हो । आफ्ना सन्तान नराम्रा, लुलालंगडा, गरिब, मूर्ख होस् भनेर कुन मातापिताले भन्छ ? कुन मातापिताले आफ्ना सन्तान सक्षम, लायक, रूपवान् भएको हेर्न चाहँदैन ? तर पनि किन कोही जन्मँदै अर्बौंको मालिक बन्छ त कोही गरिबीको मार खेप्न बाध्य हुन्छ ? कोही जन्मँदै राजकुमार त कोही जन्मँदै दास । रूपमा पनि त्यतिकै विविधता कोही गोरो, अग्लो कद, रूपवान् त कोही पुड्को हिस्सी नपरेको । त्यसरी नै सबै प्राणी ईश्वर-परमेश्वरकै अंश हुन् भनेर पनि भनिन्छ । त्यसो हुन्थ्यो भने उनीहरूले दुःख र विपत्ति भोग्नुपर्ने थिएन । परमेश्वरकै अंश हुन्थ्यो भने मानिसबाट हत्या-हिंसाजस्तो दानवीय कार्य हुने थिएन । अजर-अमर ब्रह्माकै सन्तान थिए भने मानिस बूढो, रोगी हुने थिएनन्, मरणशील हुने थिएनन् ।

जसरी हामी खेती गर्छौं, बाली भित्र्याउँछौं, त्यसरी नै हामीले अहिले यस जीवनमा जे भोग गरिरहेका छौं, त्यो हाम्रो यसै वा अगाडिको जन्ममा गरेको कर्मको फल हो । तर, यसको अर्थ हाम्रो यो जीवन पुरै पूर्वकर्महरूबाट निर्देशित वा नियन्त्रित छ भन्ने होइन । केही गुरूहरू विश्वास गर्छन् कि संसारमा भइरहेका सबै क्रियाकलाप परमेश्वरकै



Downloaded from http://www.dhamma.digital

योजनाअनुसार भइरहेको हुन्छ र त्यहाँ हाम्रो कुनै स्वतन्त्र भूमिका हुँदैन । हामी यस जीवनमा जे गर्छौं, त्यो नाटकमा झैं पहिलेबाटै तोकिएको हुन्छ । यस कुरालाई बुद्धले स्विकार्नुभएको छैन । नाटकमा झैं प्रत्येक व्यक्तिको भूमिका पहिलेबाटै प्रभु परमेश्वरबाट निर्देशित हुने हो भने यहाँ हाम्रो तीक्ष्ण मस्तिष्क (Intellengence)को कुनै भूमिका रहने थिएन र हामीले कुनै प्रयत्न गरिरहनुपर्ने थिएन । सदाचारको पालन र ध्यानाभ्यास आदि गरिरहन आवश्यक हुने थिएन । एउटा फलामको मेसिनझैं नबिग्रेसम्म काम गर्थ्यौं र यसरी हामीले गरेका राम्रा-नराम्रा कर्महरूको जिम्मेवारी पनि हाम्रो हुने थिएन । हत्याराले हत्याराकै भूमिका निर्वाह गर्न जन्म लिएको हो र प्रभु परमेश्वरकै निर्देशनमा हत्या गरेको हो भने हत्याको जिम्मेवारी पनि हत्या गर्ने व्यक्तिको नभई प्रभु परमेश्वरकै हुन जान्थ्यो ।

बुद्धको शिक्षामा आफ्ना पूर्वकर्महरूप्रति आफैं जिम्मेवार हुनुपर्ने कुरालाई यसरी सचेत गराइएको छ-

*'कम्मस्स कोम्हि, कम्म दायदो, कम्म बन्धु, कम्म पटिशरणे, यम् कम्मम् कारीस्सामी कल्याणं वा पापकं तस्स दायदो भविस्सामि'* अर्थात्, मानिसहरु कर्मस्वोक (आफूले गरेको कर्मप्रति जवाफदेही) हुन्छन्, कर्म नै वास्तविक सम्पत्तिको स्रोत (दायक) हो, कर्म नै दाजुभाइ हो, कर्म नै शरण हो, जसले जस्तो कर्म गर्छ, राम्रो कल्याणकारी वा नराम्रो पापकारी, त्यसको जिम्मेवार र जवाफदेही पनि आफैं हुन्छ । हामीले गरेका असल कर्म नै हाम्रा वास्तविक आफन्त हुन्, हाम्रो वास्तविक सम्पत्तिको स्रोत, वास्तविक शरण, वास्तविक सहारा हो ।

बालीनालीले झैं कर्मले पनि कुनै निश्चित समयपछि मात्र फल दिन सुरू गर्छ । जसरी लामो पाइप वा ढुंग्रोको एकछेउबाट पठाइएको वस्तु



Downloaded from http://www.dhamma.digital

तत्काल अर्को छेउबाट निस्कँदैन, त्यसरी नै कर्मको फल पनि तत्काल आउँदैन । अहिले हामीले जे भोग गर्दै छौं त्यो हाम्रो वर्तमान कर्मको नभई पूर्वकर्मको फल हो । फलफूलको बिरूवाले लामो समयसम्म फल दिएन भने बिरूवा थारो पऱ्यो कि भन्ने लाग्न सक्छ । त्यस्तै, आफूले प्रशस्त राम्रा कर्म गर्दागर्दै पनि अभाव र दुःखको जिन्दगी बिताइरहनुपर्दा जो कोहीलाई पनि 'चोरलाई चौतारी साधुलाई सुली' भन्ने उक्ति नै जीवनको वास्तविकता हो कि भन्ने लाग्नु स्वाभाविक हो । खेतमा बाली पाक्न लागेको बेला पनि तत्काल खान भकारीमा अन्न नभएको अवस्थामा कृषकहरूले त्यही पाकिनसकेको बाली हेरेर चित्त बुझाएझैं असल कर्म गर्दागर्दै पनि अभाव र दुःखको जिन्दगी बिताइरहनुपर्दा आफूले गरेको दान र पालना गरको शीललाई सम्झेर चित्त बुझाउनुपर्ने हुन्छ । *पुसको चिसो र लामो रातमा निद्रा नलाग्ने जोकोहीलाई पनि उज्यालो नै हुन्न कि भन्ने लाग्नु स्वाभाविकै हो । तर, रात जति नै लामो भए पनि उज्यालो त भएरै छाड्छ ।* त्यस्तै कर्मले पनि फल दिएरै छाड्छ ।

मज्झिम निकायको चुलकम्मविभंग सूत्रमा कर्म र कर्मविपाकबारे यसरी भनिएको पाइन्छ- प्राणीहरूप्रति निर्दयी, हिंसा कर्ममा लागेका मानिस मृत्युपछि अपाय दुर्गतिमा उत्पन्न हुन्छन् । उनीहरू मनुष्य भई जहाँ जन्मे पनि अल्पायु हुन्छन् । प्राणी हिंसा छाडी दयालु भई बस्नेहरु जहाँ जन्मे पनि दीर्घायु हुन्छन् । ईर्ष्यालुहरूले मनुष्य जीवन पायो भने कमजोर र अल्पशक्ति भएका हुन्छन् । त्यसरी नै क्रोधी रिसाहाहरु कुरूप र दुर्वर्ण हुन्छन् भने शान्त स्वभावका मानिस जहाँ जन्मे पनि सुन्दर र हिस्सी परेका हुन्छन् । दानी स्वभावका मानिस धनी भोगसम्पन्न हुन्छन् भने लोभी कसैलाई केही नदिनेहरु दरिद्र भई



Downloaded from http://www.dhamma.digital

जन्मन्छन् । दान गर्दा श्रद्धापूर्वक नदिनेहरु धनी कुलमा जन्मेर पनि आफूसँग भएको सम्पत्ति भोग गर्न सक्तैनन् । त्यस्ता मानिसहरु अथाह सम्पत्तिको मालिक हुँदाहुँदै पनि आफूखुसी स्वादिलो खाना खान र राम्रो कपडा लगाउनसमेत सक्दैनन् । त्यसैले, दान गर्दा वा अरूलाई दिंदा श्रद्धापूर्वक दिनुका साथै चित्त पनि प्रसन्न राख्नु आवश्यक छ ।

अंगुत्तर निकायमा महारानी मल्लिकादेवीको जिज्ञासाको जवाफमा भगवान् भन्नुहुन्छ- 'मल्लिके ! यहाँ कोही महिला नरिसाउने स्वभावका हुन्छन्, कोमल स्वभावका हुन्छन्, गाली गर्दा पनि नरिसाउने साथै श्रमण ब्राह्मणहरूलाई अन्न, वस्त्र, आवास दिने स्वभावका हुन्छन्, ईर्ष्यालु हुँदैनन्, अरूलाई प्राप्त भएको लाभ सत्कारमा नजल्ने, डाह नगर्ने । अर्को जन्ममा यदि ऊ स्त्री नै भएर जन्मन्छे भने पनि सुन्दर र दर्शनीय हुन्छे, आकर्षक वर्णयुक्त हुन्छे, महान् र सम्पत्तिशालिनी हुन्छे, धनाढ्य भोग सामग्रीवाली हुन्छे । उसका नातागोता आफन्तहरु पनि प्रशस्त हुन्छन् ।[७]

भौतिक शास्त्रका महान वैज्ञानिक सर आइज्याक न्युटनको गतिको सिद्धान्त (Law of motion)ले 'प्रत्येक क्रियाले सधैं आफू बराबर र विपरीत प्रतिक्रिया जन्माउँछ (To every action there is always an equal and opposite reaction)' भनेर भनिएको छ । तर, गतिको सिद्धान्तविपरीत कर्मको कानुनमा प्रतिक्रिया सधैं क्रियाभन्दा धेरै गुणा ठूलो हुन्छ । एउटा बीउले राम्रो जमिन पायो भने आफूजस्तै हजारौं बीउ बनाउँछ । मुखपक्ख जातकमा बोधिसत्वले २० वर्ष राजा भई शासन गरेर ८० हजार वर्ष नर्कमा दुःख भोगेको कुरा उल्लेख छ । त्यस्तै, एउटा प्राणीको बलि चढाउँदा वा हत्या गर्दा हत्या गर्ने

७ अंगुत्तर निकाय, द्वितीय भाग, पृष्ठ १९६



Downloaded from http://www.dhamma.digital

व्यक्तिले पाँच सयभन्दा बढी जीवनमा आफ्नो घाँटी कटाउनुपर्ने हुन्छ[८] भनेर मतकभत्त जातकमा भनिएको छ । त्यसरी नै थोरै मात्रै भए पनि आफूले गरेको शील-सदाचार र ध्यान भावनाको अभ्यासलाई सानो सम्झनु हुँदैन । थोपाथोपा गरी भाँडो भरिएझैं ज्ञानीहरूले पनि पुण्यकर्म सञ्चय गर्दै जान्छ, जो सुखदायी हुन्छ । समय आएपछि त्यसले ठूलो सहारा र सन्तुष्टि दिन्छ । यसरी कर्मको विधानलाई बुझेर पापकर्मबाट आफूलाई टाढा राख्ने र पुण्यकर्मको सञ्चय गर्दै मनलाई कुशल आलम्बनमा एकाग्र गराउनु नै ज्ञानीहरूका अनुसार मनुष्य जीवनको सदुपयोग गर्नु हो ।

त्यसैले आउनुहोस्, आफ्नो विवेकको प्रयोग गरौं । आफ्नै मूल्यांकन गरौं । यदि हामी दुष्कर्म गर्दै छौं भने त्यसलाई त्यागौं, भविष्यमा त्यस्ता पापकर्म गर्दै नगरौं । पापको सञ्चय पीडादायी हुन्छ । यदि राम्रा कर्म गर्दै छौं भने त्यस्ता पुण्यकर्महरू गर्दै रहौं र भविष्यमा त्यस्ता कुशलकर्महरू अझ बढाऔं । पुण्यको सञ्चय सुखदायी हुन्छ । खराब कर्म नगर्नु, पुण्यकर्म गर्नु, त्यसलाई बढाउनु नै बुद्धहरूको शिक्षा हो र यही नै उज्यालोतिरको यात्राको तयारी पनि हो ।

---

८ मतकभत्त जातक (१८), आचार्य भिक्षुकुमार काश्यप, दश पारमिता, पृष्ठ ६५



Downloaded from http://www.dhamma.digital

# मृत्युसत्य (बुद्धकालिन कथा)

मर्न पर्दैनथ्यो भने के के मात्र गर्थे होलान् यिनले ? पापधर्म सबै बिर्सिएर लुटतन्त्रमा रमाइरहेका भ्रष्टहरू र राजनीतिको फोहोरमा निर्वस्त्र नाचिरहेका लोभीपापीहरूलाई देख्दा हमेशा यस्तै लाग्ने गर्छ ।

तर मृत्यु जीवनको एउटा अकाट्य सत्य हो । चिकित्सा विज्ञानले त्यति धेरै फड्को मारिसकेको अहिलेको समयमा पनि मृत्युको उपचार पत्ता लाग्न सकेको छैन । त्यति मात्र हैन, मृत्यु कहिले, कहाँ र कसरी हुन्छ भन्नेसम्म पनि थाहा हुँदैन । कुनै पनि क्षण आउन सक्छ मृत्यु । जुनसुकै बेला आएर घाँटी निमोठ्ने मृत्युको यसै स्वभावलाई हमेशा सजग भई हेर्ने ध्यानको विधिलाई 'मरणानुस्मृति' भावना भनिन्छ । यस लेखमा भगवान बुद्धको समयमा मरणानुस्मृति भावना गरिरहेकी एकजना किशोरीको कथा पाठकहरूमाझ पस्कने प्रयास गरिएको छ ।

*अन्धोभूतो अयं लोको तनुकेत्थ विपस्सति ।*
*सकुन्तो जालमुत्तो व अप्पो सग्गाय गच्छति ॥*

(अर्थः संसार अन्धो छ, आँखा हुनेहरू थोरै छन्, जालबाट मुक्त हुने चराहरूझैं थोरै मात्र स्वर्ग जान्छन् ।)

संसार अन्धो छ भनेर भगवान बुद्धले यो गाथा आलवीमा पेशकार नाम गरेका तानमा कपडा बुन्ने मानिसकी छोरी तिनै किशोरीको सन्दर्भमा बताउनुभएको हो ।

कथाअनुसार भगवान बुद्धले सधैंझैं त्यस दिन बिहान करूणा



Downloaded from http://www.dhamma.digital

समापत्ति ध्यानबाट आज कसको उपकार गरूँ भनेर करूणा चक्षुले लोकलाई नियालेर हेर्दा पेशकारकी छोरीलाई देख्नुभयो । आफ्नो ध्यानबाट उहाँले थाहा पाउनुभयो कि पेशकारकी छोरी तीन वर्षदेखि मरणानुस्मृति भावना गरिरहेकी थिइन् । उमेरले मात्र सोह्र वर्ष पुगेकी तिनको जीवनको त्यो अन्तिम दिन थियो । तिनलाई त्यस दिन मृत्युको मुखबाट बचाउन सम्भव थिएन । भगवान बुद्धले आलवी गएर मरणानुस्मृतिसम्वन्धी धर्मोपदेश दिने क्रममा तिनलाई आजै 'श्रोतापत्तिफल' प्राप्त हुने र धर्मोपदेश अरूहरूको लागि पनि उपयोगी हुने थाहा पाउनुभयो ।

बुद्धको शिक्षामा श्रोतापत्तिफल प्राप्तिको ठूलो महत्व छ । श्रोतापत्तिफल प्राप्त हुनु निर्वाणको सुनिश्चितता हुनु हो । श्रोतापत्तिफल अथवा श्रोतापन्न भएका व्यक्तिको अपायभूमिको द्वार सधैंसधैंका लागि बन्द हुन्छ भन्ने विश्वास गरिन्छ । त्यसैले उहाँ बिहानै आलवीको बाटो लाग्नुभयो र त्यहाँ पुगेर अग्गवल चैत्यको आगनमा बस्नुभयो । आलवीमा भगवान आउनुभएको थाहा पाएर आलवीबासीहरू भगवान बस्नुभएको ठाउँमा भेला भए । भगवानले त्यहाँ भेला भएका उपासक उपासिकाहरूको भीडमा सिंहावलोकन गरी हेर्नुभयो । पेशकारकी छोरी अझै त्यहाँ आईपुगेकी थिइनन् । जुन किशोरीको उपकार गर्ने भनेर भगवान् आलवी आउनुभएको थियो उनी नै त्यहाँ आईनपुगेकाले भगवान्ले चुप लागेर बस्ने निधो गर्नुभयो ।

उता पेशकारकी छोरीले पनि भगवान आलवी आउनु भएको थाहा पाइन् तर तानमा कपडा बुनिरहेका आफ्ना बुवालाई खाना तयार गर्नुपर्ने भएकोले तत्काल त्यहाँ जान सकिरहेकी थिइनन् । हतारहतार खाना तयार गरेर आफ्ना बुवा कपडा बुनिरहेको तानघर जान बाटो



Downloaded from http://www.dhamma.digital

लागिन् । बाटोमा भगवान उपासक उपासिकाहरूमाँझ बसिरहनु भएको थियो । भगवानको नजिकबाट गइरहेकी तिनलाई पहिले बुवालाई खाना पुऱ्याउने कि भगवानको उपदेश सुन्ने भन्नेमा दोधार भयो । भगवानको उपदेश सुन्न आतुर हुँदाहुँदै पनि तिनलाई खाना चिसो हुन्छ कि भन्ने लागिरहेको थियो ।

भगवान्ले ती किशोरीको मनभित्र चलिरहेको द्वन्द्व थाहा पाउनुभयो । उहाँलाई थाहा थियो कि त्यो तिनको अन्तिम यात्रा थियो । यदि भरे फर्केर भगवानको उपदेश सुन्छु भनी गएको अवस्थामा साधारण पृथकजनभैं तिनको मृत्यु हुने तर पहिले भगवानकहाँ आएको अवस्थामा आजै श्रोतापत्तिफल प्राप्त गरी निर्वाणको सुनिश्चिततासहित मृत्यु हुने हुन्थ्यो । यो सबै बुझ्नुभएका भगवानले उनलाई प्राप्त हुनै लागेको श्रोतापत्तिफलबाट वन्चित हुन दिनु उपयुक्त छैन भन्ने सोचेर करूणा चित्त गरी शिर उठाई उनलाई हेर्नुभयो । पहिले खाना पुऱ्याउने कि उपदेश सुन्ने भनी दोधारमा रहेकी उनी भगवान भएतिर फर्कीफर्की हेर्दै गइरहेकी थिइन् । भगवान्ले शिर उठाई आफूलाई हेर्नुभएको देखेर पक्का पनि भगवान मलाई नै पर्खेर बस्नुभएको जस्तो छ, मैले भगवानलाई प्रतीक्षा गराउनु उचित हुँदैन, आज एकदिन खाना ढिला भएर फरक पर्दैन भनेर हिंडिरहेको बाटोबाट फर्केर बुद्ध बसिरहनुभएको ठाउँमा आइ बुद्धलाई बन्दना गरी एक छेउमा बसिन् ।

यसरी नजिकै बसेकी पेशकारकी छोरीलाई भगवान्ले प्रश्न गर्नुभयो, "छोरी तिमी कहाँबाट आएकी ?"

भगवानको प्रश्नको जवाफमा तिनले "थाहा छैन भगवान्" भनेर जवाफ दिइन् ।



Downloaded from http://www.dhamma.digital

भगवान्ले पुनः "तिमी कहाँ जान लागेकी ?" भनेर सोध्नुभयो ।

फेरि पनि तिनले "थाहा छैन भगवान्" भनेर जवाफ दिइन् ।

"तिमीलाई थाहा छैन ?" भनेर भगवान्ले तेस्रो प्रश्न गर्नुभयो ।

जवाफमा तिनले "थाहा छ भगवान्" भनिन ।

"तिमीलाई थाहा छ ?" भनेर भगवान्ले फेरि सोध्नुभयो ।

जवाफमा तिनले "थाहा छैन भगवान्" भनिन् ।

यो सबै सुनिरहेका उपासक उपासिकाहरूले पेशकारकी छोरीलाई धिक्कारे । यसरी भगवानसंग पनि मुखमा जे आयो त्यही भन्ने, कस्ती मात्तिएकी केटी भनेर सबैले एकापसमा कुरा काटे । कहाँबाट आएकी ? भन्दा घरबाट भनिदिएको भए भैहाल्थ्यो । कहाँ जान लागेकी ? भन्दा बुवा काम गर्ने तानघरमा भनेको भए के बिग्रन्थ्यो । यसरी सबैले आआफ्नै बुझाइमा पेशकारकी छोरीले दिएको जवाफको टीकाटिप्पणी गर्दा त्यहाँको शान्त वातावरण एकाएक खल्बलियो ।

यो सबै हेरिरहेका भगवान्लाई लाग्यो "अहो संसार अन्धो छ (अन्धोभूतो अयं लोको)" यति धेरै मानिसहरूको भीडमा यो नानी र मेरो बीचमा भएको सवाल-जवाफ बुझ्न सक्ने एकजना पनि रहेनछ । त्यसैले सबै उनलाई गाली गरिरहेछन् । अब मैले यो अज्ञानको अन्धकारलाई हटाउनुपर्छ भन्ने बिचार गरेर सबैलाई निःशब्द रहन भन्नुभयो र पेशकारकी छोरीसित पुनः प्रतिप्रश्न गर्नुभयो ।

"नानी मैले 'कहाँबाट आएकी ?' भनेर प्रश्न गर्दा थाहा छैन भनेर किन भनेकी ?"



Downloaded from http://www.dhamma.digital

जवाफमा ती किशोरीले भनिन् "भगवान म मेरो घरबाट आइरहेको कुरा भगवान्लाई थाहै छ, तर भगवान्को प्रश्नको आशय म कहाँबाट आएर यहाँ जन्म लिन आएको भन्ने हो, त्यो मलाई थाहा नभएकोले थाहा छैन भनेर जवाफ दिएकी हुँ ।"

भगवानले 'साधु ! साधु !!' भनेर प्रसन्नता व्यक्त गर्नुभयो र पुनः दोश्रो प्रश्नबारेमा "कहाँ जान लागेकी ?" भनेर सोधेकोमा थाहा छैन किन भनेकी भनेर सोध्नुभयो । जवाफमा उनले भनिन् "भगवान् म बुवाको लागि खाना बोकेर उहाँ काम गर्ने तानघर गइरहेको कुरा भगवानलाई र आलवीवासीहरू सबैलाई थाहा छ तर भगवानले "कहाँ जान लागेकी ?" भनेर प्रश्न गर्नुको आशय मृत्युपछि यहाँबाट कहाँ जाँदैछौ भन्ने हो त्यो मलाइ थाहा नभएकोले थाहा छैन भनेर जवाफ दिएकी हुँ ।

भगवानले दोश्रोपटक 'साधु ! साधु !' भनेर प्रशन्नता व्यक्त गर्नुभयो र पुनः अरू प्रश्नबारे "तिमीलाई थाहा छैन ? भनेर प्रश्न गर्दा थाहा छ किन भनेकी र फेरि तिमीलाई थाहा छ ? भनेर प्रश्न गर्दा थाहा छैन किन भनेकी?" भनेर सोध्नु भयो ।

जवाफमा ती किशोरीले विनम्रतापूर्वक भनिन् "भगवान् मलाई एकदिन मर्नुपर्छ भन्ने थाहा छ, त्यसैले 'थाहा छ' भनेकी हुं, तर मृत्यु कहिले हुन्छ भन्ने मलाइ थाहा छैन, त्यसैले 'थाहा छैन' भनेर जवाफ दिएकी हुँ" ।

"साधु ! साधु !!"

भगवानले "सबै प्रश्नको सही जवाफ दियौ" भनेर प्रसन्नता व्यक्त गर्नुभयो । भगवानको साधुकारसँगै पेशकारकी छोरीलाई श्रोतापत्तिफल प्राप्त भयो, निर्वाण प्राप्ति सुनिश्चित भयो, सधैंसधैको लागि अपायभूमिको द्वार बन्द भयो । त्यसपछि उनी भगवानलाई



Downloaded from http://www.dhamma.digital

बन्दना गरी खाना बोकेर तानघरको बाटो लागिन् ।

उता तानघरमा पेशकार आज छोरीले किन ढिला गरिन् भन्दै मनमा अनेक कुरा खेलाउँदै कपडा बुन्दै थिए । सायद बाटोमा भगवान बुद्धको उपदेश सुन्नतिर लागिन कि ? निक्कै थाकेकोले यसरी पर्खँदापर्खदै उनी निद्राले झकाउन थाले ।

खाना बोकेर हतारिँदै पुगेकी पेशकारकी छोरीलाई त्यो होश भएन । सधै होशमा रहने उनलाई त्यसदिन मृत्युले पछ्याइरहेको कारण बुवा निद्राले झकाइरहेको होशै भएन । छेउमा खाना पस्कने क्रममा खानाको थाली जमिनमा खसाल्न पुगिन् । थाल खसेको आवाजले झस्केर पेशकारले हातमा रहेको धागो बेर्ने तिखो बस्तुले छोरीको छातीमै हिर्काउन पुगे । त्यसै प्रहारबाट छोरी त्यही भुतुक्कै भइन् ।

यसरी आफ्नै हातबाट एक्ली छोरीको मृत्यु भएकोमा एउटा बुवालाई कस्तो भयो होला ? अब भगवानबाहेक अरू कोही मेरो सहारा हुन सक्दैन भनेर रगत बगिरहेको छोरीको लाश बोकेर पेशकार भगवान बुद्ध बसिरहनु भएको ठाउँमा गए र रूँदै बिलौना गर्न थाले ।

भगवानले उनलाई यही छोरीको मृत्युमा तिमीले खसालेको आँशु समुद्रको पानीभन्दा धेरै भइसक्यो भनेर आदि अन्त्य नभएको यस संसारको बारेमा सम्झाउनुभयो । आज मत्युको मुखबाट उनलाई बचाउन सम्भव थिएन । फेरि पनि जाँदाजाँदै आज उनले श्रोतापत्तिफल प्राप्त गरेर गए । त्यसैले अब नरोऊ भनेर सम्झाउनुभयो । त्यसपछि पेशकारले भगवान्संग भिक्षु बन्ने इच्छा व्यक्त गरे ।

पेशकार भगवानसँग 'प्रवजित' भए र छोटो समयमै 'अरहन्त' भए ।



Downloaded from http://www.dhamma.digital

जुन लक्ष प्राप्तिका लागि मानिसहरू बुद्धको शिक्षा ग्रहण गर्छन् त्यस अन्तिम लक्ष निर्वाण प्राप्त गरे । जन्म-मरणको भवचक्रबाट मुक्त भए । जाति क्षीण भयो, ब्रह्मचर्यवास पूर्ण भयो, गर्नपर्ने सबै गरिसकें, अब यहाँ गर्न बाकी केही रहेन, अब फेरि जन्मन र मर्न पर्ने छैन भन्ने थाहा पाए ।

मृत्यु कुनै पनि बेला आउन सक्छ र यसले कसैलाई पनि छाड्दैन । त्यसैले सजग बनौ, समय खेर नफालौं । त्यस्तो कर्म नगरौं जुन कर्म गर्दा पश्चाताप हुन्छ । जसको अन्त्य अश्रुपूर्ण र पीडादायी हुन्छ ।

*द्रष्टव्य : यस लेखमा परेका विशेष शब्दहरूको अर्थ :*

मरणानुस्मृति : मृत्यु कुनै पनि क्षण आउन सक्छ भनेर मृत्युको स्मरण गर्ने ।

श्रोतापत्तिफल : श्रोतापत्तिफल प्राप्त व्यक्तिलाई श्रोतापन्न भनिन्छ र त्यस्तो श्रावक जसको दुर्गतिको द्वार बन्द भइसकेको हुन्छ र बढीमा सात जन्म मनुष्य अथवा देवलोकमा जन्मिएर मुक्त हुन्छ ।

प्रवजित : गृहस्थि जीवन त्यागेर भिक्षु भएको ।

अरहन्त : मुक्त भएका व्यक्ति ।



Downloaded from http://www.dhamma.digital

# मृत्युपर्यन्त मानिसहरूको गति

धर्मग्रन्थहरूअनुसार मानिसका गति चार किसिमका हुन्छन् । राम्रोबाट राम्रोतिर जाने अथवा उज्यालोबाट उज्यालोतिरै जाने, राम्रोबाट नराम्रोतिर जाने अथवा उज्यालोबाट अँध्यारोतिर जाने, नराम्रोबाट राम्रोतिर जाने अथवा अँध्यारोबाट उज्यालोतिर जाने र नराम्रोबाट नराम्रोतिर जाने अथवा अँध्यारोबाट अँध्यारोतिरै जाने ।

## उज्यालोबाट उज्यालोतिरै जाने

कोही मानिस राम्रो, धनी, सम्पन्न, धार्मिक संस्कार भएको कुलमा जन्मन्छन् । जाँडरक्सी नखाने सुशिक्षित आमाबुवाका कारण सानैबाट शीलपालन गर्ने, ध्यानअभ्यास गर्ने अवसर प्राप्त गर्छन् । हिंसाबाट टाडा रहन्छन् । शिक्षित पारिवारिक परम्पराको प्रभावले उनीहरु ज्ञानी, सदाचारी आफूभन्दा ठूला र मान्यजनहरूको आदर गर्ने र आफूजस्तै सुशिक्षित शीलवान्हरूकै संगतमा रमाउने हुन्छन् । राम्रोबाट राम्रोतिर जाने समूहका मानिसहरूले आफ्नो शिक्षित परिवारको परम्परा, संस्कार र आफूसँग भएका गुण, शील सदाचारको महत्त्व बुझेको हुन्छन् र त्यसलाई बढाउन र सुरक्षित गर्न लागिपर्दछ । ज्ञानी शीलवानहरूको सत्संगतले उनीहरूलाई अँध्यारोतिर जान दिँदैन ।

## उज्यालोबाट अँध्यारोतिर जाने

राम्रोबाट नराम्रोतिर जाने समूहका मानिसहरु राम्रो, धनी, सम्पन्न, धार्मिक संस्कार भएको कुलमा जन्मन्छन् तर आफ्नो परिवारमा



Downloaded from http://www.dhamma.digital

सम्पदाका रूपमा रहेको धार्मिक परम्पराको महत्त्व बुझ्दैनन् या बुझेर पनि खराब संगतका कारण त्यसलाई बढाउन र संरक्षण गर्न सक्दैनन् । मोजमस्तीमै जीवन बिताउँछन् । मोजमस्तीमा लागेकाहरूकै सेरोफेरोमा समय बिताउन रूचाउँछन् । त्यस्ता मानिसहरु मादक पदार्थ सेवन गर्ने, प्राणी हिंसा गर्ने, आमाबुवालाई तिरस्कार गर्ने, परस्त्री वा परपुरूषसंग शारीरिक सम्बन्ध राख्ने जस्ता खराब काममा लिप्त हुन्छन् । राम्रो सम्पन्न घरमा जन्मिएर, हुर्किएर पनि संगत आदिका कारण कुबाटोमा लाग्छन्, अँध्यारोतिर लाग्छन् ।

## अँध्यारोबाट उज्यालोतिर जाने

यस समूहका मानिसहरु फोहर पानीमा कमल फुलेझैं विपन्न, मिथ्या आजीविका गर्ने कुलमा जन्मन्छन् । जहाँ पेटभरि खान र एकसरो लगाउन पनि कठिन हुन्छ । शारीरिक रूपमा पनि असक्त, दुर्बल, काना, लुला हुन्छन्, तर पनि राम्रो संगतका कारण शरीर, वचन र मनले शुभकर्म गर्दछन् । आफूले गर्दै आएको मिथ्या आजीविका र खराब आचरणले आफैलाई हानि गरिरहेको कुरा बुझेका हुन्छन् र त्यसलाई त्याग्न लागिपर्दछन् । त्यस्ता मानिसहरूबाट खराब कर्म छाड्ने र राम्रो आचरणको विकास गर्दै जाने सम्भावना हुन्छ । गरिब भएर पनि बाँडेर खाने गर्छन्, बेइमानी गर्दैनन्, अर्काको सम्पत्तिमा लोभ गर्दैनन्, ज्ञानी भिक्षु, सन्त महन्तहरूको संगतबाट आफ्नो परिवार, वंशबाट गर्दै आएको मिथ्या आजीविका छाडेर सम्येक आजीविकाबाट परिवारको पालनपोषण गर्छन् । आमाबुवाको सेवा गर्दछन् । त्यसैले, आर्थिक रूपले गरिब र विपन्न धार्मिक संस्कार नभएको कुलमा जन्मेर पनि कुशल संस्कार सञ्चय गर्न पुग्दछन् । यसरी यस्ता मानिसहरु अँध्यारोबाट उज्यालोतिर जान्छन् ।



Downloaded from http://www.dhamma.digital

## अँध्यारोबाट अँध्यारोतिरै जाने

यस समूहका मानिसहरु विपन्न र मिथ्या आजीविका गर्ने कुलमा जन्मन्छन् । जहाँ पेटभरि खान र एकसरो लगाउन पनि कठिन हुन्छ । शारीरिक रुपमा पनि असक्त, दुर्बल, काना, लुला हुन्छन् । उनीहरू आफ्ना मिथ्या आजीविका र खराब आचरणले आफैलाई हानि गरिरहेको छ भनेर बुझ्दैनन् अथवा बुझेर पनि बुझ पचाउँछन् । उनीहरुका वरिपरिका छिमेकी, साथीभाइ पनि लोभी, ईर्ष्यालु, दुराचारी, बेइमान, मादकपदार्थ सेवन गर्ने, मिथ्या आजीविका गर्ने हुन्छन् । उनीहरुलाई सत्संगत गर्ने र सद्धर्म श्रवण गर्ने अवसर सुलभ हुँदैन । यसरी यस समूहका मानिस अहिले पनि र पछि पनि अँध्यारोमै रहन्छन् । उनीहरुको जीवन दुःखमय नै रहि रहन्छ ।

अब हामीले उज्यालो या अँध्यारो कतातिर जाने गम्भीर भएर सोच्ने र निर्णय गर्न आवश्यक छ । हामी कहाँ छौं ? अहिलेसम्म हामीले उज्यालो या अँध्यारो कता जाने कर्म गरेका छौं ? नराम्रो अर्थात् अँध्यारोतिर जाने अकुशल कर्म गरेको भए त्यसलाई सुधार्ने र राम्रा कुशलकर्महरु गर्ने र यदि कुशल उज्यालोतिर जाने कर्म गरेको भए त्यस्ता कुशल कर्महरुलाई अझ बढाउनु बुद्धीमानी हुन्छ । अहिले जहाँ जुन अवस्थामा भए पनि हामीले उज्यालोतिरै जाने सोच बनाउनुपर्छ र प्रयत्न गर्नुपर्छ । यसरी सोच्ने र प्रयत्न गर्ने अवसर मनुष्यलाई मात्र प्राप्त हुन्छ । दुष्कर्म गरेर मनुष्य जीवनको दुरूपयोग गर्नु लाखौं, करोडौं वर्ष नर्क वा अपाय भूमिमा दण्डित हुनु हो । यसै विषयलाई लक्ष्य गरेर क्षत्री भिक्षु धम्मवंश महास्थविर बारम्बार भन्ने गर्नुहुन्थ्यो- 'आगे चेते चेते नही पिछे चेते होते नही ।' अर्थात्, मनुष्य जीवन चिन्नेलाई वरदान हो भने नचिन्नेलाई श्राप ।



Downloaded from http://www.dhamma.digital

## मृतक र यमलोकको प्रसंग

बौद्ध समाजमा वृद्ध, रोगी र मृतकलाई देवदूत भनेर भनिन्छ । किनभने वृद्ध, रोगी र मृतकले हामीलाई एक दिन हामी पनि वृद्ध, अशक्त रोगी हुन्छौं र हामीले पनि मर्नुपर्छ भन्ने सन्देश दिन्छ । अंगुत्तर निकायमा यी तीन देवदूतका बारेमा यसरी भनिएको छ :

भिक्षुहरु हो ! एकजना शारीरिक, वाचिक र मानसिक दुष्कर्म गर्ने पापी, दुराचारी व्यक्तिको मृत्यु हुन्छ । उसलाई यमदूतहरु पाखुरीमा समाएर यमराजकोमा लैजान्छन् र भन्छन्- 'देव यो मानिसले आमाबुवाको सेवा गरको छैन, श्रमण ब्राह्मणको सेवा गरको छैन, परिवारमा ठूलाबडाको आदर गरेको छैन । राष्ट्रमा संकट पर्दा कालाबजारी गरेर जनता ठग्ने पापी, भ्रष्टाचारी हो यो । आफ्नो स्वार्थका लागि आफैंलाई छहारी दिने संस्था डुबाउने बदमास हो । त्यसैले, हे देव ! यसलाई सजाय दिनुहोस् ।'

अनि त्यस व्यक्तिसँग यमराज प्रथम देवदूतबारे यसरी प्रश्न गर्छन् :

यमराज : हे मानव तिमीले मनुष्य लोकमा हुंदा त्यहाँ उत्पन्न प्रथम देवदूतलाई देखेनौ ?

मृतक : स्वामी, देखिनँ ।

यमराज : हे मानव तिमीले मनुष्य लोकमा हुंदा त्यहाँ उमेरले ८०/९० वर्ष पुगेका, केश सेतै फुलेका, छाला सबै चाउरिएका, शरीर कुप्रो भएका, हातमा लौरो लिएर काँपिरहेका वृद्ध महिला-



Downloaded from http://www.dhamma.digital

पुरूष कसैलाई देखेनौ ?

मृतक : देखेको थिएँ ।

यमराजः ती कुप्रा वृद्धवृद्धालाई देखेर तिमीलाई म पनि एक दिन यस्तै बूढाबूढी हुन्छु, मेरो पनि एक दिन यस्तै हालत हुन्छ । त्यसैले, मैले शरीर, वचन र मनले पुण्यकर्म गर्नुपर्छ । प्राणी हिंसा, चोरी, व्यभिचार, भूट र मादक पदार्थको सेवनजस्ता खराबकर्म गर्नुहुँदैन । आमाबुवाको सेवा गर्नुपर्छ । दान दिनुपर्छ, सदाचारको पालन गर्नुपर्छ, ध्यान भावनाको अभ्यास गर्नुपर्छ भन्ने लागेन ?

मृतक : प्रभु मनुष्य लोकमा रहँदा प्रमादी भई सांसारिक मोजमस्तीमा भुलेर बस्दा त्यस्तो विचार आएन । मैले हिंसा पनि गरें, चोरी पनि गरें, व्यभिचार पनि गरें, भूट पनि बोलें र मादक पदार्थको सेवन पनि गरें । भ्रष्टाचार पनि गरें । देश र जनताको सेवा गर्ने जिम्मेवारी बोकेर जनतालाई नै दुःख पनि दिएँ ।

यसैगरी, उसँग द्वितीय र तृतीय देवदूतहरूबारे पनि सोधिन्छ । (द्वितीय देवदूत भनेर रोगी मानिसलाई भनिन्छ र मृतकलाई तृतीय देवदूत भनिन्छ ।) त्यसपछि उसको जवाफअनुसार यमराजले यसरी फैसला सुनाउँछ ।

यमराज : हे मानव ! मनुष्य लोकमा प्रमादी भएर तैंले शरीर, वचन र मनले पुण्यकर्म गरिनस् । अब तँसँग तैंले गरेकै कर्मअनुरूप व्यवहार गर्नेछौं । तैले हिंसा, चोरी, व्यभिचार, भ्रष्टाचार, भूट र मादक पदार्थको सेवनजस्ता जति पनि पापकर्महरु गरिस् ती सबै न तेरी आमा, न तेरा बा, न त दाजुभाइ, दिदीबहिनी, नातेदार कसैले गरेका हुन्, तैंले नै गरेको



Downloaded from http://www.dhamma.digital

होस् र त्यसको सजाय पनि तैंले नै भोग्नुपर्छ ।

त्यसपछि यमदूतहरूले उसलाई पाँच प्रकारले दण्डित गर्छ । रातो धपधप तातेको फलामको किल्ला उसको दुवै हात, दुवै खुट्टा र छातीमा ठोक्छ । त्यसले उसलाई असाध्य कष्टकर वेदना हुन्छ । तर पनि उसले गरेको पापकर्म नसकिएसम्म उसको मृत्यु हुँदैन ।

उँधोमुन्टो पारेर धारिलो हतियारले तास्छ, रथको पछाडि बाँधेर आगो धपधप बलिरहेको जमिनमा घिसार्छ, धपधप बलिरहेको कोइलाको पहाडमा कहिले चढाउँदै कहिले झार्दै गर्छ, उँधोमुन्टो पारेर धपधप तातिरहेको फलामको कराईमा हाल्छ, त्यहाँ खुइलिँदै, पाक्दै कहिले तल, कहिले माथि, कहिले बीचमा रहेर कटु वेदना अनुभव गर्छ । तर पनि उसले गरेको पापकर्म नसकिएसम्म उसको मृत्यु हुँदैन[१०] ।

Dhamma.Digital

१० भदन्त आनन्द कौशल्यायन, अंगुत्तर निकाय, प्रथम भाग, पेज नं. १४१ देखि १४४, महाबोधि सभा, कलकत्ता



Downloaded from http://www.dhamma.digital

# चतुआर्य सत्य र यसको महत्व

बैशाख पूर्णिमा बौद्धहरूको लागि सबभन्दा महत्वपूर्ण दिन मानिन्छ । त्यसै दिन लुम्बिनीमा बोधिसत्व सिद्धार्थको जन्म भएको थियो, त्यसै दिन भारतको बोधगयामा उहाँलाई बुद्धत्व प्राप्त भएको थियो र उहाँको महापरिनिर्वाण पनि त्यसै दिन भएको थियो । बैशाख पूर्णिमाको त्यस रात भारतको बोधगयामा उहाँलाई त्यस्तो के प्राप्त भयो त्यसपछि उहाँले आफूलाई बुद्धत्व प्राप्त भएको दावी गर्नु भयो र सबैले उहाँलाई बुद्ध भन्न थाले ? भनिन्छ बैशाख पूर्णिमाको त्यस रात पहिलो प्रहरमा उहाँलाई दिव्यचक्षु प्राप्त भयो । रातको दोश्रो प्रहरमा पुब्बे निवास अथवा पूर्वजन्महरूबारे जान्ने ज्ञान र रातको अन्तिम प्रहरमा आश्रवक्षय ज्ञानको साथै चतुआर्य सत्य अवबोध भयो । त्यसपछि मात्र उहाँले आफूलाई बुद्ध भनेर भन्नुभयो ।

धर्मचक्रपवत्तनसूत्रमा भगवान भन्नुहुन्छ "भिक्षुहरू हो ! जवसम्म मलाई चारर्आयसत्य प्रत्येकको तीन आकार र १२ प्रकारबाट उपयूक्त रूपले यथार्थ अत्यन्तै परिशुद्ध ज्ञान दर्शन भएको थिएन तवसम्म मैले यो देव, मार, ब्रह्मा, श्रमण, ब्राह्मण सहित यस लोकमा मलाई अनन्त सम्येक सम्बोधि प्राप्त भयो भनेर भनिन" ।

भगवान बुद्धको यस भनाईबाट थाहा हुन्छ कि चतुआर्यसत्य नै बुद्धधर्मको सार हो । जातककथाहरूको अध्ययन गर्दा पनि थाहा हुन्छ कि उहाँमा साधारण ऋद्धिसिद्धि त बोधिसत्व हुँदाको समयमा पनि थियो । सुमेध ऋषि हुँदाकै समयमा पनि उहाँ आकाशमार्गबाट यात्रा गर्न सक्नुहुन्थ्यो । तर उहाँलाई चतुआर्यसत्यको यथार्थ



Downloaded from http://www.dhamma.digital

बोध त्यसै बैशाख पूर्णिमाको रातमा भयो र त्यसपछि मात्र उहाँले आफूलाई बुद्ध भनेर दावी गर्नुभयो । यसबाट बुझ्न सकिन्छ कि बुद्धधर्ममा चतुआर्यसत्यको स्थान कति उच्च छ ?

चतुआर्यसत्य निम्नानुसार छन् :

१. दुःख सत्यः संसारमा दुःख छ ।

२. दुःख समुदय सत्यः दुःखको कारण पनि छ र त्यो तृष्णा हो ।

३. दुःख निरोध सत्यः दुःखबाट पूर्ण मुक्त हुन सकिन्छ ।

४. दुःख निरोध गामिनी मार्ग सत्य अर्थात आर्यअष्टाङ्गिकमार्ग

'पहिले पनि र अहिले पनि म यही सिकाउँछु कि दुःख छ र दुःखको सम्पूर्ण अन्त्य पनि छ ।' भन्ने बुद्धको भनाईबाट पनि चतुआर्यसत्य नै बुद्धधर्मको सम्पूर्ण सार हो भनेर बुझ्नु पर्दछ ।

भगवान बुद्ध भन्नु हुन्छ

*भिक्षुहरू हो जुन धर्ममा चतुआर्यसत्य हुँदैन त्यस धर्मबाट प्रथम श्रमण उत्पन्न हुन सक्तैन ।*

*भिक्षुहरू हो जुन धर्ममा चतुआर्यसत्य हुँदैन त्यस धर्मबाट द्वितिय श्रमण उत्पन्न हुन सक्तैन ।*

*भिक्षुहरू हो जुन धर्ममा चतुआर्यसत्य हुँदैन त्यस धर्मबाट तृतिय श्रमण उत्पन्न हुन सक्तैन ।*

*भिक्षुहरू हो जुन धर्ममा चतुआर्यसत्य हुँदैन त्यस धर्मबाट कोही पनि अर्हत हुन सक्तैन ।*

(प्रथम श्रमण, द्वितिय श्रमण, तृतिय श्रमण भनेर क्रमशः श्रोतापन्न, सहकृदगामी र अनागामी प्राप्त व्यक्तिलाई बुझ्नु पर्दछ ।)



Downloaded from http://www.dhamma.digital

# आर्यअष्टाङ्गिक मार्ग

दुःखबाट पूर्णमुक्त हुन भगवान बुद्धले देखाउनु भएको मार्ग नै आर्यअष्टाङ्गिकमार्ग हो । बुद्धधर्ममा अभ्यास नगरी भक्ति र पूजापाठमात्र गरेर कोही पनि मुक्त हुन सक्तैन । त्यसको लागि आर्यअष्टाङ्गिकमार्गको अभ्यास गर्नै पर्छ ।

आर्यअष्टाङ्गिक मार्ग निम्नानुसार छन् :

सम्येक दृष्टि
सम्येक संकल्प
सम्येक व्यायाम
सम्येक स्मृति
सम्येक समाधि
सम्येक कर्मन्तो
सम्येक आजिवो
सम्येक वाचा

Dhamma.Digital

आर्यअष्टाङ्गिकमार्गका पहिलो दुइ (सम्येक दृष्टि र सम्येक संकल्प) प्रज्ञासंग सम्बन्धित छन् । सम्येक व्यायाम, सम्येक स्मृति र सम्येक समाधि ध्यानसंग सम्बन्धित छन् भने सम्येक कर्मन्तो, सम्येक आजिवो र सम्येक वाचा चाँही शील हुन । यसरी आर्यअष्टाङ्गिकमार्गलाई अभ्यास गर्न सजिलो बनाउन शील, समाधि र प्रज्ञामा समेटिएको छ । शील, समाधि र प्रज्ञाको अभ्यास नै निर्वाणको मार्ग हो र यसको अभ्यास नगरी कोही पनि मुक्त हुन सक्तैन । त्यसैले आर्यअष्टाङ्गिक मार्ग (शील, समाधि र प्रज्ञा) लाई 'एकायनो अयं मग्गो' (निर्वाण प्राप्ति लागिको एउटैमात्र अनुपम बाटो) भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

# धम्मिक सूत्र (गृहस्थी धर्म)

बुद्धले गृहस्थीहरूको लागि दान, शील, र ध्यानको अभ्यास गर्ने शिक्षा दिनुभएको छ । दान गर्दा शीलवान, ध्यानी, त्यागीलाई श्रद्धापूर्वक प्रसन्न चित्त गरी दिनुपर्ने बताउनुभएको छ । गृहस्थीहरूको लागि प्रत्येक दिन नियमित रूपमा प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार (sexual misconduct) नगर्ने, झूट नबोल्ने र रक्सी आदि नसालु पदार्थको सेवन नगर्ने आदि पञ्चशील र अष्टमी, औंसी र पूर्णिमा गरी महिनाको चार दिन अष्टशील पालन गरी नियमितरूपमा ध्यान अभ्यास गर्ने शिक्षा दिनुभएको छ । त्यस्तैगरी भिक्षुहरूलाई शील, समाधि र प्रज्ञाको अभ्यास गर्ने शिक्षा दिनुभएको छ । यसरी शील, ध्यान र प्रज्ञाको अभ्यासलाई नै निर्वाणको बाटो भनेर बताउनुभएको छ । मुक्ति प्राप्तिको लागि सबैले शील, समाधिको अभ्यास गरी प्रज्ञाको पूर्ण विकास गर्नैपर्ने हुन्छ ।

**दान**

दानको साधारण अर्थ दिनु हो । आफूसंग भएको कुनै वस्तु कसैलाई दिनु कुशल कार्य हो । यसको सम्बन्ध वस्तु र चित्तसंग हुन्छ । बुद्धको शिक्षामा दानको ठूलो महत्व हुन्छ । साधारणत दानी व्यक्तिहरू दानको प्रभावले धनी सम्पन्न परिवारमा जन्मने विश्वास गरिन्छ भने लोभी कसैलाई नदिने कन्जुसहरू दरिद्र र गरिव परिवारमा ।

बुद्धको शिक्षामा खानाखाए पछि हात धोएको भोल मात्र पनि कुनै जीवहरूलाई उपयोगि होस् भनेर मनमा कामना गर्दा दानको


Downloaded from http://www.dhamma.digital

फलप्राप्त हुने बताइन्छ । त्यसरी नै पशुपंक्षीलाई खुवाएको खानाभन्दा मानिसलाई खुवाएको खानाको पुण्य ठूलो हुन्छ । मानिसहरूमा शीलवानहरूलाई गरेको दानको पुण्य ठूलो हुन्छ । शीलवान त्यागी भिक्षुहरू जसको जीवन गृहस्थी दाताहरूको दानमा निर्भर हुन्छ उनीहरूलाई दिएको दान महान फलदायी हुन्छ । साधारण त बुद्धधर्ममा विहार दान, चीवर दान, औषधी र भोजन दान दिने गरिन्छ । व्यक्तिलाई भन्दा संघलाई गरिने दान महान फलदायी हुन्छ । सिंहसेनापतिसंग भगवान बुद्धले दान गर्ने व्यक्तिहरू मृत्यु पछाडि देवलोकमा उत्पन्न हुन्छन् भनेर भन्नु भएको छ ।

दानगर्दा दाता र दायक दुवै तर्फबाट परिशुद्ध भयो भने दान महान् फलदायी हुन्छ । दान गर्न अगाडि, दान गरिरहँदा र दान गरिसकेपछि तिनै अवस्थामा चित्त प्रसन्न राख्न आवश्यक हुन्छ । त्यसरी नै दान लिने याचकले पनि दाताप्रतिको कर्तव्य संझेर शीलवान हुन आवश्यक हुन्छ । चित्त प्रसन्न नगरी दान गर्नेहरू दानको प्रभावले धनी परिवारमा जन्मने तर आफ्नो सम्पत्ति आफ्नै लागि पनि खर्च गर्न नसक्ने हुन्छन् । त्यस्ता व्यक्तिहरू अथाह सम्पत्तिको मालिक भएर पनि आफू खुशी मीठो खान र राम्रो लगाउन नसक्ने हुन्छन ।

दान गरिने वस्तुको स्तरअनुसार दान निम्न तीन स्तरका हुन्छन् ।

**दान दासः**

आफूलाई काम नलाग्ने वा आफ्नो स्तरभन्दा निम्न कोटिको वस्तु दान गर्नुलाई **दान दास** भनिन्छ । आफ्नो घरमा कामनलाग्ने वा पुरानो बिछयौना, भाँडाकुँडा साथै घरमा खाइनसकेर बाँकी रहेको



Downloaded from http://www.dhamma.digital

फलफूल, मिठाई आदि विहारमा लगेर दान दिनु **'दान दास'** हो । यस्तो दानको प्रभावले दाता धनी परिवारमा जन्मन्छ तर कुकुर बिरालो वा पशुपंक्षी भएर । त्यसैले यस्तो दान गर्नुहुँदैन ।

**दान सह :**

आफ्नो स्तरअनुरूपको, आफूले जस्तो खाने हो, जस्तो लगाउने हो त्यस्तै खाना वा वस्तु दान गर्नु **दान सह** हो ।

**दान पति वा दान श्रेष्ठ :**

दानलाई उच्च प्रथमिकतामा राखेर आफूले खाने, लगाउने भन्दा राम्रो, उच्चस्तरको खाना, फलफूल, कपडा आदि दान गर्नु **दान श्रेष्ठ** हो । नयाँ फलफूल, तरकारी आदि दानगर्ने कार्य पनि **दान श्रेष्ठ** भित्र पर्दछ ।

दानगर्दा **दान श्रेष्ठ** गर्न नसके पनि **दान सह**भन्दा तल झर्न हुँदैन ।

## शील

शीलको साधारण अर्थ सदाचार हो । शरीर र वचनलाई संयमित र सुरक्षित राख्नु नै शील हो । बुद्धको शिक्षामा शीलको असाध्यै ठूलो स्थान रहेको छ । शीललाई एउटा आधार अथवा जगको रूपमा लिइएको छ । जसरी कुनै पनि घर बनाउन बलियो जगको आवश्यकता हुन्छ त्यसरी नै कुनै पनि आध्यात्मिक विकास र पूर्णताको लागि शील बलियो (परिशुद्ध) हुनु जरूरी हुन्छ ।

सुत्तनिपातको धम्मिकसूत्रमा शीलकोबारेमा यसरी लेखिएको पाइन्छ (भिक्षु धर्मरक्षित, पृष्ठ ९७ ) ।



Downloaded from http://www.dhamma.digital

संसारमा जतिपनि स्थावर र जंगम प्राणीहरू छन तिनीहरूको न त हत्या गर्नु, न त हत्या गर्न लगाउनु, न त उनीहरूलाई मार्ने आदेश दिनु, सबै प्राणीहरूप्रति दण्डरहित बन्नु ।

अर्काको भनिएको कुनै पनि वस्तुको चोरी नगर्नु, न त चोरी गर्ने अनुमति दिनु, सबै प्रकारको चोरी कर्मको त्याग गर्नु । ज्ञानी मानिसहरू ब्रह्मचर्यको पालनगर्न नसके तापनि पर स्त्री वा पर पुरूषको सेवन नगर्नु ।

सभा वा परिषद कहीं पनि भूट नबोल्नु, न त स्वयं भूट बोल्नु, न त भूट बोल्ने अनुमति दिनु, सबै प्रकारको असत्य भाषणको त्याग गर्नु । जो गृहस्थी यस धर्मलाई मन पराउँछ उनीहरू रक्सी आदि मादक पदर्थको सेवन नगर्नु । यो उन्मादक हुन्छ भन्ने जानेर न त आफूले पिउनु न त अरूलाई पिलाउनु ।

प्राणी हिंसा नगर्नु, चोरी नगर्नु, भूट नबोल्नु र मादक पादर्थ नपिउनु । अब्रह्मचर्य र मैथुनबाट विरत रहनु र रातमा विकाल भोजन नगर्नु । मालागन्ध आदिको सेवन नगर्नु, जमिनमा सुत्नु यसलाई अष्टाङ्गिक उपोसथ भनिन्छ । दुःख पारंगत बुद्धले यसरी प्रकाशित गर्नुभएको छ । प्रत्येक महिनाको अष्टमि, औंशी, पूर्णिमा र प्रतिहारयपक्ष (आषाढ, श्रावण, भाद्र, अश्विन र कार्तिक) मा प्रसन्न मनले अष्टाङ्गिक उपोसथशील पालन गर्नुपर्छ ।

बुद्धको शिक्षामा विभिन्न नदी, तलाउ आदिमा स्नान गरेर मन पवित्र हुने, मुक्ति प्राप्त हुने आदि कुराको स्थान हुँदैन, यसको लागि शीलको तलाउमा नियमितरूपमा डुबुल्की लगाउनुपर्छ ।

विशुद्धिमार्गको परिच्छेद १ पेज ९ मा शीलकोबारेमा यसरी भनिएको छ ।



Downloaded from http://www.dhamma.digital

*न गङ्गा यमुना चा पि सरभु वा सरस्वति ।*
*निन्नगा वा चिरवती मही वा पि महानदी ॥*
*सक्कुणन्ति विसोधेतुं तं मलं इध पाणिनं ।*
*विसोधयति सत्तानं यं वे सीलजलं मलं ॥*

(शीलको रक्षाबाट मनको जुन मैला सफा हुन्छ त्यो गङ्गा, यमुना, सरस्वती, वा अचिरवती (राप्ती) आदि नदीमा स्नान गरेर हुदैन ।)

*न तं सजलदा वाता न चापि हरिचन्दनं ।*
*ने व हारा ने मणयो न चन्दकिरणङ्कुरा । ।*
*समयन्तीध सत्तानं परिलाहं सुरक्खितं ।*
*यं समेती इदं अरियं सिलं अच्चन्तसितलं । ।*

(न त जलकणयुक्त हावा, न हरिचन्दन, न मोतीको हार, न मणि, न चन्द्रको किरणले नै प्राणीहरूको त्यो जलनलाई त्यति शान्त पार्न सक्दछ जति कि राम्रोसंग रक्षा गरिएको आर्यशीलले शीतल पार्न सक्दछ ।)

Dhamma.Digital

## मांसहार

साधारणतया बुद्धको अहिंसाको शिक्षालाई मांसहारसंग जोडेर हेर्ने गरिन्छ । मांसहारलाई बन्दगर्ने हो भने प्राणीहिंसा स्वतः बन्द हुन्छ । कमसे कम बौद्धहरूलेमात्र मांसहार नगर्ने हो भने पनि धेरैहदसम्म प्राणी हिंसा रोक्न सकिन्छ भन्नेहरू धेरै भेटेको छु । सधारण त मासु खान पूरै बन्द गर्ने हो भने प्राणी हिंसा धेरैहदसम्म कम हुन्छ भन्ने तर्क सिद्धान्त त नमिल्दो देखिन्दैन । ठूला ठूला बौद्धविद्वानहरू पनि यस विषयमा विबादमा तानिएको देखिन्छ । बौद्ध ऋषि महाप्रज्ञाले आफ्नो आत्मवृतान्तमा बर्मामा विबादमा तानिएको बताउनु भएको छ । यस संक्षिप्त पुस्तकमा यो गहन विषयमा मैले आफ्नो विचार



Downloaded from http://www.dhamma.digital

राखेर विवादमा तानिन चाहन्न । तर पनि मासु खाने नखाने विषयमा आफूलाई लागेको कुरा मेरो आफ्नै अनुभव यहाँ बाड्न चाहन्छु ।

"सरलाई लोकल कुखुरा चल्छ ?" गोरखा जिल्लाको एउटा दुर्गम गाउँमा मलाई सोधिएको प्रश्न हो यो । २०७२ सालको भूकम्पको करिव एक वर्ष पछिको कुरा हो । भूकम्प प्रभावित गोर्खा जिल्लाका गाउँहरूमा हाम्रो कार्यालयको आर्थिक सहयोगमा भग्नाअवशेषहरू पन्साउने, भत्केका बाटो कुलोहरू मर्मत गर्ने जस्ता कामहरू हुँदै थियो । तिनै कामहरू निरीक्षण गर्ने सिलसिलामा म गोर्खा जिल्लाको रंचोक भन्ने दुर्गम गाउँमा गएको थिए । दरौंदी पारी बारपाक कै वारीपारी पर्ने त्यस गाउँ पुग्न गाडीमा लगभाग २ घण्टा लाग्यो । बाटो निक्कै अप्ठेरो भएकोले अपरान्ह त्यहाँ पुग्दा शरीर पूरै थाकेको थियो । त्यस्तो थाकेको बेला लोकल कुखुरा नचल्ने कुरै थिएन । मैले लोकल कुखुरा चल्छ भनेको भए एउटा कुखुराको ज्यान जान्थ्यो र चल्दैन भनेको भए झूट बोलेको हुन्थ्यो । त्यसैले मैले चल्छ चल्दैन केहि नभनि कुखुरा काटिसकेको हो र ? भनेर सोधें । मलाई नै सोधेर कुखुरा काट्ने उनीहरूको मनसाय बुझेर मैले कुखुरा काट्न पर्दैन । मलाई, गुन्द्रुक, सिंकी, बासको तामा असाध्य मन पर्छ त्यही पकाए हुन्छ भने ।

बेलुकी खाना खान बोलाए । मलाई आश्चर्य लाग्यो । खानासंग एउटा प्लेटमा चार टुक्रा कुखुराकै मासु पनि थियो । बिहान आफूहरूले खाएर बाँकी रहेको ब्रोइलरको मासु । मलाई त्यो मासु खान कुनै आपत्ति भएन र खाएँ ।



Downloaded from http://www.dhamma.digital

बुद्धको शिक्षामा सबै मासु एउटै हुँदैन । मासु दोषसहित र दोषरहित हुन्छ । मैले लोकल कुखुरा चल्छ भनेको भए कुखुरा काटिन्थ्यो । मेरै कारणले, मेरैलागि काटिने हुँदा त्यो मासु मेरो लागि दोषसहित मासु हुन्थ्यो र त्यस कुखुराको हत्याको जिम्मेवारीबाट मैले पन्छिन मिल्दैन थियो । तर ब्रोइलर कुखुराको मासु मेरो लागि दोषरहित मासु थियो । किनभने त्यसको हत्यामा मेरो कुनै संलग्नता थिएन । त्यो कुखुरा मेरो लागि भनेर काटिएको थिएन । त्यसैले त्यस्तो मासु खान कुनै समस्या हुँदैन र पाप पनि धेरै लाग्दैन ।

बुद्धमार्गीहरू पञ्चशील पालना गर्नुलाई सुखी गृहस्थी जीवनको अनिवार्य आवश्यकता ठान्छन् । पञ्चशील पालना गर्दा प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, मैथुन सम्बन्धि व्यभिचार नगर्ने, झूट नबोल्ने र मादक पादर्थ नपिउने जस्ता पाँचवटा नियमहरूको पालना गर्नु पर्दछ । पञ्चशीलका यि पाँच शीलहरूमा प्राणी हिंसा नगर्ने शील पहिलो नम्बरमा आउँछ । हिंसाको पूर्ण त्याग नगरी कुनै पनि अध्यात्मिक विकास सम्भव हुँदैन । त्यसैले अहिंसा धेरै महत्वपूर्ण छ । तथापि त्यसो भनिरहँदा पञ्चशीलका बाँकी चारवटा शीलहरूको चाहीं महत्व छैन भन्ने होइन । पञ्चशीलका बाँकी चार शीलहरूको पालना गर्न पनि त्यतिकै महत्वपूर्ण हुन्छ । प्राणी हिंसा नगरे पनि चोरी गर्नु राम्रो होइन, त्यसरी नै व्यभिचार, झुट, र मादक पदार्थको सेवन गरिरहेसम्म शीलपालन गरेको ठहर्दैन । जीवनलाई सुखमय बनाउन साथै आध्यात्मिक विकासको लागि यि पाँचवटै शीलहरू पालना गर्न त्यति नै आवश्यक हुन्छ ।

बुद्धको शिक्षामा शील निर्वाणमार्गको पहिलो खुट्किलो हो र हिंसा नगर्नु शीलको मात्र एउटा अंग । सबै होईन । मासु नखाँदैमा


Downloaded from http://www.dhamma.digital

शीलवान भईन्छ भन्ने पनि होइन र मासु नखाने सबैले हिंसा गर्दैनन् भन्ने पनि हुँदैन । भनिन्छ देवदत्त शाकाहारी थिए । उनले भिक्षुहरूले जीवनभर माछामासु खान नहुने नियम बनाउन बुद्धसंग माग गरेका थिए । तर बुद्धले उनको मागलाई स्वीकार गर्नु भएन । माछामासु खान नहुने नियमको वकालत गरेका उनले बुद्धकै हत्या गर्ने थुप्रै प्रयास गरेका थिए । जर्मनका कुख्यात तानाशाह हिट्लर पनि मांसहार गर्दैन थिए तर उनले जति धेरै मानिसहरूको बिभत्स हत्या सायद अरू कसैले गरेनन् होला ।

बुद्धको शिक्षाको एउटामात्र लक्ष निर्वाण प्राप्ति अथवा दुःखबाट पूर्णमुक्ति हो । शील, समाधि र प्रज्ञाको पूर्ण अभ्यास नगरी मात्र मासु नखाँदैमा कसैलाई पनि निर्वाण प्राप्त हुने हुँदैन । निर्वाण मनको स्वच्छ र पवित्र अवस्था हो । बर्षौ देखि सफा नगरेको घर झै मनलाई सफा र पवित्र बनाउन सजिलो हुँदैन । भगवान बुद्धले मानव मन सफा गर्नको लागि शील, समाधि र प्रज्ञाको मार्ग देखाउनु भएको हो । शील, समाधि र प्रज्ञाको पूर्णताको लागि ठूलो प्रयत्न र सावधानी आवश्यक हुन्छ । यसको लागि एक हैन अनेक जीवन लाग्नसक्छ । सगरमाथा चढ्ने विशाल लक्ष बोकेर हिंडेको पर्वतारोही पहिलो खुट्किलोमै अड्किए झै मासु खान हुन्छ हुँदैन भन्ने विषयमै अल्मलिएर शील, समाधि र प्रज्ञाको अभ्यास गर्ने गम्भिर विषयलाई ओझेलमा पार्नु कुनै पनि मानेमा राम्रो होइन । त्यसैले मासु खाए पनि प्राणी हिंसामा आफूलाई संलग्न नगर्नु, सक्दो दान दिनु, शीलपालन गर्नु, र स्वस्थ शरीर र मनका लागि ध्यानको नियमित अभ्यास गर्नु बुद्धिमानी हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## ध्यान

हामीले बिहान उठेदेखि राती नसुतेसम्म गर्ने हरेक क्रियाकलापहरू होशमा गर्नु नै वास्तवमा ध्यान गर्नु हो । हाम्रो दैनिक जीवनमा हमेसा हाम्रो शरीर एक ठाउँमा हुन्छ भने मन अन्त कतै दगुरिरहेको हुन्छ । ध्यान अभ्यासलाई आफूखुशी दगुरिरहने जङ्गली स्वभावको मनलाई संयम गर्ने, नियन्त्रण गर्ने र आफ्नो वशमा राख्ने साधनका रूपमा लिईन्छ । ध्यानलाई मानव मन सफा गर्ने, मनलाई शान्त र निश्चल बनाउने कला पनि भनिन्छ । ध्यानको नियमित अभ्यास गर्नाले शरीर र मन दुबै स्वस्थ रहन्छ । बुद्धको शिक्षा अनुसार निर्वाणको बाटोमा ध्यानको स्थान शीलभन्दा माथि र प्रज्ञाभन्दा पछाडि आउँछ । ध्यानको अभ्यास प्रज्ञा प्राप्तिको लागि अनिवार्य मानिन्छ ।

त्यसैले, आफ्नो जीवनको केही समय ध्यान अभ्यास गर्न लगाऔं । बिहान निन्द्रा खुलेपछि र बेलुका सुत्न अगाडि पलेटी कसेर प्रत्येक दिन कमसेकम १०, १५ मिनेट ध्यान अभ्यास गर्ने गरौं । निरन्तररूपमा शरीर भित्र बाहिर गरिरहेको श्वासप्रश्वासमा मनलाई एकाग्र गराउने अभ्यास गरौं । ध्यानबाट प्राप्त हुने अनुपम सुःखको अनुभव गरौं । जीवनलाई सार्थक बनाऔं । अधुरो जीवन जिउने गल्ती नगरौं ।

*आजैदेखि हरेक बिहानीको शुरूवात र बेलुकीको बिश्राम कम्तिमा १०, १५ मिनेट ध्यानाभ्यासबाट शुरू गरौं र त्यसलाई क्रमशः बढाउदै लगौं ता कि वृद्धा अवस्थासम्म पुग्दा ध्यान एउटा आदत, एउटा सहाराको रूपमा विकास भइसकेको होस् ।*



Downloaded from http://www.dhamma.digital

## चंक्रमण (Walking meditation)

बुद्धको शिक्षामा हाम्रो शरीरका हिंड्ने, बस्ने, उठ्ने, सुत्नेजस्ता सबै आसन (इरियापथ)हरु होशमा गर्न सिकाइन्छ । चंक्रमणलाई ध्यान भावनाको अभिन्न अंगका रुपमा अभ्यास गरिने गरिन्छ । चंक्रमण गर्दा आफ्नो हिंडाइको गति केही सुस्त र आरामदायी बनाउनुपर्छ । आँखालाई झुकाएर हिंड्नुपर्छ र धर्तीमा पाइला राख्दा पैताला र जमिनबीच हुने स्पर्शमा मनलाई एकाग्र गराउँदै, त्यसको स्वादमा रमाउँदै मन्द गतिमा पाइला चाल्नुपर्छ । यो ज्यादै सरल विधि हो र छोटै समयको अभ्यासपछि यस विधामा अभ्यस्त हुन र यसबाट उत्पन्न आनन्दको प्रत्यक्ष अनुभव गर्न सकिन्छ । यसको अभ्यास बगैंचा, चौर, बाटो, घरको आँगन, छत जहाँ पनि गर्न सकिन्छ ।

हामी बिहान प्रभात विहार (मर्निङ वाक)मा निस्कन्छौं । तर, हाम्रो प्रभात विहारमा शरीर मात्र सरिक हुन्छ । मन चाहिं प्रायः अन्त कतै दगुरिरहेको हुन्छ । चंक्रमणले प्रभात विहारमा मनलाई पनि संलग्न गराउन सिकाउँछ । यस कलाले हाम्रो हिंडाइलाई एकाग्र र गहकिलो बनाउँछ साथै मानसिक एकाग्रताका कारण सम्पूर्ण रुपमा प्रभात विहार बढी प्रभावकारी हुन्छ । आफ्नो काम विशेषले सुनसान गाउँ वनपाखा भएर यात्रा गर्दा पनि यही विधि अपनाई हिंड्दा हाम्रो गति प्रभावकारी हुनुका साथै मनमा अपार आनन्द आउँछ । यसरी हिंड्दा गन्तव्य आइनपुगोस् र हिंडिरहन पाए हुन्थ्यो भैं हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# सत्संगत

बुद्धको शिक्षामा सत्संगतलाई ठूलो महत्व दिइएको पाइन्छ । त्यसैले उहाँले विभिन्न सूत्रहरूमा सत्संगत गर्न र खराब संगतबाट बच्न सचेत गराउनुभएको पाइन्छ । पराभवसूत्रमा खराब मानिसको संगत नै मानिसहरूको अवनतिको कारण भएको बताउँदै भगवान भन्नुहुन्छ ।

*असन्तस्स पिया होन्ति, सन्ते न कुरुते पियं ।*
*असतं धम्मं रोचेति तं पराभवतो मुखं ॥*

(जसलाई खराब मानिसहरू प्रिय हुन्छ, असल मानिसहरू अप्रिय, जसले खराब मानिसहरूको धर्म मनपराउँछन् त्यो उसको अवनतिको कारण हुन्छ) ।

त्यसैले खराव मानिसहरूको संगतबाट टाढा रहन भनिन्छ । यदि असल, धीर अनि बुद्धिमान साथी पाएन भने हारेको राज्य छाडेर हिंडेको राजा वा गैडा झैं एक्लै हिड्नु, भनेर सुत्तनिपातको खग्गविसाण सूत्रमा भनिएको छ ।

जड्याहाको संगतले मानिसलाई जड्याहा नै बनाउँदछ । त्यसरी नै जुवाडेको संगतमा रहनेहरू पनि बिस्तारै जुवाडे नै बन्नपुग्दछ । धार्मिक मानिसको संगतले धार्मिक बन्न उत्प्रेरित गराउँदछ । बुद्ध, धर्म र संघको महत्व बुझेकाहरूको संगतले अरूलाई पनि त्रिरत्न (बुद्ध, धर्म र संघ)को शरणमा जान प्रेरित गराउँछ । शील पालन गर्न र ध्यान अभ्यास गर्न उत्प्रेरित गराउँछ ।

अंगुत्तर निकायमा भगवान् बुद्ध भन्नुहुन्छ- 'भिक्षुहरु ! शरीरबाहिर


Downloaded from http://www.dhamma.digital

म त्यस्तो अर्को कुनै कुरा देख्दिनँ, जो यति कल्याणकारी हुन्छ । जस्तो कि सत्संगत[१०] । भिक्षुहरु सत्संगत महान् कल्याणकारी हुन्छ' ।

'भिक्षुहरु ! शरीरबाहिर म त्यस्तो अर्को कुनै कुरा देख्दिनँ, जो यति अनर्थकारी हुन्छ । जस्तो कि कुसंगत । भिक्षुहरु कुसंगत धेरै अनर्थकारी हुन्छ' ।

त्यसैले आफूभन्दा असल नभए पनि आफूसमान मित्रको संगत गर्नु पर्दछ । खराब संगतबाट बच्न अझ धेरै महत्वपूर्ण हुन्छ ।

Dhamma.Digital

११ भदन्त आनन्द कौशल्यायन, अंगुत्तर निकाय, प्रथम भाग, पेज नं. १५, महाबोधि सभा, कलकत्ता



Downloaded from http://www.dhamma.digital

# राजा अजातशत्रु र श्रामण्यफलसूत्र

## संगतगुनाको फल

देवदत्त यशोधरादेवीका भाई भएको बताइन्छ । उनी आनन्द लगायत ६ शाक्य राजकुमारहरूसंगै प्रवजित भएका थिए । बुद्धसंग प्रवज्या ग्रहण गरी पहिलो वर्षाबासको समाप्तिसंगै उनलाई मार्ग-फल बिनाको दिव्यशक्ति (ऋिद्धिसिद्धि) सहितको ध्यान प्राप्त भएको थियो । यसबाट उनमा आफू पनि बुद्ध बन्न सक्ने महत्वाकांक्षा जाग्यो । उनले बुद्धसंग आफूलाई उत्तराधिकारी घोषणा गर्न अनुरोध समेत गरेका थिए । तर बुद्धबाट उनको उक्त प्रस्ताव अस्वीकृत भएपछि उनले बुद्धको हत्या गर्ने योजना बनाए । त्यसको लागि उनले कुनै शक्तिशाली राजालाई हातमा लिन आवश्यक ठाने ।

राजा बिम्बिसार बुद्धको असाध्यै भक्त भएको हुँदा उनलाई हातमा लिन सम्भव थिएन । राजकुमार अजातशत्रु भर्खरको काँचो बुद्धि भएको हुंदा देवदत्तले उनैलाई हातमा लिएर आफ्नो इच्छा पूरा गर्ने निश्चय गरे । उनले आफूमा भएको ऋिद्धिसिद्धिको दुरूपयोग गरी शरीरको ठाउँ ठाउँमा सर्पहरू बेरेर राजकुमार अजातशत्रु एक्लै बसिरहेको कोठामा प्रकट भए । सर्पको माला धारण गरेका देवदत्तलाई देखेर राजकुमार डराए । त्यसपछि देवदत्तले राजकुमारलाई आफ्नो परिचय दिए र नडराउन भने । उनले राज्यसुख यौवन अवस्थामै भोग्नुपर्छ भनि राजकुमारलाई राजाको हत्या गरी राजा हुन र आफूचांही बुद्धलाई मारेर बुद्ध हुने योजना सुनाए ।

देवदत्तको चमत्कारिताबाट प्रभावित राजकुमार अजातशत्रुले देवदत्तको



Downloaded from http://www.dhamma.digital

कुमन्त्रणामा लागेर आफ्ना धार्मिक पिता राजा बिम्बिसारलाई भोकै अनेक कष्ट दिएर मारे । आफ्ना पिताको मृत्युभएकै समयमा उनलाई पुत्रलाभ भयो । दूतहरूले राजा अजातशत्रुको हातमा पहिले छोरा जन्मेको पत्र थमाए । आफूलाई पुत्र प्राप्त भएको थाहा पाएर उनी यति खुशी भए कि उनलाई आफू जन्मदा पनि आफ्नो बुवालाई त्यस्तै खुशी भएको थियो होला भन्ने लाग्यो र तुरून्तै आफ्नो पितालाई जेल मुक्त गर्ने आदेश दिए तर त्यसैबेला दूतले उनलाई पिताको मृत्यु भएको अर्को पत्र थमाए । त्यो देखेर उनलाई ठूलो बिस्मात भयो । आफ्नी आमालाई भेटेर आफ्नो जन्म हुँदा आफ्नो पिता कसरी खुशी हुनुभएको थियो भनेर सोधे । रानीले उनलाई उनको जन्म हुनुभन्दा अगाडिदेखिको जम्मै घटनाहरू सुनाइन् र राजाको छोराप्रति कस्तो मोह थियो भनेर बताइन् । रानीले उनलाई उनको बाल्यकालको एउटा घटना पनि सुनाइन् । एकपल्ट कुमार अजातशत्रुको हातमा खटिरा आयो । त्यो खटिरा पिपले भरिएर दुख्न थालेपछि राजकुमारलाई कसैले फकाउन सकेन र राजकर्माचारीहरूले उनलाई राजा बसिरहेको ठाँउमा लगे । राजाको काखमा बसेका अजातशत्रुले पिपले भरिएको औंला राजाको मुखमा पसाए अनि रून छाडे । खटिरा राजाको मुखभित्रै फुट्यो । राजाले आफ्नो मुखबाट औंला बाहिर निकाल्दा छोरा फेरि रूने हो कि भनेर खटिराबाट निस्केको रगतसहितको पिप सबै चुपचाप निलिदिए । यो कुरा राजाले आफ्नी रानीलाई मात्रै बताएका थिए ।

पितृहत्या गरिसकेपछि अजातशत्रुको मनमा कत्ति पनि शान्ति भएन । उनले राज्यको सुख अनुभव पनि गर्न सकेन् । उनी राम्रोसंग सुत्न पनि सक्दैनथ्यो । दिनमा वा रातमा सुत्छु भनेर आँखा चिम्लिने



Downloaded from http://www.dhamma.digital

वित्तिकै आँखामा तीरले घोंचे जस्तो हुन्थ्यो र झसङ्ग झस्किरहन्थ्यो । त्यसपछि उनले त्यस समयका प्रसिद्ध धार्मिक गुरूहरूसंग भेट गरेका थिए । तर कसैबाट पनि आफ्नो प्रश्नको चित्त बुझ्दो जवाफ नपाएको र आफूलाई शान्ति प्राप्त हुन नसकेपछि उनले बुद्धसंग भेट गर्ने चाहना गरेका थिए ।

## श्रामण्यफल सूत्र

एउटा पूर्णिमाको रातमा राजा अजातशत्रु आफ्नो दरवारको माथिल्लो तल्लामा सजिसजाउ आसनमा आफ्ना राजअमात्यहरूको साथमा बसिरहेका थिए । राजालाई त्यस रात भगवान बुद्धकोमा जान मनलागेको थियो तर पितृहत्याको अपराधबोधको कारण बुद्धकोमा एकलै जान वा आफ्नो मनको कुरा भन्न सकिरहेका थिएनन् । त्यसबखत राजदरबारका सुप्रसिद्ध वैद्य जीवक पनि त्यसै परिषदमा थिए । उनै जीवकको सहायता लिई उनकै सम्पूर्ण तैयारीमा राजा अजातशत्रु त्यसबेला बुद्ध बसिरहनु भएको गृद्दकुट पर्वतको वीचमा पर्ने जीवककै आम्रवनमा गएका थिए । त्यहाँ साढे बाह्रसय भिक्षुहरू बिना कुनै शब्द शान्तसंग बसिरहेको देखेर राजा अत्यन्तै प्रभवित भए । उनले बुद्धलाई नदेखी भगवान कहाँ हुनुहुन्छ ? भनेर जीवकसंग सोधे । भिक्षुसंघको अगाडिको खम्बामा अढेस लगाई पूर्वदिशा फर्केर बस्नुभएका बुद्धलाई देखाउँदै जीवकले भने "महाराज ! भगवान यहाँ हुनुहुन्छ" । त्यसपछि राजा जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गएर हात जोडेर एकछेउमा उभिरहे । आफूले गरेको अपराधको कारण उनले बुद्धसंग कुनै प्रश्न सोध्न सकिरहेको थिएन । आफूले कुरा ननिकालेसम्म राजाले आफूसंग कुनै कुरा सोध्न नसक्ने बुझेर भगवानले "महाराज यहाँ आएर तपाईंले



Downloaded from http://www.dhamma.digital

प्रेमअनुरूप आचरण गर्नुभयो” भनी भन्नुभयो । अनि राजाको मनमा यस्तो लाग्यो । अहो ! आश्चर्य बुद्धगुण ! मजस्तो अपराधीसंग पनि प्रसन्न मुद्रामा कुरा गर्दै हुनुहुन्छ भन्ने मनमा राखी अत्यन्तै प्रसन्न भई भगवानलाई अभिवादन गरी एक छेउमा बसे । त्यसपछि केही कुरा सोध्न चाहन्छु भनी राजाले बुद्धसंग अनुमति मागे । भगवानले पनि उनलाई उत्साहित गर्नुहुंदै “सोध्नुहोस् राजन ! जे चाहनुहुन्छ त्यो सोध्नुहोस्” भनी भन्नुभयो । त्यसपछि राजा अजातशत्रुले भगवानसंग यसरी प्रश्न गरे ।

“भगवान ! जसरी विभिन्न शिल्प, विद्या, कलाहरू छन् । जस्तै हात्तीसवारी, घोडचडी, धनुविद्या, व्यूहरचना, महानाग (हात्तीसंग युद्ध गर्ने कला), मालाकार, रजक (लुगा धुने), कुम्भकार (माटाका भाँडा बनाउने) र अरू पनि थुप्रै सीपहरू छन् र ती सीपहरू सिकेर मानिसहरू यसै शरीरले प्रत्यक्ष जीविकोपार्जन गर्छन्, जीविका चलाउँछन् । गृहस्थीहरू त्यसबाट आफ्नो र परिवारको पालपोषण गर्छन । आफू र आफ्नो परिवारलाई सुखी राख्छन् । उनीहरू शिल्पद्वारा आर्जन गरेको सम्पत्तिबाट विभिन्न दानादि पुण्य गर्छन् । के यसरी नै भिक्षु जीवनको पनि यसै जन्ममा प्रत्यक्ष फल (श्रामण्यफल) बताउन सकिन्छ ?

“हो महाराज ! म तपाईसंगै सोधेर यसको जवाफ दिन्छु । तपाईलाई जस्तो लाग्छ त्यस्तै भन्नुहोला । “तपाईलाई कस्तो लाग्छ राजन् ! तपाईको एकजना नोकर जो तपाईको सबै काम गर्छ । तपाईले भन्नु भन्दा पहिल्यै सबै काम गर्छ, तपाई सुतिसकेपछि मात्रै सुत्छ र तपाई उठ्नुभन्दा पहिले उठ्छ, तपाईको आदेश सुन्न सदैव तैयार रहन्छ, सबैलाई मनपर्ने आचरण गर्छ, मीठो बोल्छ, तपाईको आदेश सुन्न सधै


Downloaded from http://www.dhamma.digital

तपाईप्रति ध्यान दिन्छ । त्यस नोकरको मनमा यस्तो विचार उत्पन्न हुन्छ "अहो पुण्यको फल कति महान कति आश्चर्यजनक छ । यी मगधराजा अजातशत्रु पनि मानिस नै हुन् र म पनि मानिसै हुँ । यी राजा पाँच प्रकारका कामगुणसहितको विलासी जीवन बिताइरहेछन् कोही देवताजस्तै तर म चाँहि उनको सबै काम गर्ने नोकर । उनले मुख खोल्नुभन्दा पहिल्यै सबै काम गरिसक्छु । किन म पनि पुण्य कर्म नगरूँ? यसरी विचार गरी केशदाह्री खौरिएर चीवर लगाइ घर छाडी प्रवजित हुन्छ । यसरी ऊ भिक्षु भई शरीर, वचन र मनलाई संयम गरी बस्दछ । थोरै खाना र कपडाबाटै सन्तुष्ट रहन्छ । त्यसपछि कसैले आएर तपाईंलाई भन्छ ।

"महाराज तपाईंलाई थाहा छ ? तपाईको एकजना नोकर थियो ऊ अहिले केशदाह्री खौरिएर गेरूवस्त्र लगाई भिक्षु भएको छ । ऊ शरीर, वचन र मनलाई संयम गरी भिक्षाबाटै संतुष्ट भई सुखपूर्वक बसेको छ । तब तपाईं के भन्नुहुन्छ महाराज ? त्यो व्यक्ति फर्केर आवस् र मेरो नोकरै भएर बसोस् ।

"भगवान ! म त्यसो भन्दिन । बरू म उसलाई अभिवादन गर्छु । उसको सत्कार गर्छु । उसलाई चीवर, भोजन, बिच्छ्यौना र औषधिहरू दिएर सेवा गर्छु ।"

"त्यसो हो भने महाराज ! श्रमणभाव (भिक्षु नियम पालन गर्नु) ले यसै जन्ममा आँखा अगाडि नै फल पाएको भएन?"

"हो भगवान ! यस प्रकारले श्रमणभावले यसै जन्ममा आँखाको अगाडि फल पाएको हुन्छ ।" "भगवान ! के यसरी नै श्रमणभावको अरू पनि प्रत्यक्षफल देखाउन सकिन्छ?"



Downloaded from http://www.dhamma.digital

"सकिन्छ महाराज ! ध्यान दिएर सुन्नुहोस् बताउँछु" ।

भगवानले भन्नुभयो "महाराज संसारमा जब अर्हत सम्यक सम्बुद्ध विधा र आचरणले सम्पन्न सुगत लोकविद (ब्रह्माण्डको बारेमा सबै बुझेको) पुरूषहरूलाई दमन गर्ने सर्वश्रेष्ठ सारथी र देव मनुष्यहरूको गुरू उत्पन्न हुन्छ, उहाँ देवता, मार, ब्रह्मा, श्रमण, ब्राह्मण, प्रजाहरू तथा देवता र मनुष्यको साथ यस लोकमा स्वयम् जानेर, साक्षात्कार गरेको धर्मको उपदेश गर्नु हुन्छ । सार्थक, प्रष्ट, परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको उपदेश गर्नुहुन्छ । त्यसलाई कुनै गृहस्थी वा गृहस्थीपुत्र या अरू कुनै परिवारका व्यक्ति सुन्दछ । त्यसरी धर्म सुनेर धर्मप्रति श्रद्धालु हुन्छ र विचार गर्दछ कि गृहस्थी जीवन बाधा अड्चनले भरिपूर्ण छ र भिक्षुजीवन (प्रवज्या) एकदम खुल्ला आकाश समान छ । घर गृहस्थीमा रहेर परिशुद्ध ब्रह्मचर्य पालन गर्न सम्भव छैन । यसैले किन म केशदाह्री मुन्डन गरी भिक्षु नबनूँ ? त्यसपछि ऊ घर गृहस्थीको बन्धन तोडेर भिक्षु बन्दछ ।

Dhamma.Digital

## शील

"भिक्षु भएपछि प्रतिमोक्षका शीलहरू ठीकसंग पालन गर्छ, सानोभन्दा सानो पनि पाप गर्न डराउँछ । शुद्ध जीविका गरी शील सम्पन्न, इन्द्रिय संयमी, अल्पहारी, स्मृतिमान्, होशियार र सन्तुष्ट रहन्छ" ।

"भिक्षु कसरी शील सम्पन्न हुन्छ ? महाराज ! भिक्षु हिंसा छोडेर हत्या-हिंसाबाट टाढा रहन्छ, दण्ड त्यागेर, हतियार त्यागेर, हिंसारहित, दयावान्, प्राणीमात्रको हित सुखको कामना गरिरहने हुन्छ । चोरी गर्दैन, चोर्ने कामबाट टाढा रहन्छ । कसैले दिएको वस्तु मात्रै स्वीकार गर्दछ । यसरी अरूको वस्तु सम्पत्तिप्रति लोभरहित भएर बस्दछ ।



Downloaded from http://www.dhamma.digital

कामवासनालाई छाडेर ब्रह्मचारी जीवन बिताउँछ । मैथुनबाट टाढा रहन्छ । झुट बोल्न छाडेर सत्यवादी, स्थिर, विश्वसनीय र यथार्थवक्ता बन्छ । कुरा लगाउने, पोल लगाउने, चूक्ली गर्ने गर्दैन, मानिसहरूमा झगडा पार्न यताको कुरा उता, उताको कुरा यता गर्दैन । ऊ नमिलेको झगडालुहरूलाई मिलाउने, मिलेकोहरूको मित्रता अरू प्रगाढ बनाउने, मैत्री, मेलमिलाप चाहने, मेलमिलाप गराउने, मैत्रीमा रमाउने र मेलमिलापकै कुरा गर्ने हुन्छ । कठोर वचन बोल्न छाड्दछ । निर्दोष कर्णप्रिय, प्रेमपूर्ण, मनमा आनन्द दिने, सभ्य, सबैलाई मनपर्ने कुरा बोल्ने हुन्छ । व्यर्थको बकबास गर्न छाड्दछ । समयोचित कुरा बोल्ने, ठीक कुरा गर्ने, अर्थयुक्त, धर्म, नियमसंगत कुरा गर्ने हुन्छ । बीउ र जीवित वस्तुहरू नष्ट गर्दैन । दिनमा एक पटक मात्र भोजन गर्छ, विकाल (मध्यान्न १२ बजेपछि) भोजन गर्न छाड्दछ । नाच, गान, बाजा र अरू अश्लील, नराम्रा कार्यक्रम, प्रदर्शनीहरू हेर्दैन । अग्लो र एकदम सिंगारिएको विछ्यौना, पलङ्मा सुत्दैन । सुनचाँदीको गहना लगाउँदैन । काँचो अन्न ग्रहण गर्दैन । काँचो मासु ग्रहण गर्दैन । महिला अथवा कुमारी केटी ग्रहण गर्दैन । दासदासी स्वीकार गर्दैन । भेंडा बाख्रा ग्रहण गर्दैन । कुखुरा, सुँगुर ग्रहण गर्दैन । हाती, घोडा, गाई आदि ग्रहण गर्दैन । खेतबारी स्वीकार गर्दैन । गृहस्थीहरूको खबर ओसार पसार गर्ने दूतको काम गर्दैन । घुस लिने, ठग्ने आदि काम गर्दैन ।"

"महाराज यसरी त्यस भिक्षु शीलसम्पन्न भएर रहन्छ । शीलकै कारण भयरहित रहन्छ जसरी महाराज ! कोही मूर्धाभिषिक्त (Sovereign) क्षत्रीयराजा शत्रुहरूलाई जितेर शत्रुहरूबाट भयरहित रहन्छ, त्यस्तै । त्यस भिक्षु शीलपालन गरेको कारण आफूभित्र निर्दोष सुखको अनुभव गर्दछ । प्रीति सुखको अनुभव गर्दछ । आफूले रक्षा गरेको



Downloaded from http://www.dhamma.digital

शील सम्झेर प्रसन्न रहन्छ, सुखको अनुभूति गर्दछ ।"

**इन्द्रिय संयम**

"महाराज ! भिक्षु आफ्नो इन्द्रियलाई वशमा राख्दछ । आँखाले रूपलाई देखेर न त्यसको आकारलाई ग्रहण गर्दछ, न त्यस रूपमा आशक्त रहन्छ । जुन आँखाको संयम नगर्दा मनमा नराम्रो भावना, पाप उत्पन्न हुन्थ्यो उसको रक्षा (संवर)को लागि प्रयत्नशील रहन्छ । आँखाको रक्षा गर्दछ, आँखालाई आफ्नो वशमा राख्दछ । यसरी नै कान, नाक, जिब्रो, शरीर र मनको रक्षा गर्दछ ।"

**स्मृति**

"महाराज ! कसरी भिक्षु होश् र सावधानीपूर्वक रहन्छ ? महाराज ! भिक्षु सवधानीपूर्वक चीवर, पात्र, संघाटी धारण गर्दछ । सावधानीपूर्वक होश्मा रहेर खाने, पिउने, हिंड्ने, सुत्ने गर्दछ । दिशा, पिसाब पनि होशपूर्वक गर्दछ । हिंड्दा, उभिंदा, बस्दा, निन्द्रामा, तन्द्रामा, बोलिरहंदा, चूपरहँदा होश्मा रहन्छ, सावधानीपूर्वक गर्दछ । महाराज ! यस प्रकार भिक्षु स्मृति र सावधानीयुक्त रहन्छन् ।"

**सन्तुष्टि**

"महाराज ! कसरी भिक्षु सन्तुष्ट रहन्छ ? महाराज ! भिक्षु शरीर ढाक्न मात्र पुग्ने चीवर र पेट भर्नमात्र पुग्ने भिक्षाबाट संतुष्ट रहन्छ । जहाँ जहाँ जान्छ आफ्नो सबै समान साथमै लिएर जन्छ । जसरी महाराज पंक्षी जहाँ जहाँ जान्छ आफ्नो पखेटासंगै लिएर जन्छ । यसरी महाराज शरीर ढाक्न पुग्ने कपडा र एक पेट खानामै भिक्षु सन्तुष्ट रहन्छ" ।



Downloaded from http://www.dhamma.digital

"भिक्षु यस प्रकार उत्तम शील (आर्य शील स्कन्ध), उत्तम नियन्त्रित इन्द्रिय, सावधानी र होशपूर्वक संतुष्ट भएर एकान्तबास गर्दछ । जस्तै जंगलमा रूखमुनि, पहाड कन्दरा, गुफा, मसानघाट, जंगल र खुला ठाउँ । भिक्षामा प्राप्त भोजन गरिसकेपछि पलेंटी कसेर शरीरलाई सिधा राखी चारैतिरबाट होश राखी बाहिरी संसारबाट चित्तलाई खिंचेर चित्त एकाग्र गरी बस्दछ । यसरी ध्यान अभ्यास गरी ऊ आफ्नो मनलाई शुद्ध बनाउँदछ । हिंसाभावलाई छाडेर हिंसारहित चित्तकोसाथ रहन्छ । सबै प्राणीप्रति दयाभावको विकास गरी चित्तलाई हिंसाभावबाट शुद्ध पार्दछ । आलस्यलाई त्यागेर आलस्यरहित, प्रयत्नशील भएर बस्दछ । प्रकाशयुक्त संज्ञा (ख्याल)मा होशियार सावधान भएर आफ्नो चित्तलाई आलस्यबाट शुद्ध बनाउँछ । चंचलता र शंका उपशंकाहरूलाई छाडेर शान्तभावले रहन्छ । आफ्नो चित्तलाई भित्री शान्तिले युक्त बनाएर चंचलता र शंका उपशंकाबाट चित्तलाई शुद्ध गर्दछ । संदेह, दुविधारहित भएर रहन्छ । दुविधाबाट चित्तलाई शुद्ध गर्दछ"।

"जसरी महाराज कोही व्यक्ति ऋण लिएर आफ्नो काम चलाउँछ । जब उसको काम पूरा हुन्छ त्यो व्यक्ति आफूले लिएको पुरानो ऋण पूरै चुक्ता गरिदिन्छ । ऋण तिरिसकेपछि पनि आफ्नो श्रीमती, परिवारको पालनपोषणको लागि उसंग धन बांकी रहन्छ । उसको मनमा यस्तो हुन्छ - मैले पहिले ऋण लिएर आफ्नो काम चलाएँ । मेरो काम पूरा भयो । अब मैले सबै ऋण चुक्ता गरिसकें र पनि श्रीमती, परिवारको पालनपोषण गर्नको लागि अझै मसंग धन बचेको छ । यसरी त्यो व्यक्ति आनन्दित हुन्छ" ।

"जस्तै महाराज ! कोही व्यक्ति जेलमा कैदीको जीवन बिताइरहेको हुन्छ । केही दिनपछि उ बिना हानि नोक्सानी सकुशल जेलबाट मुक्त



Downloaded from http://www.dhamma.digital

होस् । उसको घर सम्पत्तिको पनि नोक्सानी नहोस् । उसको मनमा यस्तो हुन्छ – म पहिले जेलमा थिएँ अहिले बिना हानिनोक्सानी जेलबाट छुटें । मेरो घर सम्पत्ति पनि बिग्रेको छैन । यसरी ऊ प्रसन्न हुन्छ" ।

"त्यस्तै महाराज ! कोही धनी र सुखी मानिस कुनै मरूभूमिको लामो बाटोमा गै रहेको होस् । त्यहाँ खाने समाग्री पनि नपाइने होस् र त्यहाँ चोर, डाँका, बाघ आदिको भय पनि होस् । केही दिनपछि उ मरूभूमि पार गरेर गाउँ, बस्ती नजिक पुगोस । उसलाई यस्तो लागोस कि पहिले म मरूभूमिको लामो बाटोमा थिएँ, खान पनि नपाईने, चोर, डाँका, बाघ आदि जनावरको पनि डर थियो । अहिले म सकुशल मरूभूमिबाट गाउँ बस्ती आईपुगें-यहाँ खानाको पनि समस्या छैन, चोर, डाँका, बाघ आदि जनावरको पनि भय छैन । यसरी ऊ प्रसन्न हुन्छ" ।

"महाराज ! ऋण, रोग, जेल, दासता र मरूभूमिको बाटो जसरी नै भिक्षु आफूभित्र वर्तमानमा विद्यमान पाँच निवारणहरू कामछन्द (Sexual desire), व्यापाद (द्वेष), स्त्यानमिद्ध (आलस्य), औदत्य (चंचलता) र संदेहलाई सम्झन्छन । जसरी महाराज ! ऋण मुक्त हुनु, नीरोगी हुनु, जेल मुक्त हुनु, दासता मुक्त भइ स्वतन्त्र हुनु, मरूभूमि पार हुनु आदि छन् त्यस्तै महाराज ! भिक्षु यी पाँच निवारण आफूभित्र नष्ट भएको देखेर प्रसन्न हुन्छ, अपार आनन्दको अनुभूति गर्दछ"।

## समाधि

१. **प्रथम ध्यान** : "भिक्षु आफूभित्र यी पाँच निवारणहरू नष्ट भएको देखेर प्रमुदित हुन्छ, प्रमुदित भएपछि प्रीति उत्पन्न हुन्छ, प्रीति उत्पन्न भएपछि शरीर शान्त हुन्छ । शरीर शान्त भएपछि भित्री सुखको अनुभव गर्छ । सुखी भएपछि मन एकाग्र हुन्छ । त्यसपछि



Downloaded from http://www.dhamma.digital

ऊ सांसारिक काम भोगको चाहना, पाप आदिलाई छाडेर सवितर्क, सविचार र विवेकबाट उत्पन्न प्रीति र सुखसहितको प्रथम ध्यान प्राप्त गरेर बस्दछ । ऊ यसरी विवेकबाट उत्पन्न प्रीति सुखले शरीरलाई सिंच्दछ, भिजाउँदछ र चारैतिर व्याप्त गर्दछ । उसको शरीरको कुनै पनि भाग विवेकबाट उत्पन्न प्रीति सुखबाट अछुतो अतृप्त रहँदैन" ।

"जसरी महाराज ! कुनै नाई थालीमा स्नान चूर्ण (पिना) राखेर पानीले बिस्तारै बिस्तारै भिजाउँछ र डल्लो बनाउँदछ । त्यो स्नान चूर्ण (पिना) को डल्लो तेलले भित्र बाहिर व्याप्त हुन्छ तर तेल चुहिंदैन । यसै प्रकार महाराज ! यस शरीरलाई विवेकबाट उत्पन्न प्रीति सुखले व्याप्त गर्दछ । उसको शरीरको कुनै भाग त्यस प्रीति सुखबाट अछुतो रहँदैन ।

"महाराज ! जो भिक्षु भोगविलासलाई छाडेर, पापलाई छाडेर, सवितर्क, सविचार र विवेकबाट उत्पन्न प्रीति सुखले शरीरलाई सिंच्दछ, भिजाउँदछ र चारैतिर व्याप्त गर्दछ । उसको शरीरको कुनै पनि भाग विवेकबाट उत्पन्न प्रीति सुखबाट अछुतो अतृप्त रहँदैन । "महाराज ! यो पनि प्रत्यक्ष श्रामण्यफल हो, पहिले बताएको श्रामण्यफल भन्दा उत्तम ।"

२. **द्वितीय ध्यान** : "महाराज ! फेरि भिक्षु वितर्क र विचार शान्त भएपछि भित्री चित्तको एकाग्रताबाट युक्त तर वितर्क र विचाररहित समाधिबाट उत्पन्न प्रीति सुखले व्याप्त द्वितीय ध्यान प्राप्त गरेर विहार गर्दछ । ऊ यसरी समाधिबाट उत्पन्न प्रीति सुखले शरीरलाई सिंच्दछ, भिजाउँदछ र चारैतिर व्याप्त गर्दछ । उसको शरीरको कुनै पनि भाग समाधिबाट उत्पन्न प्रीति सुखबाट अछुतो अतृप्त रहँदैन ।"



Downloaded from http://www.dhamma.digital

"जसरी महाराज ! कुनै गहिरो आफैभित्र मूल भएको तलाउ होस् । त्यहाँ पूर्व, दक्षिण, पश्चिम, उत्तर कतैबाट पनि पानी आउने बाटो नहोस् । बर्षाको पानी पनि त्यहाँ नझरोस् । तर त्यस तलाउको भित्रबाट चिसो पानीको मूल फुटेर त्यस तलाउलाई चिसो पानीले भरोस् र तलाउको कुनै पनि भाग त्यस चिसो पानीको धाराबाट अछुतो नहोस् । यसरी नै महाराज ! त्यस भिक्षु समाधिबाट उत्पन्न प्रीति सुखले शरीरलाई सिंच्दछ, भिजाउँदछ, संतृप्त बनाउँछ र चारैतिर व्याप्त गर्दछ । उसको शरीरको कुनै पनि भाग समाधिबाट उत्पन्न प्रीति सुखबाट अछुतो अतृप्त रहँदैन । महाराज् ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो, पहिले बताएको भन्दा उत्तम ।"

**३ तृतीय ध्यान** : "महाराज ! फेरि भिक्षु प्रीति र विरागदेखि विरक्त भएर, स्मृति र सम्प्रजन्यको साथ शारीरिक सुखको अनुभव गर्दै विहार गर्दछ, जसलाई पण्डितजनहरू उपेक्षक, स्मृतिमान र सुखविहारी भन्दछन्, यस्तो तृतीय ध्यान प्राप्त गरेर सम्पूर्ण आर्यसुखको अनुभव गर्दै विहार गर्दछ । ऊ यसरी समाधिबाट उत्पन्न प्रीतिरहित सुखले शरीरलाई सिंच्दछ, भिजाउँदछ, संतृप्त बनाउँछ र चारैतिर व्याप्त गर्दछ । उसको शरीरको कुनै पनि भाग समाधिबाट उत्पन्न प्रीतिरहित सुखबाट अछुतो अतृप्त रहँदैन ।"

"जसरी महाराज ! उत्पल समुदाय पद्म समुदाय, या पुण्डरीक समुदायमा कुनै नील कमल (उत्पल), रक्तकमल, या श्वेतकमल पानीमा उत्पन्न भएर पानीमै बढोस्, पानीमै रहने र पानीकै भित्र पुष्ट हुने, पानीबाट टुप्पासम्मै चिसो पानीले व्याप्त । त्यस कमलको कुनै पनि भाग चिसो पानीले अतृप्त रहँदैन । यसै प्रकारले महाराज ! भिक्षु यस शरीरलाई प्रीतिरहित सुखले सन्तृप्त गर्दछ,



Downloaded from http://www.dhamma.digital

व्याप्त गर्दछ । उनको शरीर को कुनै पनि भाग प्रीतिरहित सुखबाट अछुतो अतृप्त रहँदैन । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्ष फल हो, पहिले बताएकोभन्दा उत्तम ।"

४. **चतुर्थ ध्यान** : "फेरि महाराज ! भिक्षु सुःख दुःखलाई छोडेर सौमनस्य र दौर्मनस्यको अगाडि नै नाश भएबाट, न दुःख न सुःख वाला, स्मृति र उपेक्षाले परिशुद्ध चतुर्थध्यान प्राप्त गरी विहार गर्दछ । आफ्नो शुद्ध चित्तद्वारा यसै शरीरलाई निर्मल बनाएर बस्दछ । उसको शरीरको कुनै पनि भाग शुद्ध र निर्मल चित्तबाट अतृप्त अव्याप्त रहँदैन ।"

"जसरी महाराज ! कुनै पुरूष सेतो उज्यालो कपडा शिरैदेखि ढाकेर लगाई बस्दछ र उसको शरीरको कुनै भाग त्यस सफेद कपडाले नछोपेको नहोस् । यसै प्रकारले महाराज ! भिक्षु यस शरीरलाई सुख दुःख रहित स्मृति र उपेक्षाले परिशुद्ध चित्तबाट सन्तृप्त गर्दछ, व्याप्त गर्दछ । उनको शरीरको कुनै पनि भाग न दुःख न सुख वाला, स्मृति र उपेक्षाले परिशुद्ध र निर्मल चित्तबाट अछुतो अतृप्त रहँदैन । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्ष फल हो, पहिले बताएकोभन्दा उत्तम ।"

## प्रज्ञा

१. **ज्ञान दर्शन** : "त्यस भिक्षु यस प्रकार एकाग्र, शुद्ध, निर्मल, निष्पाप, क्लेशरहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भैसकेपछि सत्य ज्ञान साक्षात्कार गर्नको लागि आफ्नो चित्तलाई झुकाउँदछ र ऊ यस प्रकार जान्दछ :" यो मेरो शरीर, भौतिक, चार महाभूतले बनेको, आमा र बुवाको संयोगबाट उत्पन्न, दालभातले पोसिएको,



Downloaded from http://www.dhamma.digital

अनित्य, छेदन, भेदन, मर्दन र नाश हुन योग्य छ । यो मेरो विज्ञान (मन) यसमा लागेकोछ र बांधिएको छ । जसरी महाराज ! सेतो उच्च जातको, अठ्पहलु, राम्रोसंग काटिएको, स्वच्छ, प्रसन्न, निर्मल सबै गुणलेयुक्त हीरा छ र यसमा नीलो, पहेंलो, रातो, सेतो, वा पाण्डु रङगको धागो पसेको होस । त्यस हीरालाई कुनै आँखा भएको मानिस हातमा लिएर हेर्दछ–-यो सेतो उच्च जातको, अठ्पहलु, राम्रोसंग काटिएको, स्वच्छ, निर्मल सबै गुणले युक्त हीरा छ र यसमा नीलो, पहेंलो, रातो, सेतो, वा पाण्डु रङगको धागो पसेको छ । यसै तरह महाराज् ! भिक्षु एकाग्र, शुद्ध निर्मल, निष्पाप, क्लेशरहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भैसकेपछि सत्य ज्ञान साक्षात्कार गर्नको लागि आफ्नो चित्तलाई झुकाउँदछ र उ यस प्रकार जान्दछ : यो मेरो शरीर, भौतिक, चार महाभूतले बनेको, आमा र बुवाको संयोगबाट उत्पन्न, दाल भातले पोसिएको, अनित्य, छेदन, भेदन, मर्दन र नाश हुन योग्य छ र यो मेरो विज्ञान (मन) यसमा लागेकोछ, बाँधिएको छ र फसेको छ । महाराज ! यो पनि श्रमणभावको प्रत्येक्षफल हो, पहिले बताएको भन्दा उच्चतम ।"

२. **मनोमय शरीरको निर्माण** : "उ यसरी एकाग्र, शुद्ध, निर्मल, निष्पाप, क्लेशरहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भइसकेपछि मनोमय शरीर निर्माण गर्नको लागि आफ्नो चित्तलाई झुकाउँदछ । ऊ यस शरीरबाट अलग अर्को एउटा बेग्लै भौतिक, मनोमय, सबै अङ्गप्रत्यङ्गयुक्त, राम्रो पुष्ट ईन्द्रिय भएको शरीरको निर्माण गर्दछ । जसरी महाराज् ! कुनै पुरूष म्यानबाट तरबार निकाल्दछ । उसको मनमा यस्तो हुन्छ : यो तरबार हो र यो म्यान । तरबार अलग्गै र म्यान अलग्गै । तरबार म्यानबाटै निकालिएको हो । अथवा जसरी



Downloaded from http://www.dhamma.digital

महाराज ! कुनै सपेरा आफ्नो पेटारीबाट साँप निकाल्दछ । उसको मनमा यस्तो होस् यो साँप हो र यो पेटारी । साँप अलग्गै र पेटारी अलग्गै । साँप पेटारीबाटै निकालिएको हो । यस तरह महाराज ! उ यसरी एकाग्र, शुद्ध, निर्मल, निष्पाप, क्लेश(मैला)रहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भैसकेपछि मनोमय शरीर निर्माण गर्नको लागि आफ्नो चित्तलाई झुकाउँदछ । ऊ यस शरीरबाट अलग अर्को एउटा बेग्लै भौतिक, मनोमय, सबै अङ्गप्रत्यङ्गयुक्त, राम्रो पुष्ट ईन्द्रिय भएको शरीरको निर्माण गर्दछ । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो, पहिले बताएकोभन्दा उच्चतम ।"

३. **ऋद्धि** : "त्यस भिक्षु यसप्रकारको एकाग्र, शुद्ध, निर्मल, निष्पाप, क्लेशरहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भइसकेपछि ऋद्धिहरू प्राप्त गर्न चित्तलाई झुकाउँदछ र अनेक प्रकारको ऋद्धिहरू प्राप्त गर्दछ जस्तै एउटाबाट धेरै र धेरैबाट एउटा हुन्छ, प्रकट हुन्छ, अन्तर्ध्यान हुन्छ, पर्खालबाट वारपार गर्दछ, आकाशमा जस्तै पहाडभित्र पनि कहीं कतै नठोकिइकन भित्र बाहिर गर्दछ । पृथ्वीमा पनि पानीमा झै डुबुल्की लगाउँदछ, पानीमा पनि जमिनमा झै हिड्दछ, आकाशमा पनि पलेटी कसेर उड्दछ मानौ कुनै चरा उडिरहेछ महातेजस्बी सूर्य र चन्द्रलाई पनि हातले छुन्छ, मालिस गर्दछ ब्रह्मलोकसम्मलाई आफ्नो शरीरको वशमा राख्दछ ।"

"जसरी महाराज ! कोही चलाख कुमाले या कुमालेको छोरा राम्रोसंग तैयार गरेको माटोबाट चाहे बमोजिम भाँडा बनाओस् र फेरि बिगारोस् ।" "जसरी महाराज ! कोही चलाख सुवर्णकार राम्ररी पगालेको सुनबाट आफुले चाहेजस्तो गहना बनाओस् र फेरि बिगारोस" । "त्यसरी नै भिक्षु एकाग्र, शुद्ध, निर्मल, निष्पाप,



Downloaded from http://www.dhamma.digital

क्लेशरहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भइसकेपछि आफ्नो चित्तलाई ऋद्धिहरू प्राप्त गर्न झुकाउँदछ र अनेक प्रकारको ऋद्धिहरू प्राप्त गर्दछ जस्तै एउटाबाट धेरै र धेरैबाट एउटा हुन्छ, प्रकट हुन्छ, अन्तर्ध्यान हुन्छ, पर्खालबाट वारपार गर्दछ, आकाशमा जस्तै पहाडभित्र पनि कही कतै नठोकिइकन भित्र बाहिर गर्दछ । पृथ्वीमा पनि पानीमा झै डुबुल्की लगाउँदछ, पानीमा पनि जमिनमा झै हिड्दछ, आकाशमा पनि पलेटी कसेर उड्दछ मानौ कुनै चरा उडिरहेछ महातेजस्बी सूर्य र चन्द्रमालाई पनि हातले छुन्छ, मालिस गर्दछ ब्रह्मलोकसम्मलाई आफ्नो शरीरको पहुँचमा राखिरहन्छ । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो, पहिले बताएकोभन्दा उच्चतम ।"

४. **दिव्य श्रोत्** : "उ यसरी एकाग्र, शुद्ध, निर्मल, निष्पाप, क्लेशरहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भएपछि स्रोत धातु पाउनकोलागि आफ्नो चित्तलाई झुकाउँदछ र भिक्षु आफ्नो अलौकिक दिव्य, श्रोत (कान)बाट दुबै प्रकारको शब्द सुन्दछ, देवताको पनि र मनुष्यको पनि, टाढाको पनि र नजिकको पनि । "जसरी महाराज ! कोही मानिस बाटोमा हिंडिरहेको होस् र उसले भेरीको, मृदङ्गको र शंखको, आवाज सुनोस । उसको मनमा यस्तो होस्, यो भेरीको आवाज हो, यो मृदङ्गको हो र यो शंखको आवाज हो । त्यसरी नै भिक्षु एकाग्र, शुद्ध, निर्मल, निष्पाप, क्लेशरहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त आफ्नो अलौकिक दिव्य, श्रोत (कान)बाट दुबै प्रकारको शब्द सुन्दछ, देवताको पनि र मनुष्यको पनि, टाढाको पनि र नजिकको पनि । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो, पहिले बताएको भन्दा उच्चतम ।"



Downloaded from http://www.dhamma.digital

**५. परचित्त ज्ञान** : "ऊ यसरी एकाग्र, शुद्ध, निर्मल, निष्पाप, मैलारहित, मृदु, मनोरम, र निश्चल चित्तयुक्त भएपछि अरूहरूको चित्तको कुरा जान्नको लागि आफ्नो चित्तलाई झुकाउँदछ र त्यस भिक्षु अरू सत्वहरूको, अरू मानिसहरूको चित्तलाई आफ्नो चित्तद्वारा जान्दछ -- रागसहित चित्तलाई रागसहित भनेर जान्दछ, वैराग्य चित्तलाई वैराग्य भनेर जान्दछ, द्वेषसहित चित्तलाई द्वेषसहित र द्वेषरहित चित्तलाई द्वेषरहित, मोहसहित चित्त, मोहरहित चित्त, सकीर्ण चित्त, विक्षिप्त चित्त, उदार चित्त, अनुदार चित्त, सांसारिक चित्त, अलौकिक चित्त, एकाग्र चित्त, न-एकाग्र चित्त, विमुक्त चित्त, अ-मुक्त चित्त भनेर जान्दछ ।"

"जसरी महाराज ! कुनै स्त्री वा पुरूष्, ठिटा वा युवा आफूलाई राम्रोसंग सिंगारपटार गरी ऐना वा सफा निर्मल पानीको थालीमा आफ्नो अनुहार हेरेर आफ्नो अनुहार फोहर छ कि सफा छ जस्ताको तस्तै थाहा पाउँदछ, त्यस्तै महाराज ! भिक्षु यस प्रकार एकाग्र, शुद्ध चित्तको कारण अरू प्राणी, अरू मानिसहरूको चित्तलाई आफ्नो चित्तद्वारा जान्दछ -- रागसहित चित्तलाई रागसहित भनेर जान्दछ, वैराग्य चित्तलाई वैराग्य भनेर जान्दछ, अ-मुक्त चित्त भनेर जान्दछ । महाराज् ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो, पहिले बताएकोभन्दा उच्चतम ।"

**६. पूर्वजन्मको स्मरण** : "त्यस भिक्षु यस प्रकार एकाग्र, शुद्ध चित्तयुक्त भएबाट पूर्वजन्मको बारेमा स्मरण गर्नको लागि चित्तलाई लगाउँदछ र विभिन्न पूर्वजन्मको घट्नाहरूको स्मरण गर्दछ । जस्तै एक जन्म, दुइ जन्म, तीन, चार, पाँच, दस, सय, हजार, लाख, अनेक संवर्त कल्प, अनेक विंवर्त कल्प, अनेक संवर्त विंवर्त कल्पबारे



Downloaded from http://www.dhamma.digital

थाहा पाउँदछ कि म त्यस जन्ममा त्यहाँ थिएँ, मेरो फलाना नाम, फलाना गोत्र, रंग, रूप, यस्तो भोग विलास, यति वर्षको आयु थियो, मैले यस प्रकारको सुख र दुःखको भोग गरे । त्यहाँबाट मरेर त्यहाँ उत्पन्न भए । त्यहाँ मेरो फलाना नाम, गोत्र, त्यहाँबाट मरेर त्यहाँ उत्पन्न भए । यसप्रकार भिक्षु आकार प्रकारको साथ अनेक पूर्वजन्महरूको स्मरण गर्दछ ।"

"जसरी महाराज ! कोही मानिस आफ्नो गाउँबाट अर्को गाउँमा जान्छ त्यहाँबाट फेरि अर्कै गाउँमा जान्छ र आफ्नो गाउँ फर्केर आउँछ । उसको मनमा यस्तो होस म आफ्नो गाउँबाट फलानो गाउँ गए, त्यहाँ यसरी उभिए, यसरी बसे, यसरी गफ गरे, यसरी चूप रहें । त्यस गाउँबाट अर्को गाउँ गए त्यहाँ पनि यसरी उभिएं, यसरी बसें, यसरी गफ गरें, यसरी चूप रहें । त्यस गाउँबाट फेरि अर्को गाउँ गए । यसप्रकार महाराज ! त्यस भिक्षु एकाग्र, शुद्ध चित्तयुक्त भएर अनेक पुर्वजन्मको स्मरण गर्दछ जस्तै एक जन्म अनेक संवर्त विंवर्त कल्प[2] त्यहाँ मेरो फलाना नाम, गोत्र र त्यहाँबाट मरेर त्यहाँ उत्पन्न भए । यसप्रकार भिक्षु आकार प्रकारकोसाथ अनेक पूर्वजन्महरूको स्मरण गर्दछ । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो, पहिले बताएकोभन्दा उच्चतम ।"

**७. दिव्य चक्षु** : "त्यो भिक्षु यसप्रकार एकाग्र शुद्ध चित्तयुक्त भएर प्राणीहरूको जन्म मरणकोबारे जान्नको लागि आफ्नो चित्तलाई लगाउँदछ । ऊ शुद्ध र अलौकिक चक्षुबाट मर्दै उत्पन्न हुंदै, हीन अवस्थामा आएको, उच्च अवस्थामा आएको, राम्रो वर्ण भएको, खराब वर्ण भएको, राम्रो गति पाएको, नराम्रो गति पाएको, आ-आफ्नो कर्मको अनुसार गति पाएका प्राणीहरूबारे जान्दछ कि यो



Downloaded from http://www.dhamma.digital

प्राणी शरीरबाट दुराचरण, वचनबाट दुराचरण, र मनबाट दुराचरण गरेर, साधु सन्तहरूको निन्दा गर्दथ्यो, मिथ्या दृष्टि राख्दथ्यो, खराब धरणा राखेर काम गर्दथ्यो । उ अब मरेर नर्क अथवा दुर्गतिमा उत्पन्न भएकोछ र यो अर्को प्राणी शरीर, वचन, र मनबाट सदाचार गरेर, साधुजनको प्रशंसा गरेर, ठीक धारणा (सम्यक दृष्टि) राख्ने भएको सम्यक दृष्टि अनुरूप आचारण गर्दथ्यो अब मरेर सुगति प्राप्त भएको छ--यस तरहले शुद्ध अलौकिक दिव्य चक्षुबाट थाहा पाउँदछ ।"

"जसरी महाराज ! चौरास्ताको बीचमा कुनै घर छ । त्यहाँ कसैले मानिसको घरमा पस्दै गरेको पनि र निस्कँदै गरेको पनि र एउटा सडकबाट अर्को सडकमा डुलेको, चौरास्ताको बीचमा बसेको पनि देख्दछ । उसको मनमा यस्तो होस -यहाँ मानिस घरमा पस्दछ घरबाट बाहिर निस्किरहेछ, ऊ एउटा सडकबाट अर्को सडकमा घुमिरहेछ, चौरास्ताको बीचमा बसेको छ । यस प्रकार महाराज ! भिक्षु एकाग्र, शुद्ध चित्तयुक्त भएर दिव्य अलौकिक चक्षुबाट मर्दै उत्पन्न हुँदै गरेका आ-आफ्नो कर्मको अनुसार गति पाएको प्राणीहरूको बारे जान्दछ । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो, पहिले बताएकोभन्दा उत्तम ।"

८. **दुख क्षय ज्ञान** : "उ यस प्रकार एकाग्र शुद्ध चित्तयुक्त भएर आश्रवहरू (चित्तको मैला)को क्षय भएकोबारे जान्नको लागि चित्तलाई झुकाउँदछ । ऊ "यो दुःख हो" भनेर राम्ररी जान्दछ, यो दुःखको कारण हो, यो दुःखको नाश (निरोध) हो र यो दुःख नाश गर्ने, दुःखबाट बच्ने बाटो हो भनेर जान्दछ । यो आश्रव (चित्तको मैला) हो, यो चित्त मैला हुनुको कारण (आश्रव समुदय) हो, यो



Downloaded from http://www.dhamma.digital

चित्त मैलाहरूको (निरोध) नाश हुनु हो, र यो चित्तमलहरू नाश गर्ने बाटो हो । यसरी जानेर हेर्ने गर्दा कामाश्रवबाट उसको चित्त मुक्त हुन्छ, भव आश्रवबाट र अविधा आश्रवबाट पनि उसको चित्त मुक्त हुन्छ । यसरी कामाश्रव, भवाश्रव र अविद्या आश्रवबाट मुक्त भएँ, जन्म खतम भयो, ब्रह्मचर्यबास पूरा भयो, जे गर्नु थियो सबै गरिसकें, अब यहाँ गर्न बाँकी रहेन भनेर जान्दछ ।"

"जसरी महाराज् ! पहाडमाथि एउटा स्वच्छ पोखरी होस्, त्यहाँ कसैले किनारामा उभिएर खेल्दै गरेको माछा, शंख कीरा, भ्यागुता देख्दछ । उसको मनमा यस्तो होस् यो पोखरी स्वच्छ, शान्त र निर्मल छ । यसमा माछा, शंख कीरा खेल्दैछ, त्यसै गरी महाराज् ! भिक्षु यस प्रकार एकाग्र, शुद्ध चित्तयुक्त भएर आश्रवको क्षय गर्नको लागि चित्तलाई झुकाउँदछ । उ यो दुःख हो यो आश्रव हो जान्दछ । यसरी जानेर मनन गर्दा कामाश्रवबाट चित्त मुक्त हुन्छ, भव आश्रव र अविद्या आश्रवबाट पनि चित्त मुक्त हुन्छ । म मुक्त भए जन्म क्षीण भयो, अब यहाँ गर्न बाँकी रहेन भनेर जान्दछ । महाराज ! यो पनि श्रमणभावको प्रत्यक्षफल हो र यसभन्दा उत्तम श्रमणफल अर्को छैन ।"

भगवानले यसरी भनिसकेपछि मगधराजा अजातशत्रुले भगवानसंग भन्नुभयो "आश्चर्य भगवान ! अद्‌भुत भगवान ! जसरी उल्टोलाई सिधा पारिदिंदा, छोपेकोलाई उघारी दिंदा, जसरी बाटो भुलेकोलाई बाटो देखाइ दिंदा, जसरी अंध्यारोमा तेलको बत्ती बालीदिंदा, आँखा हुनेहरूले रूपलाई देख्छ त्यसरी नै भन्ते ! भगवानले अनेक प्रकारले धर्मलाई प्रकाशित गर्नुभयो । भन्ते म भगवानको शरणमा जान्छु, धर्मको शरणमा जान्छु, र संघको शरणमा जान्छु । मलाई आजदेखि जीवनप्रर्यन्त आफ्नो शरणमा आएको उपासक स्वीकार गर्नुहोस ।



Downloaded from http://www.dhamma.digital

भगवान ! मैले एउटा ठूलो अपराध गरेको छु । आफ्नो मूर्खता, अज्ञानता र पापको कारण राज्यको लागि मैल आफ्नो पिता, धार्मिक राजाको हत्या गरें । भगवान ! भविष्यमा फेरि यस्तो पापकर्मबाट बचेर रहनको लागि म अपराधीलाई भगवानबाट क्षमा प्राप्त होस ।"

"महाराज ! आफ्नो मूर्खता, अज्ञानता र पापको कारण तपाईंले आफ्नो धार्मिक धर्मराज पिताको हत्या गर्नुभयो, असाध्यै डरलाग्दो अपराध गर्नुभयो । तर महाराज ! तपाईले आफूले गरेको पाप स्वीकार गर्नु भयो र भविष्यमा सावधानीपूर्वक त्यस्तो पाप नदोहोऱ्याउने प्रतिज्ञा गर्नु भयो, त्यसैले म तपाईंलाई क्षमा गर्दछु । आर्यधर्ममा यसलाई उन्नति नै मानिन्छ यदि कोही आफ्नो पाप कर्मलाई बुझेर स्वीकार गरी भविष्यमा फेरि त्यस्तो पापलाई नदोहोऱ्याउने र धर्मानुसार आचारण गर्ने प्रतिज्ञा गर्दछ ।"

भगवानले यसरी भनिसकेपछि मगधराजा अजातशत्रुले भगवानसंग भन्नुभयो

Dhamma.Digital

"भगवान ! अब म जान्छु, मेरो धेरै काम गर्नु छ, आज्ञा दिनुहोस्" ।

"महाराज ! तपाईलाई जस्तो उचित लाग्छ गर्नुहोस" ।

त्यसपछि राजा अजातशत्रु भगवानले भन्नुभएको कुराहरूको अभिनन्दन अनुमोदन गरी आसनबाट उठी भगवानलाई वन्दना र प्रदक्षिणा गरी गए ।

राजा अजातशत्रु फर्केपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो, भिक्षुहरू ! यो राजाको संस्कार राम्रो रहेन, यो राजा अभागी हो । भिक्षुहरू ! यदि यो राजाले आफ्नो धर्मराज पिताको हत्या नगरेको हुन्थ्यो भने आज यसै आसनमा उसलाई विरज (मैलरहित) निर्मल



Downloaded from http://www.dhamma.digital

धर्मचक्षु (धर्मज्ञान) उत्पन्न हुन्थ्यो । भगवानले यसो भनिसकेपछि भिक्षुहरूले बडो प्रसन्न भएर भगवानको भाषणको अभिनन्दन गरे ।

(भनिन्छ बुद्धसंग क्षमा मागिसकेपछि राजा अजातशत्रुलाई शान्ति मिल्यो र उनी निदाउन पनि सके । त्यसपछि बुद्धको शिक्षा फैलाउन र उहाँको अस्थिधातु सुरक्षित राख्न उनले ठूलो धनराशि खर्च गरे । तर पितृहत्याको दण्डबाट बुद्धले पनि उनलाई बचाउन सक्नुभएन र अहिले उनी अविचि नाम गरेको महानर्कमा पितृहत्याको फल भोगिरहेको विश्वास गरिन्छ । बुद्ध र उहाँको शिक्षाप्रतिको असीम श्रद्धाको कारण बुद्धले उनी कालन्तरमा प्रत्येक बुद्ध भएर उत्पन्न हुने भविष्यवाणी गर्नुभएको छ ।

*राजा बिम्बिसारसंग भगवान बुद्ध भन्नुहुन्छ "महाराज ! मृत्युपश्चात सम्पत्ति सबै घरमै छाडिन्छ, छोराछोरी, ईष्टमित्र, आफन्तहरू श्मशानघाटसम्म आएर विदाइ गर्छन्, परन्तु आफुले गरेका राम्रा नराम्रा कर्महरू चाँही छायाँझै आफैसंग पछिपछि आउँछ" ।*



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

राजा बिम्बिसारसंग भगवान बुद्ध भन्नुहुन्छ : महाराज ! मृत्युपश्चात सम्पत्ति सबै घरमै छाडिन्छ, छोराछोरी, ईष्टमित्र, आफन्तहरु श्मशानघाटसम्म आएर विदाइ गर्छन्, परन्तु आफुले गरेका राम्रा नराम्रा कर्महरु चाँही छायाँझै आफैसंग पछिपछि आउँछ ।




जगत्मा त्यस्तो ठाउँ कहीँ छैन, न त अन्तरिक्षमा,
न त समुद्रको बीचमा, न त कुनै पर्वत या गुफामा
जहाँ रहेर आफूले गरेका पापकर्मको दण्डबाट बच्न सकियोस् ।

Downloaded from http://www.dhamma.digital